विद्यालय शिक्षाका लागि

# स्थानीय पाठ्यक्रम प्रारूप

२०७१

नेपाल सरकार

**शिक्षा मन्त्रालय**

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

प्रकाशक

नेपाल सरकार

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

(राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०७१/०३/३० को बैठकबाट स्वीकृत।

© पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रथम संस्करण : २०७१

यस सामग्री सम्बन्धी रचनात्मक सुझाव वा टिप्पणी भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन वा अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान शाखामा पठाइदिनुहुन अनुरोध छ ।

# प्राक्कथन

नेपाल सरकारले वि. सं. २०६३ सालमा विद्यालय शिक्षा पद्धतिको मूल दस्तावेजका रूपमा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरेको थियो । उक्त प्रारूपले समग्र शिक्षाको प्रवर्धन गर्ने सम्बन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । पाठ्यक्रमका विभिन्न आयाममध्ये विकेन्द्रीकृत पाठ्यक्रम विकास गर्नु पनि एक मुख्य आयाम हो । पाठ्यक्रममा स्थानीय स्तरको स्वामित्वसहित पाठ्यक्रमलाई सान्दर्भिक बनाउने सन्दर्भमा स्थानीय पाठ्यक्रम प्रारूपले सघाउ पुऱ्याउने तथ्यलाई हृदयङ्गम गरी स्थानीय पाठ्यक्रम प्रारूप, २०७१ तयार गरिएको छ । यस प्रारूपमा स्थानीय पाठ्यक्रमको सन्दर्भ, सैद्धान्तिक अवधारणा, महत्त्व, मुद्दा, औचित्य, विद्यमान प्रावधान, अन्य पाठ्यक्रमसँगको अन्तरसम्बन्ध, ढाँचा र स्वरूप, सम्भावित विषय क्षेत्र, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन सम्बन्धी नीतिगत व्यवस्था र विभिन्न निकायको भूमिकाका बारेमा प्रस्ट धारणा समावेश गरिएको छ ।

विद्यालय तहको विद्यमान पाठ्यक्रममा स्थानीय आवश्यकतालाई सम्बोधन गरी पठन पाठन गर्न प्राथमिक तह (कक्षा १-५) र आधारभूत तह (कक्षा ६-८) का केही विषयमा स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्न सकिने व्यवस्था विद्यालय तहको पाठ्यक्रमले गरेको छ । स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने र पाठ्यक्रम निर्माणमा स्थानीय तहको विज्ञता र संलग्नता प्रयोग गरी/गराई जवाफदेही र उत्तरदायित्व बढाउन यो प्रारूप उपयोगी हुने छ भन्ने अपेक्षा गरिएको छ । यस प्रारूपले विश्वव्यापी ज्ञानलाई स्थानीय तहमा उपयोग गर्ने र स्थानीय ज्ञान, सीप, अभिवृत्ति र प्रविधिलाई उजागर गर्ने कार्यमा प्रस्ट दिशा निर्देश गर्न सक्छ भन्ने ठानिएको छ ।

यो प्रारूप तयार गर्ने सन्दर्भमा नीति निर्माता, शिक्षक, स्रोत व्यक्ति, शिक्षकका पेसागत सङ्घ संस्थाका प्रतिनिधिलगायत विभिन्न निकायबाट राय सुझाव सङ्कलन गरिएको थियो । संलग्न सबै पक्षलाई हार्दिक धन्यवाद । यो प्रारूप तयार गरी प्रकाशन गर्न सहयोग गर्ने नेपाल प्रकृति पाठशाला कार्यक्रम- वन्य जन्तु संरक्षण सङ्घ नेपाल (डब्लु.सी.एन.)/डेनिस फरेस्ट्री एक्स्टेन्सन (डी.एफ.ई.) लगायत सबैलाई हार्दिक धन्यवाद दिँदै यसलाई अझै परिस्कार गर्न प्राप्त हुने सुझावको स्वागत गरिने छ ।

पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# सङ्क्षेपीकरण

| | |
|---|---|
| क्षेपासस | क्षेत्रीय पाठ्यक्रम समन्वय समिति |
| क्षेशिनि | क्षेत्रीय शिक्षा निर्देशनालय |
| गाविस | गाउँ शिक्षा समिति |
| जिपासस | जिल्ला पाठ्यक्रम समन्वय समिति |
| जिविस | जिल्ला विकास समिति |
| जिशिका | जिल्ला शिक्षा कार्यालय |
| प्रअ | प्रधान अध्यापक |
| नपा | नगर पालिका |
| पाविके | पाठ्यक्रम विकास केन्द्र |
| रापाप्रा | राष्ट्रिय पाठ्यक्रम प्रारूप |
| लारानि | लाङटाङ राष्ट्रिय निकुञ्ज |
| साअ | सामुदायिक अध्ययन |

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| **भाग १ : स्थानीय पाठ्यक्रमको सन्दर्भ र अवधारणा** | | **१-६** |
| १.१ | सन्दर्भ | १ |
| १.२ | पाठ्यक्रमको परिभाषा | ३ |
| १.३ | स्थानीय पाठ्यक्रमको अवधारणा | ४ |
| **भाग २ : स्थानीय पाठ्यक्रमको औचित्य तथा महत्त्व** | | **७-९** |
| २.१ | औचित्य तथा महत्त्व | ७ |
| २.२ | स्थानीय पाठ्यक्रमका मुद्दा र चुनौती | ८ |
| | २.२.१ मुद्दा | ९ |
| | २.२.२ चुनौती | ९ |
| **भाग ३ : स्थानीय पाठ्यक्रमका सन्दर्भमा भएका व्यवस्था** | | **१०-१३** |
| ३.१ | नेपालको अन्तरिम संविधान, २०६३ | १० |
| ३.२ | तेरौं त्रिवर्षीय योजना, (२०७०/०७१-२०७२/०७३) | १० |
| ३.३ | राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ | १० |
| ३.४ | राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ | ११ |
| ३.५ | विद्यालय क्षेत्र सुधार कार्यक्रम | ११ |
| ३.६. | प्राथमिक पाठ्यक्रम, २०६२ र २०६५ | १२ |
| ३.७. | आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ | १२ |
| **भाग ४: राष्ट्रिय र स्थानीय पाठ्यक्रमविचको अन्तरसम्बन्ध** | | **१४-१६** |
| ४.१ | शिक्षाको राष्ट्रिय उद्देश्यसँग स्थानीय पाठ्यक्रमको सम्वन्ध | १४ |
| ४.२ | राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमविच समानता तथा भिन्नता | १५ |
| **भाग-५ : स्थानीय पाठ्यक्रमको ढाँचा** | | **१७-२०** |
| ५.१ | उद्देश्य/सक्षमता | १७ |
| ५.२ | कक्षागत सिकाइ उपलब्धि | १७ |
| ५.३ | विषय वस्तु | १७ |
| ५.४ | सिकाइ सहजीकरण प्रक्रिया | १८ |

| | | |
|---|---|---|
| ५.५ | विद्यार्थी मूल्याङ्कन | १९ |
| ५.६ | समय निर्धारण (पाठ्य भार) | २० |
| ५.७ | पाठ्यक्रमको विस्तृतीकरण | २० |
| **भाग-६ : सम्भावित विषय क्षेत्र** | | **२१-२३** |
| ६. | स्थानीय पाठ्यक्रमका सम्भावित विषय क्षेत्र | २१ |
| ६.१ | विषयका रूपमा स्थानीय विषय (१०० पूर्णाङ्क) अन्तर्गत सम्भावित विषय क्षेत्र | २१ |
| ६.२ | शारीरिक शिक्षाअन्तर्गतका सम्भावित विषय क्षेत्र | २३ |
| ६.३ | सामाजिक शिक्षाअन्तर्गतका सम्भावित विषय क्षेत्र | २३ |
| ६.४ | सिर्जनात्मक कला विषयअन्तर्गतका सम्भावित विषय क्षेत्र | २३ |
| **भाग ७ : स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रिया** | | **२४-२७** |
| ७.१ | स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया | २४ |
| ७.२ | स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया | २४ |
| ७.३ | सिकाइ सहजीकरण प्रक्रिया | २५ |
| ७.४ | स्रोत साधनको व्यवस्थापन र परिचालन | २६ |
| ७.५ | क्षमता विकास | २६ |
| ७.६ | मूल्याङ्कन प्रणाली | २७ |
| **भाग - ८: स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनसम्बन्धी नीतिगत व्यवस्था** | | **२८-२९** |
| **भाग - ९: विभिन्न निकायको भूमिका** | | **३०-३७** |
| ९.१ | विद्यालय तह | ३० |
| ९.२ | गाउँ विकास समिति/नगरपालिका तह | ३२ |
| ९.३ | जिल्ला तह | ३३ |
| ९.४ | क्षेत्रीय शिक्षा निर्देशनालय | ३५ |
| ९.५ | केन्द्रीय तह | ३५ |
| ९.६ | समन्वय र साझेदारी | ३६ |
| ९.७ | स्थानीय पाठ्यक्रम प्रारूपको कार्यान्वयन | ३६ |
| ९.८ | स्थानीय पाठ्यक्रम प्रारूपको परिमार्जन र सुधार | ३६ |
| **सन्दर्भ सामग्री** | | **३७-३७** |
| **अनुसूचीहरू** | | **३९-११२** |

भाग-१

# स्थानीय पाठ्यक्रमको सन्दर्भ र अवधारणा

सिकाइ उपलब्धि हासिल गर्न कक्षा कोठाभित्र र बाहिर गरिने सम्पूर्ण क्रियाकलापलाई व्यवस्थित गर्न तयार गरिएको विस्तृत योजना पाठ्यक्रम हो । पाठ्यक्रम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भ एवम् आवश्यकता, स्थानीय परिवेश र व्यक्तिको आवश्यकतालाई दृष्टिगत गरी निर्माण गरिन्छ । पाठ्यक्रमलाई ऐतिहासिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक र वातावरणसम्वद्ध विविध पक्षले समेत प्रभाव पारेको हुन्छ । पाठ्यक्रममा सिकाइअनुसारका विषय क्षेत्र तथा त्यसभित्रका विषय वस्तुको छनोट गर्दा अन्तर्राष्ट्रिय रूपमा व्यापकता पाएका, राष्ट्रिय आवश्यकतालाई सम्वोधन गर्न सक्ने र स्थानीय आवश्यकताअनुरूपका विषय क्षेत्रलाई मुख्य विषयका रूपमा प्रस्तुत गरिएको हुन्छ । देशभित्र पनि फरक फरक स्थान, समुदाय र वर्ग विशेषको भिन्न भिन्न आवश्यकतालाई सम्बोधन गर्ने गरी स्थानीय विषयका रूपमा राष्ट्रिय पाठ्यक्रम ढाँचाभित्र निश्चित स्थान दिइएको हुन्छ ।

## १.१ सन्दर्भ

नेपाल भौगोलिक, सामाजिक, आर्थिक, जैविक, सांस्कृतिक र धार्मिक रूपले विविधतायुक्त देश हो । त्यसैले केन्द्रीय तहबाट निर्माण गरिने पाठ्यक्रमले स्थानीय आवश्यकतालाई पूर्ण रूपमा सम्वोधन गर्न सक्दैन । देश विकासका विभिन्न पक्षमा सबै नागरिकको समान स्वामित्व र सहभागिता आवश्यक हुन्छ । शिक्षा क्षेत्रको सन्तुलित र समुचित विकासका लागि स्थानीय रुचि, माग, विज्ञता र आवश्यकतालाई सम्वोधन गर्न स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणाअनुरूप लक्षित आवश्यकता सम्बोधन गर्नका लागि स्थानीय सरोकारवाला, स्रोत साधन र विज्ञतालाई उपयोग गर्दै स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्न सकिन्छ । साथै पाठ्यक्रममा निर्दिष्ट सिकाइ सहजीकरण प्रक्रियामा समेत अपेक्षित सुधार गर्न सकिन्छ । पाठ्यक्रम सुधार पद्धतिले स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्षमा जोड दिएको पाइन्छ । नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूपले समसामयिक शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्ने सिलसिलामा स्थानीय आवश्यकतामा आधारित शिक्षालाई समेत विशेष जोड दिएको छ । यिनै तथ्यलाई आत्मसात गरी यसको प्रभावकारी कार्यान्वयन गर्न प्रधानाध्यापक, शिक्षाविद्, विद्यालय निरीक्षक, स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ जस्ता निकाय र

पदाधिकारीलाई स्थानीय पाठ्यक्रमका सम्बन्धमा अवधारणात्मक प्रस्टता रहन जरुरी देखिन्छ । स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रिया र त्यसको प्रभावकारी कार्यान्वयन गर्न सरोकारवालाहरूलाई मार्ग दर्शन र सहयोग पुऱ्याउने अपेक्षासाथ यो प्रारूप तयार गरिएको छ ।

नेपालमा स्थानीय पाठ्यक्रमको ऐतिहासिक पृष्ठभूमि अध्ययन गर्दा अनौपचारिक रूपमा परम्परादेखि चलन चल्तीमा रहेको पारिवारिक शिक्षासम्म पुग्न सकिन्छ । यसमा परिवारका जेष्ठ सदस्यले अन्य सदस्यलाई पेसागत ज्ञान र सिप दिने तथा पारिवारिक मूल्य मान्यता र चालचलन सिकाउने अभ्यासले प्राथमिकता पाएको थियो । गुरुकुल, गुम्बा, मद्रसा, मुन्धुम आदि जस्ता धार्मिक शिक्षामा गुरुले चेलालाई सिकाउने विषय वस्तु र सिकाइ सहजीकरण प्रक्रियालाई स्थानीय पाठ्यक्रमका रूपमा लिन सकिन्छ । वि.सं. १९१० देखि नेपालमा औपचारिक शिक्षा सुरु भएसँगै राष्ट्रिय पाठ्यक्रमको अवधारणा विकास भएको देखिन्छ । त्यसपछि नेपालमा स्थानीय शैक्षिक सामग्री, स्रोत साधन र विविध प्रकारका शिक्षा प्रणालीका आधारमा भिन्न भिन्न विषय वस्तु तथा सिकाइ सहजीकरण प्रक्रिया प्रचलनमा रहेको देखिन्छ । यसलाई पाठ्यक्रमको स्थानीयकरणका रूपमा लिन सकिन्छ ।

वि. सं. २०२८ मा देशभरिको शिक्षा प्रणालीमा एकरूपता कायम गर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भएपछि देशभरि केन्द्रीय स्तरबाट विकास गरिएको पाठ्यक्रम लागु गरियो । यस योजनाले विभिन्न ऐच्छिक विषय राख्न पाउने प्रावधान र सिकाइ सहजीकरण प्रक्रियाका क्रममा स्थानीय विषय वस्तुको उदाहरण दिन सकिने व्यवस्था गरेकाले स्थानीय पाठ्यक्रमको मूल मर्मलाई समेत सम्बोधन गर्न खोजेको देखिन्छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले औपचारिक रूपमा इच्छाधीन विषयअन्तर्गत स्थानीय भाषा, संस्कृत भाषा, अङ्ग्रेजी भाषा वा स्थानीय आवश्यकताका विषयहरूमध्येबाट ३ पाठ्य भार र १०० पूर्णाङ्कको कुनै एक विषय विद्यालयले छनोट गरी अध्ययन अध्यापन गर्न पाउने व्यवस्था गरेको थियो । पाठ्यक्रम विकास केन्द्रले नै विकास गरेका विभिन्न मातृभाषाका नमुना पाठ्यक्रम तथा पाठ्य पुस्तक विद्यालयले अध्ययन अध्यापनमा ल्याएका थिए । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ मा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ को व्यवस्थालाई केही परिमार्जन गरी स्थानीय पाठ्यक्रमलाई समेत विशेष महत्त्व दिँदै यसलाई सघन रूपमा कार्यान्वयनमा लैजाने व्यवस्था गरियो । यस पाठ्यक्रममा पहिलेको व्यवस्थालाई निरन्तरता दिँदै पाठ्य भार वृद्धि गरी साप्ताहिक पाठ्य भार ४ बनाइयो भने सामाजिक शिक्षा, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयमा २०/२० प्रतिशत भार स्थानीय अंश समावेश गर्ने व्यवस्था गरियो । स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६० समेत विकास गरियो । साथै स्थानीय पाठ्यक्रमलाई माथिल्लो तहसम्म विस्तार गर्न उपयुक्त हुन्छ वा हुँदैन भन्ने निर्क्योल गर्न क्षेत्रीय प्रतिनिधित्व हुने गरी विभिन्न जिल्लामा अध्ययन गरियो । उक्त अध्ययन र विभिन्न क्षेत्रबाट प्राप्त सुझावका आधारमा आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्य भार र १०० पूर्णाङ्कको मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय समावेश गरियो । आधारभूत तहमा स्थानीय विषयलाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन स्रोत सामग्री विकास भयो ।

राष्ट्रिय पाठ्यक्रम संरचनामा स्थानीय पाठ्यक्रमको व्यवस्था भएपछि यसको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रम विकास केन्द्रले विभिन्न कार्यक्रममार्फत प्राविधिक तथा अन्य सहयोग समेत प्रदान गर्दै आएको छ । सम्बन्धित भाषिक समुदायको सहभागितामा वि. सं. २०७० सम्ममा विभिन्न २२ ओटा मातृभाषाका नमुना पाठ्य सामग्री विकास भएका छन् । वि. सं. २०६१ देखि वि. सं. २०६६ सम्म कक्षा १-५ को पाठ्यक्रम परीक्षण गर्ने क्रममा १० जिल्लाका ५० विद्यालयमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गरिएको थियो । वि.सं. २०६७ मा पाँच विकास क्षेत्रका एक एक जिल्लाका एक एक विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावकलाई स्थानीय पाठ्यक्रम विकास गर्न प्राविधिक सहयोग गरिएको थियो । यसका लागि पूर्वाञ्चलको सुनसरी, मध्यमाञ्चलको काभ्रेपलान्चोक, पश्चिमाञ्चलको मुस्ताङ, मध्य पश्चिमाञ्चलको बर्दिया र सुदूर पश्चिमाञ्चलको बैतडी जिल्ला छनोट भएका थिए ।

अन्तर्राष्ट्रिय सन्दर्भलाई हेर्दा इन्डोनेसियामा मूल पाठ्यक्रमको २० प्रतिशत भार स्थानीय विषयलाई छुट्याइएको पाइन्छ । जापानमा प्रत्येक विद्यालयले छुट्टै शैक्षिक योजना निर्माण गर्न पाउने व्यवस्था छ । त्यहाँ राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेका मापदण्ड पुरा गर्न विद्यालयले स्थानीय समुदायलाई पाठ्यक्रम कार्यान्वयनमा संलग्न गराउँछ । लाओसमा पनि २० प्रतिशत पाठ्य भार स्थानीय पाठ्यक्रमलाई छुट्याई कृषि, वृक्षरोपण, वन विज्ञान, हस्तकला जस्ता विषय स्थानीय विषयका रूपमा पठन पाठन गरेको देखिन्छ । मङ्गोलियामा केन्द्रबाट निर्धारित र विद्यालयमा आधारित गरेर विद्यालय पाठ्यक्रमलाई दुई भागमा वर्गीकरण गरिएको छ । त्यहाँ केन्द्रबाट निर्धारित ५५ प्रतिशत, केन्द्रबाट दिइएका विषयमध्येबाट छनोट गर्नुपर्ने २० प्रतिशत र विद्यालयमा आधारित २५ प्रतिशत पाठ्य भार बराबरको पाठ्यक्रम रहने व्यवस्था रहेको छ । फिलिपिन्समा स्थानीय समुदायमा सान्दर्भिक विषय स्थानीय स्तरमा नै छनोट गर्न सक्ने व्यवस्था छ । दक्षिण कोरियामा केन्द्र, प्रान्त र महानगरपालिकाले पाठ्यक्रमको ढाँचा तथा संरचना दिने र त्यसका आधारमा विद्यालयले आफ्नो अनुकूलताअनुसारका विषय छनोट गर्न पाउने अधिकार प्रदान गरिएको छ । भियतनाममा १५ प्रतिशत स्थानीय इतिहास, भूगोल, परम्परागत उत्पादन, संस्कृति जस्ता विषय वस्तु छनोट गरी विद्यालयले अध्ययन अध्यापन गर्न पाउने प्रावधान रहेको छ ।

## १.२ पाठ्यक्रमको परिभाषा

पाठ्यक्रमको सर्वस्वीकार्य परिभाषा हुन सक्दैन । व्यक्तिगत दृष्टिकोण, राज्यको शैक्षिक धारणा, समयको माग र सिकारूको आवश्यकताले पाठ्यक्रमको परिभाषालाई सान्दर्भिक बनाउँछ ।

पाठ्यक्रमले मानव जातिका क्रियाकलापको एकीकरण मात्र गर्ने होइन, विद्यार्थी जीवनका दिनानुदिन गरिने कार्यलाई अधिकतम मूल्य दिने र सांस्कृतिक सहभागिताका लागि तयार समेत गर्नुपर्दछ । पाठ्यक्रमले जीवन र विषय वस्तुका बिचमा घनिष्ट सम्बन्ध राख्नुपर्दछ । मानिस सामाजिक प्राणी हो, ऊ समाज बाहिर रहन सक्दैन । अतः पाठ्यक्रम निर्माण गर्दा व्यक्ति र समाजलाई आधार बनाइनुपर्दछ ।

समग्रता हेर्ने हो भने पाठ्यक्रम सिकारुका सिकाइ क्षमतालाई व्यवस्थित ढङ्गले उजागर गर्न बनाइएको विषय वस्तु, सहजीकरण प्रक्रिया र सक्षमता आकलनसहितको सिकाइ योजना हो । समाज र जीवन

सान्दर्भिक ज्ञान, सिप र प्रविधिलाई सिकाइ अनुभवका रूपमा स्थानान्तरण गर्न गरिने व्यवस्थित सिकाइ योजना हो ।

## १.३ स्थानीय पाठ्यक्रमको अवधारणा

शैक्षिक विकेन्द्रीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने विभिन्न साधनमध्ये पाठ्यक्रमको स्थानीयकरण पनि एक हो । स्थानीय पाठ्यक्रमलाई शैक्षिक विकेन्द्रीकरणको एउटा पक्ष रूपमा लिन सकिन्छ । पाठ्यक्रम कार्यान्वयन गर्ने निकाय तथा व्यक्तिको संलग्नता र सहभागितामा पाठ्यक्रम विकास गरिनुपर्छ भन्ने सैद्धान्तिक मान्यता रहेको छ। पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा तल्लो निकाय विद्यालय र जिम्मेवार व्यक्ति शिक्षक हुने भएकाले शिक्षकले सिकारुको सहभागितामा विद्यालयमा नै पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने सोचबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो। यस प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, विभिन्न सामाजिक सङ्घ संस्थामा संलग्न व्यक्ति सबैको भूमिका महत्त्वपूर्ण हुन्छ ।

केन्द्रीय स्तरबाट विकसित पाठ्यक्रमबाट मात्र विविधतायुक्त समाजका सबै आवश्यकता पुरा नहुने हुँदा विविध क्षेत्रको आवश्यकता पुरा गर्ने स्थानीय पाठ्यक्रम आवश्यक भएको हो । विकेन्द्रीकरणको सिद्धान्तअनुसार सबै क्षेत्रको विकास गर्न स्थानीय स्तरमा क्षमता विकास गर्ने पक्षलाई समेत जोड दिइन्छ । स्थानीय पाठ्यक्रमको प्रावधानले स्थानीय स्तरमा नै पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने क्षमता विकास गर्न सहयोग पुऱ्याउँछ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ ले उल्लेख गरेका पाठ्यक्रम निर्माणका केही सैद्धान्तिक आधार निम्नअनुसार रहेका छन् :

- पाठ्यक्रमले बाल बालिकाको शारीरिक, बौद्धिक, आध्यात्मिक र सांस्कृतिक पक्षको विकास गर्दै उनीहरूलाई जिम्मेवारी बोध गर्ने अवसर हासिल हुने अवस्था सिर्जना गर्ने ज्ञान र विषय वस्तु नदिई विद्यमान चुनौती सामना गर्ने अवसर दिने
- विश्व बजारमा प्रतिस्पर्धी, सञ्चार तथा सूचना प्रविधिको ज्ञान भएका, समूहमा काम गर्न सक्ने, हरेक विविधतामा समान दृष्टिकोण राख्ने र समालोचना तथा सिर्जनात्मक अभिव्यक्तिको सिप भएका जनशक्ति तयार गर्नेतर्फ पाठ्यक्रम केन्द्रित गर्ने
- विद्यार्थीका विविध आवश्यकता र चाहनालाई पुरा गर्न स्थानीयतालाई स्थान दिई सान्दर्भिक बनाउन स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रमको विकास गर्ने
- विद्यालयले राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यन्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा सहयोग गरी स्थानीय संस्थाको क्षमता विकास गर्ने

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ अनुसार "स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसारका विषय वस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम

हो।" स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४ ले स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, विषय क्षेत्र, विषय वस्तु, शैक्षणिक व्यवस्था, सामग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणाका रूपमा स्विकारेको छ।

स्थानीय पाठ्यक्रम स्रोत सामग्री, २०६७ अनुसार स्थानीयतालाई जोड दिँदै स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषय वस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो। स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमका रूपमा लिन सकिन्छ।

स्थानीय सरोकारवालाले आवश्यक ठानेका विषय वस्तुलाई समेटी उनीहरूकै स्रोत, विज्ञता र सक्रिय सहभागितामा तयार गरिएको पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो। यसले समुदायको आवश्यकताका साथै सिकारुको रुचि, उमेर, स्तर र स्रोत साधनलाई विशेष ध्यान दिन्छ, सिकारुलाई सिक्नमा उत्प्रेरित गर्छ र सिकाइलाई स्थायी तथा व्यावहारिक बनाउँछ। यसले शिक्षक र विद्यार्थी बिच सामीप्य ल्याई समाज र राष्ट्रप्रति उत्तरदायी र जबाफदेही हुन सिकाउनुका साथै परम्परा, मूल्य र मान्यतालाई जगेर्ना गर्छ। स्थानीय पाठ्यक्रमले नयाँ सिप र प्रविधिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म जोड्न सहयोग गर्छ। यसले वातावरण तथा ग्रामीण जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउनेतर्फ जोड दिँदै सामाजिक आवश्यकता, सामाजिक मुद्दा, सामयिक विचार र भविष्यपरक दृष्टिकोणप्रति सचेतता विकास गर्छ।

स्थानीय पाठ्यक्रममा न्यूनतम निम्न लिखित आधारभूत पक्ष हुनुपर्छ :

**(क) स्थानीय आवश्यकता**

स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता समेट्नुपर्दछ। स्थान विशेषका आवश्यकता फरक फरक हुन सक्छन्। यी आवश्यकताको पहिचान गर्ने कार्य स्थानीय सरोकारवालाको हो। स्थानीय समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक समुन्नतिका लागि अवसरको खोजीले आवश्यकता पहिचान गर्ने आधार प्रदान गर्छ। त्यसरी पहिचान गरिएका आवश्यकतालाई स्थानीय पाठ्यक्रमले सम्बोधन गर्नुपर्छ।

**(ख) स्थानीय विषय वस्तु**

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष स्थानीय विषय वस्तु हो। स्थानीय पाठ्यक्रममा समुदायमा आधारित स्थानीय ज्ञान, सिप र प्रविधि समेटिनुपर्छ। यसमा स्थानीय समुदायसँग सम्बन्धित पेसा, व्यवसाय, संस्कृति, इतिहास, भूगोल, शिक्षा, वातावरण जस्ता विषय वस्तु राख्न सकिन्छ ।

**(ग) स्थानीय सहभागिता र विज्ञता**

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष स्थानीय सहभागिता र विज्ञता हो । स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन प्रक्रियामा स्थानीय समुदायमा रहेका व्यक्तिको सहभागिता अनिवार्य हुन्छ र यसमा

उनीहरूकै विज्ञताको प्रयोग गरिन्छ । पाठ्यक्रम विकासमा सुझाव दिने कार्यमा तथा पाठ्यक्रम लेखनमा विशेषज्ञका रूपमा, विभिन्न स्रोत, साधन र सूचना उपलब्ध गराउने सूचना सम्प्रेषकका रूपमा विज्ञताको उपयोग गर्न सकिन्छ । यसै गरी पाठ्यक्रम कार्यान्वयन गराउने क्रममा कक्षा कोठाभित्र तथा बाहिर विद्यार्थीलाई विभिन्न क्रियाकलाप गराउन शिक्षकका रूपमा, स्रोत व्यक्तिका रूपमा, विद्यालय तथा शिक्षकलाई सल्लाह प्रदान गर्ने सल्लाहकारका रूपमा, विभिन्न सहयोग प्रदान गर्ने सहयोगीका रूपमा पनि सहभागिता बढाउन सकिन्छ ।

स्थानीय पाठ्यक्रम विकास, निर्माण तथा कार्यान्वयनमा राष्ट्रिय पाठ्यक्रमले निर्देश गर्छ । स्थानीय पाठ्यक्रम निर्माणका समयमा देखिएका आवश्यकता एवम् मागलाई राष्ट्रिय पाठ्यक्रम विकासको आधार बनाउन सकिन्छ । यसबाट राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमलाई एक अर्काका परिपूरकका रूपमा बुझ्न सकिन्छ ।

पाठ्यक्रमको स्थानीयकरणले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषय वस्तुलाई समेट्न सहयोग गर्छ । यसले पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यताअनुरूप बनाउँछ । त्यस्तै यसले सरोकारावालाको सक्रिय सहभागिताको अपेक्षा गर्दछ र निर्णय प्रक्रियामा सबै पक्षको अर्थपूर्ण सहभागिता गराउँछ ।

स्थानीय पाठ्यक्रमले स्थानीय ज्ञान, बुद्धि, सिप र प्रविधिलाई उजागर गर्दछ । स्थानीय मूल्य, मान्यताको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याउँदै तिनको हस्तान्तरणमा योगदान पुऱ्याउँछ । पाठ्यक्रमको स्थानीयकरणले शिक्षकको क्षमता र दक्षता अभिवृद्धि गराउने, विद्यालयसँग पाठ्यक्रम निर्माण गर्ने संस्थागत क्षमता विकास हुने, समुदाय र विद्यालयको सम्वन्ध सुधार हुने र अभिभावकले समेत पाठ्यक्रम निर्माण र कार्यान्वयनमा चासो राख्ने तथा पाठ्यक्रम निर्माण, कार्यान्वयनदेखि अनुगमन मूल्याङ्कनसम्मका कार्यमा स्थानीय सरोकारवालाको सक्रिय सहभागिता अभिवृद्धि हुन्छ । यी सबै प्रक्रियाको नतिजास्वरूप विद्यार्थीमा व्यावहारिक परिवर्तन भई सिकाइ उपलब्धिमा बढोत्तरी हुने अपेक्षा गर्न सकिन्छ ।

भाग-२

# स्थानीय पाठ्यक्रमको औचित्य तथा महत्त्व

## २.१ औचित्य तथा महत्त्व

पाठ्यक्रम विकासमा स्थानीय तहको संलग्नता अपेक्षित मात्रामा हुन सकेको छैन । शैक्षिक गुणस्तर विकासमा स्थानीय सरोकारवालाको उत्तरदायित्व र जिम्मेवारी बोध पर्याप्त मात्रामा भएको छैन । स्थानीय ज्ञान, सिप र प्रविधिको समान पहुँच र गुणस्तर विकासमा स्थानीय सरोकारवालाको सहभागिता, विज्ञता र स्रोत साधन जरुरी हुन्छ । स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकासका क्रममा विविधतालाई सम्मान गर्दै स्थानीय तहका सरोकारवालाको अधिकाधिक सहभागिता हुने वातावरण तयार गर्ने र त्यसबाट प्राप्त प्रतिफलमा उनीहरूकै जिम्मेवारी रहने व्यवस्था गरी विकेन्द्रीकरणको सैद्धान्तिक पक्षलाई जोड दिनुपर्ने देखिन्छ ।

विकेन्द्रीकरणका माध्यमबाट जनतालाई नीति निर्माणमा अधिकाधिक सहभागी गराउने, उक्त नीति नियमको कार्यान्वयन गराउने र त्यसको प्रतिफलसमेत जनताले नै उपभोग गर्न पाउने व्यवस्था स्थापित गर्न आवश्यक छ । स्थानीय तहमा प्रचलित धर्म, संस्कृति, परम्परा, मूल्य, मान्यता र स्रोत सामग्रीको संरक्षण, संवर्धन, परिचालन एवम् विकासका लागि मार्ग निर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्दै शिक्षालाई स्थानीय परिवेशअनुरूप व्यवहारसँग जोड्ने मार्ग चित्र तयार गर्नु स्थानीय पाठ्यक्रम निर्माणको औचित्य रहेको छ ।

स्थानीय पाठ्यक्रमले समावेशीकरण समेतका मुद्दाहरूलाई प्राथमिकतामा राख्दै लक्षित वर्गको सिकाइ आवश्यकता पूर्ति गर्न मद्दत गर्छ । त्यस्तै, विद्यमान शैक्षिक परिपाटी, स्थानीय आवश्यकता, देशको सामाजिक र आर्थिक अवस्थालाई दृष्टिगत गरी स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न स्थानीय विषय वस्तुलाई समावेश गर्नुपर्छ ।

स्थानीय पाठ्यक्रमले स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी स्थानीय सरोकारवालालाई जिम्मेवार र सक्रिय बनाउँदै सिकाइलाई व्यावहारिक र प्रभावकारीं बनाउँछ । यसबाट एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञान, सिप र प्रविधिलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा स्थानान्तरण गरी अनुभव साटासाटको वातावरणबाट

उत्पादनमूलक ज्ञान, सिप र प्रविधिको विस्तार गर्न सकिन्छ । यसले स्थानीय तहका प्राकृतिक सम्पदा तथा कला, संस्कृति, परम्परा, व्यवसाय, पर्यटन, खेतीपाती, भाषा आदिको संरक्षण र संवर्धन गरी त्यसअनुरूपको व्यवहार गर्न सघाउँछ । त्यस्तै, यसले भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक र प्राकृतिक विविधतालाई सम्बोधन गर्दै स्वावलम्बी, स्वरोजगार एवम् आत्मनिर्भर हुने नागरिक तयार गरी आय आर्जन गर्न तथा श्रमप्रति सम्मान र कामप्रति लगाव बढाउन सहयोग पुऱ्याउँछ । परम्परागत मूल्य मान्यता, पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न सहयोग गर्दै आधुनिक र बालमैत्री वातावरणमा व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु पनि यसको महत्त्व हो ।

स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा जनचेतना, स्थानीय ज्ञान, सिप, प्रविधि र विज्ञताको पहिचान, सहजकर्ता वा प्रशिक्षकको व्यवस्थापन, समन्वय तथा सञ्जाल निर्माण जस्ता विषयमा जोड दिन आवश्यक छ । यसका लागि निम्न लिखित पक्षमा विशेष ध्यान दिनुपर्छ :

(क) स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने जनशक्ति तयारी

(ख) बालकेन्द्रित शिक्षण सिकाइ गर्ने तालिम प्राप्त शिक्षकको व्यवस्था

(ग) स्थानीय निकायकै सक्रियतामा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने वातावरणको विकास

(घ) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोगका लागि संस्थागत संयन्त्रको विकास

(ङ) स्रोत र साधनको व्यवस्था

## २.२ स्थानीय पाठ्यक्रमका मुद्दा र चुनौती

उत्पादनशील, सिर्जनशील, गुणात्मक, राष्ट्रिय चिन्तनमुखी, रोजगारमूलक र विश्व परिवेशअनुकूलको शिक्षाको व्यवस्थापन गरी दक्ष जनशक्ति विकास गर्न स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, विज्ञको उपलब्धता, स्रोत साधनको परिचालन, शैक्षिक सामग्रीको निर्माण जस्ता मुद्दा सम्बोधन गर्नुपर्छ । यसर्थ शिक्षाका राष्ट्रिय उद्देश्य पुरा गर्न केन्द्रीय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबिचको समुचित सन्तुलन आवश्यक देखिन्छ ।

शिक्षाको राष्ट्रिय उद्देश्यमा स्थानीय स्तरका पेसा, व्यवसाय एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्ने, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्ने, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका लागि मानव संसाधनको विकास गर्ने जस्ता लक्ष्य निर्धारण गरिएका छन् । केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरूपको उद्देश्य पूर्ण रूपमा पुरा गर्न सक्दैन । पाठ्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र स्थानीय विविध आवश्यकतालाई सम्बोधन गर्नु चुनौतीपूर्ण छ ।

### २.२.१ मुद्दा

स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनमा निम्नानुसारका मुद्दा रहेका छन् :

(क) स्थानीय पाठ्यक्रम निर्माणमा सबै सरोकारवालालाई समेटेर स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने व्यावहारिक पाठ्यक्रम निर्माणका लागि स्थानीय क्षमताको विकास

(ख) स्थानीय तहको आवश्यकतालाई समेट्ने पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि सरोकारवालासँग व्यापक छलफल तथा जनचेतनाको तयारी

(ग) स्थानीय पाठ्यक्रम र राष्ट्रिय पाठ्यक्रमलाई अन्तर सम्बन्धित गर्न सबै पक्षको सकारात्मक र रचनात्मक सहयोग जुटाउने वातावरण सिर्जना

### २.२.२ चुनौती

राष्ट्रिय रूपमा पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा बसौंदेखि अभ्यस्त रहेका नीति निर्माता, विज्ञ तथा सरोकारवालाहरूलाई स्थानीय पाठ्यक्रमको अवधारणा बोध गराई यसको निर्माण तथा कार्यान्वयनप्रति जागरुक गराउनु मुख्य चुनौतीका रूपमा रहेको छ। स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनका सन्दर्भमा देखिएका चुनौतीलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) स्थानीय आवश्यकता पहिचान गर्ने पद्धति र संयन्त्र विकास गर्नु

(ख) स्थानीय तहका सरोकारवालाको सक्रिय सहभागिता र संस्थागत क्षमता अभिवृद्धि गर्नु

(ग) स्थानीय आवश्यकता तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकताविच सन्तुलन कायम गर्नु

(घ) भौगोलिक, सांस्कृतिक र सामाजिक विविधतालाई सम्बोधन गर्नु

(ङ) विकेन्द्रित पाठ्यक्रम निर्माण प्रक्रियालाई संस्थागत गर्नु

(च) केन्द्रीय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबिच सामञ्जस्य स्थापित गर्नु

(छ) स्थानीय निकायलाई पाठ्यक्रम निर्माण र कार्यान्वयनमा जिम्मेबार बनाउनु

(ज) पाठ्यक्रम विकास र कार्यान्वयनका लागि प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गराउनु

(झ) स्थानीय पाठ्यक्रम सम्बन्धमा सरोकारवालामा अपनत्वको भावना विकास गराउनु

(ञ) विश्वव्यापीकरणको बढ्दो प्रभाव तथा अङ्ग्रेजी भाषाप्रतिको मोह र स्थानीय परिवेशको शिक्षाबिच सामञ्जस्य कायम राख्नु

(ट) स्थानीय आवश्यकताका विषय शिक्षण गर्ने जनशक्ति तयार गर्नु

(ठ) स्थानीय विषयका पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय लगानी र सहयोग वृद्धि गर्नु

(ड) निर्मित स्थानीय पाठ्यक्रमको प्रभावकारी अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण संयन्त्र विकास र कार्यान्वयन गर्नु

भाग-३

# स्थानीय पाठ्यक्रमका सन्दर्भमा भएका व्यवस्था

स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका सन्दर्भमा निम्नानुसारको संवैधानिक तथा नीतिगत व्यवस्था रहेको पाइन्छ :

## ३.१ नेपालको अन्तरिम संविधान, २०६३

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धी मौलिक हकको व्यवस्था छ। यस धाराको उपधारा ३ मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्धन गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ । यसले स्थानीय पाठ्यक्रममार्फत विद्यार्थीलाई समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि सिकाउनुपर्ने कुरालाई सङ्केत गर्छ ।

## ३.२ तेरौँ त्रिवर्षीय योजना, (२०७०/०७१-२०७२/०७३)

नेपालको तेरौं योजना (२०७०/०७१-२०७२/०७३) को शिक्षा सम्बन्धी उद्देश्यमा 'सबै तहको शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, सिपमूलक, रोजगारमुखी एवम् समसामयिक बनाउने' भनिएको छ। सो सम्बन्धी कार्यनीतिमा मातृभाषाका पाठ्य सामग्री तथा शिक्षकको विकास गरी मागबमोजिम बहुभाषीय शिक्षाका अवसरमा विस्तार गरिने प्रावधान छ । यस अवस्थामा स्थानीय तहका विषय वस्तुलाई मातृभाषाका माध्यमबाट पठन पाठन गर्न सकिने र विषयका रूपमा स्थानीय .भाषा अध्यापन गर्न सकिने अवस्था देखिन्छ ।

## ३.३ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३

विद्यालय शिक्षाको मूल दस्तावेजका रूपमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ रहेको छ । यस प्रारूपले पाठ्यक्रमसम्बद्ध समसामयिक महत्त्वपूर्ण पक्षका रूपमा स्थानीय आवश्यकतामा आधारित शिक्षालाई स्वीकार गरेको छ। यस प्रारूपले स्थानीय पाठ्यक्रम कार्यान्वयनका निम्न लिखित पक्षलाई औंल्याएको छ :

(क) स्थानीय पाठ्यक्रमका सामान्य पथ प्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषय वस्तु स्थानीय तहमा समावेश गर्ने

(ख) राष्ट्रिय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्य भारका लागि विषय, विषय वस्तु छनोटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने

(ग) केन्द्रीय निकायबाट व्यवस्थापन गरिएका विषय वस्तुलाई सिकाइ सहजीकरण प्रक्रियाका माध्यमबाट स्थानीय विषय वस्तु समावेश गर्ने

(घ) स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने

## ३.४ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ ले परिवर्तित सन्दर्भलाई अङ्गीकार गरी स्थानीय पाठ्यक्रमको आवश्यकताका बारेमा निम्नानुसारका दृष्टिकोण प्रस्तुत गरेको छ :

१. प्राथमिक तहको पाठ्यक्रमलाई देशको आवश्यकता सुहाउँदो सान्दर्भिक र व्यावहारिक बनाउनुपर्ने आवश्यकता छ । यसलाई क्षेत्रीय वा स्थानीय आवश्यकतालाई सुहाउँदो व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

२. कुनै इच्छुक विद्यालय वा समुदायले आफ्नो क्षेत्रको विद्यालयमा छुट्टै स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्न चाहेमा त्यस्तो पाठ्यक्रमले शिक्षाका उद्देश्य र लक्ष्यसँग तालमेल खानुपर्छ र नेपाल सरकार, शिक्षा मन्त्रालयबाट स्वीकृत गरिएको हुनुपर्छ ।

३. ग्रामीण परिवेशसँग सान्दर्भिक कार्यकलाप पाठ्यक्रममा नराख्नाका कारण धेरैजसो केटाकेटी विद्यालयका शैक्षिक क्रियाकलापमा कुनै चाख दिँदैनन् र विद्यालय छोडिदिन्छन् ।

४. जातीय जीवनका विविध पक्षलाई पाठ्यक्रममा समुचित रूपले समायोजन गरी ज्ञान र समझदारीको विकास गर्नुपर्दछ ।

## ३.५ विद्यालय क्षेत्र सुधार कार्यक्रम

स्थानीय पाठ्यक्रमका सम्बन्धमा विद्यालय क्षेत्र सुधार कार्यक्रम (०६६/०६७-०७२/०७३) ले निम्नअनुसारको नीतिगत व्यवस्था हुनुपर्ने दर्साएको छ :

१. राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई आधार मानी राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको निर्माण गर्ने

२. स्थानीय पाठ्यक्रम, कार्य लक्ष्य निर्धारण, विद्यालयको वार्षिक कार्य योजना, कक्षा कोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालय तहमै निर्णय लिइने

३. जिल्ला शिक्षा समिति र स्थानीय अधिकारीको परामर्श तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपको मार्ग निर्देशनमा जिल्ला शिक्षा कार्यालयले स्थानीय पाठ्यक्रम निर्माण गर्ने

४. जिल्ला शिक्षा कार्यालयले स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन सम्बन्धमा स्थानीय स्तरमा क्षमता अभिवृद्धि सम्बन्धी योजना निर्माण गर्ने

५. स्थानीय पाठ्यक्रमको विकास विद्यालय र सम्बन्धित स्थानीय निकायले स्थानीय तथा राष्ट्रिय मापदण्ड मिलाएर गर्ने

६. राष्ट्रिय पाठ्यक्रम सम्बन्धी निर्णय केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्रबाट र स्थानीय पाठ्यक्रम सम्बन्धी निर्णय स्थानीय तहमा गाउँ विकास समिति, नगरपालिका, जिल्ला पाठ्यक्रम समन्वय समिति र जिल्ला विकास समिति जस्ता स्थानीय निकायको सहभागितामा हुने

## ३.६ प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ र २०६५

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ तथा २०६५ ले प्राथमिक तह (१-५) मा स्थानीय विषय/मातृभाषा विषयलाई पाठ्य भार ४ र पूर्णाङ्क १०० कायम गरेको छ। यसमा निम्नानुसार हुनुपर्ने व्यवस्था गरिएको छ :

१. विद्यालयमा मातृभाषा अध्ययन अध्यापन गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने

२. मातृभाषाको अध्ययन अध्यापन गराउन नसकिने विद्यालयमा स्थानीय तहका लागि उपयोगी पेसा, व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि स्थानीय विषय छनोट गरी अध्ययन अध्यापन गराउन सकिने

३. मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्य सामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने छ। जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्ला स्तर र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्र स्तरमा पाठ्यक्रम निर्माण गर्न सकिने

४. पाठ्यक्रममा स्थानीय अंश : सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्य भारको पाठ्यक्रम र पाठ्य सामग्री शिक्षक आफैंले निर्माण गर्न सक्ने

५. स्थानीय विषयको पाठ्यक्रमअन्तर्गत संस्कृतका विषय वस्तु पनि अध्ययन अध्यापन गर्न सकिने

## ३.७ आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९

आभारभूत तहको कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा विद्यमान प्राथमिक तह कक्षा १-५ को पाठ्यक्रमभन्दा केही फरक व्यवस्था गरिएको छ। यसमा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी पाठ्य भार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ। संस्कृत र गुरुकुल शिक्षातर्फ स्थानीय पाठ्यक्रमका बारेमा व्यवस्था गरिएको छैन भने गोन्पा तथा विहार शिक्षातर्फ स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य विषय भनी पाठ्य भार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ। यी

विषयका बारेमा निम्नानुसारको व्यवस्था गरिएको छ :

१. विद्यालयमा अध्ययन अध्यापन हुने मातृभाषाको छनोट, पाठ्यक्रम निर्माण, पाठ्य पुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने

२. स्थानीय विषयको हकमा स्थानीय तहका लागि उपयोगी पेसा, व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषय वस्तु सम्बन्धी विषय स्थानीय निकायको परामर्शमा विद्यालय आफैँले छनोट गर्न सक्ने । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्य पुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने

३. मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्य सामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैँले निर्माण गर्ने । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्ला स्तरमा र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्र स्तरमा पाठ्यक्रम निर्माण गर्न सकिने

४. अन्य विषयका रूपमा कम्प्युटर तथा सूचना प्रविधि, सामाजिक शास्त्रअन्तर्गतका विषय, भाषा समूहका विषय, गणित तथा विज्ञान समूहका विषय, परम्परागत चिकित्सा पद्धति, सहकारी शिक्षा, सङ्गीत, मूर्तिकला, काष्ठ कला, वास्तु कलालगायतका मागमा आधारित विषय छनोट गर्न सकिने । उपलब्ध साधन र स्रोतका आधारमा पाठ्यक्रम विकास केन्द्रले यस्ता विषयको पाठ्यक्रम तथा पाठ्य पुस्तक विकास गर्दै जाने

स्थानीय पाठ्यक्रमभित्र समावेश हुने विषय वस्तुलाई मातृभाषा, अङ्ग्रेजी, संस्कृत वा अन्य भाषामा समेत अध्ययन/अध्यापन गर्न सकिने व्यवस्था छ । तर स्थानीय पाठ्यक्रम र मातृभाषाका बिचमा प्रस्ट सीमाङ्कन भने जरुरी देखिन्छ ।

भाग-४

# राष्ट्रिय र स्थानीय पाठ्यक्रमबिचको अन्तरसम्बन्ध

नागरिक चेतनाको विकास, मानव हितको संरक्षण, प्राकृतिक स्रोतको जगेर्ना, सामाजिक सांस्कृतिक सम्पत्ति र सम्पदाको उचित सदुपयोग, संरक्षण र विकास, उत्पादन र वितरण प्रणालीको सन्तुलन, धार्मिक आस्थाको प्रवर्धन, स्वतन्त्रताप्रतिको ज़ागरुकता र इमानदारी, कर्तव्य र अधिकारप्रतिको सचेतता नेपालको शिक्षाका राष्ट्रिय उद्देश्य रहेका छन् । यी राष्ट्रिय उद्देश्य प्राप्तिका लागि राष्ट्रिय पाठ्यक्रम मात्र पर्याप्त नभएकाले स्थानीय पाठ्यक्रमको अवधारणा ल्याइएको हो । स्थानीय पाठ्यक्रम विकासको आधार शिक्षाका राष्ट्रिय उद्देश्य भएकाले स्थानीय पाठ्यक्रम र शिक्षाका राष्ट्रिय उद्देश्यबिच सिधा र सकारात्मक सम्बन्ध हुने गर्दछ। पाठ्यक्रमको गुणस्तर र त्यसको सफल तथा प्रभावकारी कार्यान्वयनबाट शिक्षाका राष्ट्रिय उद्देश्य प्राप्त गर्न सकिन्छ ।

## ४.१ शिक्षाको राष्ट्रिय उद्देश्यसँग स्थानीय पाठ्यक्रमको सम्बन्ध

राष्ट्रिय र स्थानीय स्तरका पेसा, व्यवसाय एवम् रोजगारीका साथै आवश्यकताअनुसारका रोजगारीतर्फ उन्मुख र सिपयुक्त नागरिक तयार गर्ने राष्ट्रिय उद्देश्य पुरा गर्न केन्द्रबाट निर्देशित पाठ्यक्रम मात्र अपर्याप्त हुन सक्छ । यसले समेट्न नसकेका विषय वस्तु र स्थानीय जीवन पद्धतिलाई समेत स्थानीय पाठ्यक्रमको माध्यमबाट नियमित सिकाइमा समावेश गर्न सकिन्छ । स्थानीय ज्ञान, सिप, दक्षता, कला, संस्कृति जस्ता पक्षलाई समावेश गरी स्थानीय तहमा स्थानीय जनशक्तिबाटै आवश्यकतामा आधारित पाठ्यक्रम विकास गर्न सकिन्छ । यसबाट शिक्षाको राष्ट्रिय उद्देश्यले परिकल्पना गरेका सिपयुक्त तथा दक्ष जनशक्ति तयार गर्न सहयोग पुग्छ । देशको भौगोलिक, सांस्कृतिक, जातीय, लैङ्गिक, वर्गीय, विभेदलाई न्यूनीकरण गर्न, रोजगार एवम् स्वरोजगारलाई प्रोत्साहन गर्न तथा स्थानीय स्तरको सक्षमता अभिवृद्धि गर्न स्थानीय पाठ्यक्रमको विकास गर्नुपर्छ। शैक्षिक क्षेत्रमा स्थानीय आवश्यकता सम्बोधन गर्न र शिक्षाको राष्ट्रिय उद्देश्य पुरा गर्न समेत स्थानीय पाठ्यक्रमले परिपूरक भूमिका निर्वाह गर्न सक्छ ।

शिक्षाको राष्ट्रिय उद्‌देश्य र स्थानीय पाठ्‌यक्रमविचको सम्वन्ध निम्न लिखित आधारबाट पुष्टि गर्न सकिन्छ :

१. स्थानीय स्तरमा रहेका पेसा, व्यवसाय र रोजगार सम्बन्धी ज्ञान, सिप प्रदान गर्ने विषय वस्तु समेट्ने
२. स्थानीय कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तारमा सहयोग पुऱ्याउने
३. पाठ्‌यक्रम निर्माणमा स्थानीय स्तरमा उपलब्ध विज्ञको समावेशीकरणसहित सक्रिय सहभागिता गराउने
४. शिक्षालाई विद्यार्थीका दैनिक क्रियाकलापसँग जोडी व्यक्तिको जीवन पद्‌धति विकास गर्ने एवम् चरित्रवान् र नैतिकवान् नागरिक तयार गर्ने
५. शैक्षिक क्रियाकलापमा अभिभावक तथा समुदायको सहभागिता बढाउने
६. स्थानीय स्रोत, साधन र विज्ञतालाई उपयोगमा ल्याउने
७. स्थानीय तहमा आवश्यक जनशक्ति उत्पादनमा सहयोग पुऱ्याउने
८. स्थानीय पाठ्‌यक्रमबाट स्थानीय र राष्ट्रिय आवश्यकता पुरा गराउने
९. स्थानीय ज्ञान, सिपलाई विश्व ज्ञानसँग उपयुक्त समायोजन गरी कामको संसारसँग सम्बन्धित गराउने
१०. विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट स्थानीय तहमा भएका प्रवर्तनात्मक कार्यलाई सिकाइ क्रियाकलापका रूपमा समेट्ने

## ४.२ राष्ट्रिय पाठ्‌यक्रम र स्थानीय पाठ्‌यक्रमबिच समानता तथा भिन्नता

केन्द्रीय तहमा विकास गरिएको पाठ्‌यक्रम र स्थानीय आवश्यकतामा आधारित स्थानीय स्तरमा नै तयार गरिएको पाठ्‌यक्रमका बिचमा निम्नानुसारको समानता रहेका छन् :

१. राष्ट्रिय उद्‌देश्यबाट निर्देशित
२. पाठ्‌यकम विकासका ढाँचा र तत्त्व समान रहने
३. आवश्यकतामा आधारित
४. सरोकारवालाको संलग्नता रहने
५. विद्यार्थीलाई ज्ञान, सिप र अभिवृत्ति प्रदान गर्ने
६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने
७. कामको संसारसँग जोड्दै व्यक्तिलाई सहज जीवनयापनका लागि सहयोग गर्ने
८. सामाजिक एकतालाई सुदृढ गर्ने

राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबिच निम्नानुसारका भिन्नता रहेका छन्:

| आधार | राष्ट्रिय पाठ्यक्रम | स्थानीय पाठ्यक्रम |
|---|---|---|
| उद्देश्य | व्यापक दायरा | सीमित दायरा |
| आवश्यकता | राष्ट्रिय आवश्यकतामा आधारित | स्थानीय आवश्यकता आधारित |
| निर्माण तह | केन्द्रीय स्तर | स्थानीय स्तर |
| निर्माता | विषय विज्ञ | स्थानीय विज्ञ, सरोकारवाला |
| विषय | निर्धारित (अनिवार्य र ऐच्छिक) | मागमा आधारित, स्वतन्त्र |
| पद्धति | केन्द्रबाट निर्देशित | स्वनिर्देशित |
| विषय वस्तुको प्रकृति | आपूर्तिमा आधारित | मागमा आधारित |
| प्रमाणीकरण | केन्द्र स्तरमा | स्थानीय स्तरमा |
| एकरूपता | राष्ट्रिय स्तरमा | स्थानीय स्तरमा |

भाग-५

# स्थानीय पाठ्यक्रमको ढाँचा

स्थानीय पाठ्यक्रमले मूलतः स्थानीय आवश्यकता तथा सन्दर्भ, स्थानीय सहभागिता, स्थानीय विषय वस्तु र स्थानीय विज्ञतालाई समेटेको हुनुपर्दछ । स्थानीय पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रमको एक अंश भएकाले यसको ढाँचा र स्वरूप सामान्यतया राष्ट्रिय पाठ्यक्रमअनुसार नै हुन्छ । स्थानीय पाठ्यक्रम निर्माणमा पनि पाठ्यक्रमका मुख्य सिद्धान्तलाई अवलम्बन गर्नुपर्छ । पाठ्यक्रमका तत्त्वका रूपमा उद्देश्य/सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषय वस्तु, सिकाइ सहजीकरण प्रकिया र मूल्याङ्कन प्रक्रिया रहनुपर्दछ ।

## ५.१ उद्देश्य/सक्षमता

पाठ्यक्रम विकासको पहिलो चरण उद्देश्य/सक्षमता निर्धारण गर्नु हो । राष्ट्रिय पाठ्यक्रमको उद्देश्यसँग मेल खाने गरी स्थानीय पाठ्यक्रमका विषयगत एवम् तहगत उद्देश्य/सक्षमता निर्धारण गर्नुपर्छ ।

## ५.२ कक्षागत सिकाइ उपलब्धि

तहगत उद्देश्य/सक्षमता तय गरिसकेपछि सोको प्राप्तिका लागि कक्षागत सिकाइ उपलब्धि निर्धारण गर्नुपर्छ । कक्षागत सिकाइ उपलब्धि तय गर्दा सकेसम्म विशिष्ट खालका क्रियापद प्रयोग गर्नुपर्दछ । सिकाइ उपलब्धि स्थानीय स्तरका विषय वस्तुसँग सम्बन्धित र व्यावहारिक हुनुपर्दछ । साथै विद्यार्थीको उमेर, ज्ञानको अवस्था, भाषिक स्तर, स्थानीय परिवेश, बाल मनोविज्ञानको पनि ख्याल राख्नुपर्छ । सिकाइ उपलब्धि छुट्टै वा पाठ्यक्रम विस्तृतीकरण गर्दा त्यसैमा समेट्न पनि सकिन्छ ।

## ५.३ विषय वस्तु

स्थानीय पाठ्यक्रम बनाउँदा सिकाइ आवश्यकता र उद्देश्य/सक्षमताअनुरूपका विषय वस्तु छनोट गर्नुपर्दछ । कहिलेकाहीँ उद्देश्य र विषय वस्तु सँगसँगै निर्धारण गर्न पनि सकिन्छ । शिक्षालाई स्थानीय परिवेशसँग सान्दर्भिक बनाउन स्थानीय आवश्यकताको खोजी गर्ने काम अत्यन्त महत्त्वपूर्ण हुन्छ । विषय वस्तु छनोट गर्दा बाल बालिकाले सिक्न चाहेका कुरालाई प्राथमिकता दिनुपर्छ । उदाहरणका लागि बाल

वालिकाले आफ्नो विद्यालय वरपरका महत्त्वपूर्ण ठाउँ आदिका बारेमा सिक्न चाहन्छन् भने त्यसका लागि निम्नानुसारका विषय वस्तु तय गर्न सकिन्छ :

(क) स्थानीय ठाउँ
(ख) स्थानीय नदीनाला
(ग) स्थानीय मठमन्दिर
(घ) स्थानीय संस्कृति
(ङ) स्थानीय रीतिरिवाज

एउटै विषय क्षेत्रका विषय वस्तु एकभन्दा बढी कक्षामा राख्नुपर्ने अवस्थामा विषय वस्तुको क्षेत्र तथा क्रम निर्धारण गर्दा क्रमागत रूपमा विशिष्टीकृत गर्नुपर्छ । एउटै विषय मात्र एउटा तहको सबै कक्षामा राख्नै पर्छ भन्ने छैन । एउटै तहका भिन्नभिन्न कक्षामा एउटै वा भिन्नभिन्न विषय वस्तु राख्न सकिन्छ ।

## ५.४ सिकाइ सहजीकरण प्रक्रिया

स्थानीय पाठ्यक्रममा निर्धारित उद्देश्य पूर्तिका लागि अपनाउनुपर्ने शिक्षण विधि, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण तरिका र प्रक्रिया स्पष्ट उल्लेख गरी त्यसका केही नमुनासमेत समावेश गर्नुपर्छ । उद्देश्य, विषय वस्तुको प्रकृति, विद्यार्थी सङ्ख्या, सिकाइ स्थलको परिवेश र शैक्षिक सामग्रीको उपलब्धताका आधारमा सिकाइ सहजीकरण प्रक्रिया निर्धारण गर्नुपर्छ ।

शिक्षण सिकाइलाई बालमैत्री बनाउन प्रश्नोत्तर, छलफल, अवलोकन, अभिनय, प्रदर्शन, सोधखोज, प्रयोगात्मक तथा परियोजना कार्य जस्ता विधि र क्रियाकलाप प्रभावकारी हुन्छन् । सहजकर्ताले सिकारुको प्रतिभालाई बाहिर ल्याउने वातावरण सिर्जना गर्नुपर्छ । सुनेको कुरा बिर्सिन्छ, देखेको कुरा सम्झिन्छ, गरेको कुरा सिकिन्छ भन्ने स्थापित मान्यताअनुरूप गरेर सिक भन्ने सिद्धान्तमा आधारित भई विद्यार्थीलाई प्रयोगात्मक क्रियाकलापमा संलग्न गराएर सिक्ने वातावरण तयार गर्नुपर्छ । कक्षा कोठामा शारीरिक तथा मानसिक सक्षमता र विभिन्न भाषिक, सामाजिक तथा सांस्कृतिक पृष्ठभूमि भएका विद्यार्थीलाई अनुकूल हुने गरी समावेशी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

स्थानीय विषयको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बढी मात्रामा प्रत्यक्ष रूपमा अवलोकन गराउने, काम नै गर्न लगाएर सिकाउने, विषयसँग सम्बन्धित स्थानीय व्यक्तिसँग भेट गराउने, कार्यस्थलमा लगेर सँगै काम सिकाउने, विषयसँग सम्बन्धित व्यक्तिलाई विद्यालयमा स्रोतव्यक्तिका रूपमा बोलाएर सिकाउन लगाउनुपर्छ । विद्यालय लामो समय विदा भएको अवस्थामा समेत समुदायमा गएर सिक्ने वातावरण बनाइदिनुपर्छ ।

विद्यार्थीको सिकाइ स्तर, मानसिक तथा शारीरिक अवस्था र विषय वस्तुको प्रकृति हेरी प्रयोगात्मक कार्य, सोधखोज, अध्ययन भ्रमण र प्रतिवेदन प्रस्तुतीकरण, भूमिका अभिनय, समूह छलफल जस्ता क्रियाकलापमा विद्यार्थीलाई संलग्न गराउनु पर्छ । यस्ता कियाकलापले विद्यार्थीको निरन्तर मूल्याङ्कन र सुधारात्मक शिक्षण गर्न सहयोग पुग्छ ।

## ५.५ विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको सिकाइ स्थितिको लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो। मूल्याङ्कनले पाठ्यक्रमद्धारा निर्धारित उद्देश्य पुरा भए नभएको जानकारी प्रदान गर्छ। विद्यार्थी मूल्याङ्कन प्रक्रियाको छोटो परिचय तल दिइएको छ :

**(क) निर्माणात्मक मूल्याङ्कन :** शिक्षण सिकाइ कियाकलाप सँगसँगै विद्यार्थीको सिकाइ स्थितिको लेखाजोखा गर्ने प्रक्रिया नै निर्माणात्मक मूल्याङ्कन हो । यसलाई सुधारात्मक मूल्याङ्कन/निरन्तर मूल्याङ्कन पनि भन्ने गरिन्छ । विद्यार्थीले के कति सिकिसकेका छन्, अब के सिकाउने, सिकाउन चाहेको कुरो सिके कि सिकेनन्, नसिकेका भए अब कुन तरिकाले सिकाउने भन्ने जानकारी लिई तदनुरूप शिक्षण सिकाइ कियाकलाप गर्नु निर्माणात्मक मूल्याङ्कनको उद्देश्य हो । यस किसिमको मूल्याङ्कन प्रकियाबाट प्रत्येक विद्यार्थीको सिकाइ स्तर तथा रुचि पत्ता लगाउन सजिलो हुने हुँदा सिकाइमा सुधार गर्न सहयोग पुग्छ । यस्तो मूल्याङ्कन प्रक्रिया सबै तह र कक्षाका विद्यार्थीका लागि उपयोगी हुने भए तापनि तल्ला कक्षाका विद्यार्थीका लागि अझ बढी प्रभावकारी हुन्छ । विशेष गरेर आधारभूत तहका विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर त्यसको अभिलेखसमेत राखी त्यसैको आधारमा कक्षोन्नति गर्नु राम्रो मानिन्छ । यसबाट विद्यार्थीको सिकाइमा सुधार हुनुको साथै साना बाल बालिकालाई औपचारिक परीक्षा र त्यसबाट हुने तनावबाट मुक्त गर्न सकिन्छ ।

**(ख) निर्णयात्मक मूल्याङ्कन :** आवधिक रूपमा लिखित तथा मौखिक परीक्षा लिएर त्यसको आधारमा कक्षा चढाउने वा नचढाउने र विद्यार्थीको स्थान निर्धारण गर्ने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन प्रक्रियाबाट विद्यार्थीको सिकाइमा सुधार गर्ने अवसर कम हुन्छ। यस्तो मूल्याङ्कन माथिल्लो तह र कक्षालाई उपयुक्त मानिए तापनि साना उमेर र तल्ला तह तथा कक्षाका विद्यार्थीका लागि उपयुक्त मानिँदैन। यस किसिमको मूल्याङ्कन प्रक्रियामा प्रायजसो परीक्षालाई मुख्य आधार बनाएर निर्णय लिइने हुँदा उपयुक्त प्रश्न बनाउन नसकिएमा, परीक्षा सञ्चालनको वातावरण उपयुक्त नभएमा, परीक्षाको समयमा विद्यार्थीको शारीरिक तथा मानसिक अवस्था ठिक नभएमा त्यसबाट सही नतिजा ननिस्कन सक्छ । यस्तो मूल्याङ्नबाट विद्यार्थीको मनोवृत्ति, व्यावहारिक परिवर्तन र प्रयोगात्मक सिप मापन गर्न सकिन्न। मूल्याङ्कनबाट सही नतिजा आएन भने विद्यार्थीको मनोविज्ञानमा नकारात्मक असर पर्न सक्छ।

स्थानीय पाठ्यक्रम निर्माणका कममा अवलम्बन गरिने मूल्याङ्कन प्रक्रिया र त्यसको खाका पाठ्यक्रममा नै उल्लेख गरिदिनुपर्दछ। मूल्याङ्कन प्रक्रिया विद्यार्थीको उमेर, विषय वस्तुको प्रकृति र मापन गर्नुपर्ने सिकाइ उपलब्धिमा निर्भर गर्दछ। जुनसुकै प्रकारको मूल्याङ्कन प्रक्रिया अपनाए पनि मूल्याङ्कनको साधन विकास गर्ने क्रममा उद्देश्यलाई ध्यान दिनुपर्दछ।

स्थानीय पाठ्यक्रममा विषय वस्तु प्राय: गरेर स्थानीय स्तरकै हुने हुँदा सैद्धान्तिकभन्दा प्रयोगात्मक पक्षलाई बढी जोड दिनुपर्दछ । तल्ला कक्षामा निर्माणात्मक मूल्याङ्कन प्रणाली र माथिल्ला कक्षालाई मिश्रित प्रणाली उपयुक्त हुन सक्छ। २० प्रतिशत पाठ्यक्रमको अंश स्थानीय विषय वस्तु भएका विषयमा सोको मूल्याङ्कन गर्दा अरु ८० प्रतिशत सँगसँगै २० प्रतिशत प्रश्न भार स्थानीय पाठ्यक्रममा पनि

आधारित हुनुपर्छ । स्थानीय पाठ्यक्रमका विषय वस्तुको मूल्याङ्कन गर्दा निर्णयात्मकभन्दा निर्माणात्मक मूल्याङ्कन बढी प्रभावकारी हुन्छ ।

## ५.६ समय निर्धारण (पाठ्य भार)

स्थानीय पाठ्यक्रम तयार गर्दा उपलब्ध समयको पनि ख्याल गरिनुपर्दछ । स्थानीय विषयलाई छुट्याइएको समय अवधिभित्र शिक्षण सिकाइ क्रियाकलाप सम्पन्न गर्नुपर्छ । विषय वस्तु र समयको तालमेल मिलाइसकेपछि त्यसभित्रका प्रत्येक एकाइ वा पाठलाई आवश्यक पर्ने अनुमानित समय निर्धारण गर्नुपर्छ । वर्षभरिमा विद्यालय खुल्ने दिन, खुलेका दिनमध्ये पठन पाठन हुने दिन, परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने समयलाई विचार पुऱ्याएर पाठ्यक्रम निर्माणकै क्रममा शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कनका लागि अनुमानित समय (पाठ्य भार) निर्धारण गर्न जरुरी हुन्छ । यसबाट सहजकर्तालाई वार्षिक तथा मासिक योजना बनाउन र विषय वस्तुको आधारमा एकाइ तथा पाठ योजना बनाउन सजिलो हुन्छ ।

## ५.७ पाठ्यक्रमको विस्तृतीकरण

पाठ्यक्रम विस्तृतीकरणमा शिक्षण सिकाइका कममा अपनाइने सबै क्रियाकलाप विस्तृत रूपमा उल्लेख गरिन्छ । पाठ्यक्रम विस्तृतीकरण गर्दा क्षेत्रगत सिकाइ उपलब्धि, विषय वस्तुको क्षेत्र, सम्भावित शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन विधि र साधन तथा पाठ्य घन्टी समेत उल्लेख गरिने हुँदा यसले कक्षा शिक्षणमा सहयोग पुऱ्याउँछ । पाठ्यक्रम विस्तृतीकरण कक्षागत रूपमा गर्नुपर्छ ।

## स्थानीय पाठ्यक्रमको ढाँचा

१. परिचय :

२. तहगत उद्देश्य/सक्षमता :

३. कक्षागत सिकाइ उपलब्धि

४. विषय वस्तुको क्षेत्र र क्रम :

विषयबस्तुको क्षेत्र र कम

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | ........ |
|---|---|---|---|---|---|
| | | | | | |

४. विषय वस्तुको विस्तृतीकरण :

कक्षा:

| क्षेत्र | सिकाइ उपलब्धि/विषय वस्तु | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

५. **सिकाइ सहजीकरण प्रक्रिया :**

६. **विद्यार्थी मूल्याङ्कन प्रक्रिया :**

भाग-६

# सम्भावित विषय क्षेत्र

## ६. स्थानीय पाठ्यक्रमका सम्भावित विषय क्षेत्र

स्थानीय आवश्यकताका विषय वस्तुमा विविधता हुन्छ । विद्यालयको स्रोत र साधनलाई ध्यान दिई विद्यार्थीको चाहना र स्थानीय आवश्यकताअनुसार एकभन्दा बढी विषय क्षेत्र छनोट गर्न सकिन्छ । एकभन्दा बढी विषय क्षेत्र एउटा विद्यालयमा पठन पाठन गर्न सम्भव नभएमा त्यस समुदायले सबैभन्दा बढी आवश्यक ठानेका विषय क्षेत्रको छनोट गरी त्यसैबाट विषय वस्तुको चयन गर्नुपर्छ । विषय क्षेत्रको चयन गर्ने क्रममा आवश्यकता र स्रोत साधनको उपलब्धतालाई समेत दृष्टिगत गरी व्यावसायिक, अर्धव्यावसायिक, व्यवसायोन्मुख, गैरव्यावसायिकमध्ये कुनै एक छनोट गर्नुपर्ने हुन्छ । हाम्रो सन्दर्भमा सम्भावित विषय क्षेत्र निम्नानुसार हुन सक्छन् :

## ६.१ विषयका रूपमा स्थानीय विषय (१०० पूर्णाङ्क) अन्तर्गत सम्भावित विषय क्षेत्र

| विषय क्षेत्र | विषय वस्तु |
|---|---|
| कृषि | विभिन्न अन्न बाली, चिया, सनपाट, उखु, कफी, अलैंची, फलफुल खेती (सुन्तला, स्याउ, भुइँकटर, आँप, कटहर, लिची आदि) तरकारी खेती (काउली, मुला, सँग, गोलभेँडा, सिमी, फर्सी, बैगुन (भान्टा), रामतोरिया, बन्दा, आलु, स्कुस, तरुल, अदुवा आदि) |
| पन्छी तथा पशुपालन | कुखुरा, हाँस, बट्टाई, बाखा, भैंसी, गाई, भेडा, च्याङ्ग्रा, चौंरी आदि |
| उद्योग | घरेलु तथा साना उद्योग (ढाका, करुवा, खुकुरी, डोको, सुकुल, गुन्द्री, मान्द्रो आदि, घरेलु कपडा बनाउने, राडीपाखी, गलैंचा बनाउने, मैन बत्ती बनाउने, सिन्के धूप बनाउने) मझौला तथा ठुला उद्योग आदि |
| जडीबुटी | जडिबुटी सङ्कलन तथा प्रशोधन, स्थानीय क्षेत्रमा पाहिने विभिन्न जडीबुटी र तिनबाट हुने उपचार, तिनको खेती प्रविधि आदि |
| पर्यटन | पर्यटन स्थलको विकास, पथ प्रदर्शन, होटेल व्यवस्थापन, ट्रेकिङ, पर्वतारोहण, र्‍याफ्टिङ आदि |

| विषय क्षेत्र | विषय वस्तु |
|---|---|
| व्यापार | स्थानीय स्तरमा उत्पादित सामानको व्यापार |
| अन्य आय आर्जनका क्षेत्र | वैदेशिक रोजगार सम्बन्धी जानकारी र सिप विकास, कम्प्युटर तालिम, ड्राइभिङ, इलेक्ट्रोनिक्स, प्लम्बिङ, अटो वर्कसप, रेडियो, टिभी, मोबाइल सेट मर्मत आदि |
| भूगोल | स्थानीय परिवेशको धरातलीय स्वरूप, हावापानी, मौसम आदि |
| संस्कृति | स्थानीय चाडपर्व, वेशभूषा, रहनसहन, मेलापर्व, गीत, सङ्गीत, बाजा, कला, जात्रा, उत्सव, महोत्सव आदि |
| इतिहास | ऐतिहासिक स्थल, वस्तु, ऐतिहासिक व्यक्तित्व, प्राचीन स्मारक, स्थानीय समुदायको इतिहास, ऐतिहासिक ग्रन्थ आदि |
| पुरातत्त्व | मठमन्दिर, पाटीपौवा, चैत्य, स्तूप, विहार, पुराना दरबार, शिलालेख, ताम्रपत्र आदि |
| धर्म | स्थानीय स्तरमा मनाइने विभिन्न धर्म, धार्मिक सहिष्णुता र सद्भाव, धार्मिक क्रियाकलाप, धार्मिक स्थल आदि |
| जातजाति | स्थानीय समुदायका आदिवासी, विभिन्न जातजातिका रीतिरिवाज, चालचलन, रहनसहन, संस्कार आदि |
| भाषाभाषी | स्थानीय स्तरमा बोलिने भाषा, भाषिका र तिनीहरूको संरक्षण आदि |
| सामाजिक सङ्घ संस्था | स्थानीय स्तरका क्लब, सरकारी तथा गैरसरकारी एवम् समुदायमा आधारित सङ्घ संस्था आदि |
| शासन व्यवस्था | स्थानीय निकायको संरचना (गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, स्थानीय स्तरका राजनीतिक दल आदि) |
| शिक्षा | स्थानीय स्तरका विद्यालय, क्याम्पस, साहित्य, पत्र पत्रिका, शैक्षिक प्रथा र चेतना सम्बन्धी कार्यक्रम आदि |
| स्वास्थ्य र सरसफाइ | फोहोरमैला व्यवस्थापन, स्वच्छ खानेपानी, शौचालय, ढल निकास, अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक उपचार, सामुदायिक स्वास्थ्य र सरसफाइ आदि |
| योग र प्राकृतिक चिकित्सा | योग आसन, प्राकृतिक आहार विहार, प्राकृतिक उपचार, आनीबानी, ध्यान आदि |
| प्रकृति र वातावरण संरक्षण | आफ्नो वरपरको वातावरणका तत्त्व, अवस्था र संरक्षणका उपाय, हावा, पानी, फोहोरमैला व्यवस्थापन, स्थानीय परिवेशको जङ्गल, रुखबिरुवा, खोला, नाला, ताल, पोखरी, जडीबुटी, जीवजन्तु, राष्ट्रिय निकुञ्ज, जलवायु परिवर्तन आदि |
| भूक्षय र भू-संरक्षण | भूक्षय, वृक्षरोपण, प्राकृतिक प्रकोप, जङ्गल संरक्षण आदि |
| विपत् व्यवस्थापन तथा जोखिम न्यूनीकरण | बाढी, पहिरो, भुइँचालो, आगलागी, महामारी, खडेरी, हावा हुन्डरी आदि |

| विषय क्षेत्र | विषय वस्तु |
|---|---|
| यातायात | ट्राफिक नियम तथा सडक सुरक्षा, बाटाघाटोको निर्माण तथा संरक्षण, यातायातका साधन आदि |
| सूचना तथा सञ्चार प्रविधि | मुद्रित तथा प्रसारित सूचना तथा सञ्चारका सामग्री आदि |
| स्थानीय प्रविधि | स्थानीय क्षेत्रमा प्रचलित प्रविधि |

माथि दिइएका विषय क्षेत्र उदाहरण मात्र हुन् । यीबाहेक स्थानीय परिवेशमा अनेकौं विषय क्षेत्र र विषय वस्तु हुन सक्छन् । तिनीहरूमध्येबाट आवश्यकताअनुसार एक वा सोभन्दा बढी पनि छनोट गरी पाठ्यक्रमको संरचनामा ढालेर पठन पाठन गर्न सकिन्छ ।

## ६.२ शारीरिक शिक्षाअन्तर्गतका सम्भावित विषय क्षेत्र

यस विषयअन्तर्गत प्रचलित र लोपोन्मुख विभिन्न स्थानीय खेल राख्न सकिन्छ । जस्तैः योगाभ्यास, कपर्दी, चुङ्गी खेल, भुस दौड, बाघचाल, गट्टी, डन्डिबियो, घ्वाइँ कासा, राजा कपर्दी आदि ।

## ६.३ सामाजिक शिक्षाअन्तर्गतका सम्भावित विषय क्षेत्र

यस विषयअन्तर्गत स्थानीय धार्मिक पर्यटकीय क्षेत्र, रीतिरिवाज, वेशभूषा, असल सामाजिक व्यवहार, मठ मन्दिर, खोलानाला, चर्चित व्यक्तित्व, सङ्घ, संस्था, विकास निर्माण, जङ्गल, सामाजिक विकृति, प्राकृतिक सम्पदा, जातजातिका चालचलन, भाषा, धर्म, स्थानीय खेती बाली, जीव जनावर, वनस्पति आदि राख्न सकिन्छ । यसअन्तर्गत तय गरिने विषय वस्तु १०० पूर्णाङ्कको स्थानीय विषयमै समेटिएका भए दोहोऱ्याउनु हुँदैन ।

## ६.४ सिर्जनात्मक कला विषयअन्तर्गतका सम्भावित विषय क्षेत्र

यस विषयअन्तर्गत त्यस ठाउँको स्थानीय परिवेशअनुसार परम्परागत रूपमा प्रचलित वा लोपोन्मुख विभिन्न किसिमका कला, सङ्गीत, नृत्य, गायन आदि विषय वस्तु राख्न सकिन्छ । यस विषयअन्तर्गतका सम्भाव्य विषयक्षेत्र यसप्रकार हुन सक्छन् :

चकटी बुन्ने, गुन्द्री बुन्ने, सुकुल बुन्ने, डोको तथा नाम्लो बुन्ने, धानको पुतली बनाउने, खेलौना बनाउने, माटाका भाँडा बनाउने, काष्ठ कार्य, चित्र कोर्ने, गीत गाउने, गीत लेख्ने, मादल बजाउने, डम्फु बजाउने, स्थानीय नृत्य देखाउने आदि ।

भाग-७

# स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रिया

प्रभावकारी कार्यान्वयबाट लक्षित उद्देश्य प्राप्ति भएपछि मात्र पाठ्यक्रम निर्माणले पूर्णता प्राप्त गर्छ। प्रभावकारी कार्यान्वयका लागि यसका निश्चित तौर तरिका र प्रक्रिया हुन्छन् । यस खण्डमा स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया, सिकाइ/सहजीकरण क्रियाकलाप र स्रोत साधन परिचालन गर्ने तरिका उल्लेख छ ।

## ७.१ स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया

सामान्यतया स्थानीय तहको पाठ्यक्रम निर्माणका लागि पाठ्यक्रम विकासका सबै चरणहरू अपनाउनुपर्ने हुन्छ । ती चरणहरू निम्नानुसार छन् :

(क) आवश्यकता पहिचान
(ख) उद्देश्य निर्धारण
(ग) कक्षागत सिकाइ उपलब्धि निर्धारण
(घ) विषय वस्तु छनोट
(ङ) सिकाइ सहजीकरण प्रक्रिया (शैक्षिक सामग्री, क्रियाकलाप र विधि)
(च) मूल्याङ्कन
(छ) समय निर्धारण

## ७.२ स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

स्थानीय आवश्यकतालाई दृष्टिगत गरी स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग गरेर तयार गरिएमा स्थानीय पाठ्यक्रम कार्यान्वयन सहज हुन्छ । पाठ्य पुस्तक उपलब्ध नभएको अवस्थामा पनि विद्यार्थी, शिक्षकलगायत सम्पूर्ण सरोकारवालाको संयुक्त प्रयास हुँदा पाठ्यक्रमं कार्यान्वयन सजिलै गर्न सकिन्छ। विद्यार्थीले प्रत्यक्ष क्रियाकलापमा संलग्न भएर वा जानकार व्यक्ति वा स्रोत व्यक्तिसँग छलफल गरेर पाठ्यक्रमका निर्धारित ज्ञान, सिप र अभिवृत्ति हासिल गर्न सक्छन् ।

उदाहरणका लागि तरकारी खेती विषयको स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्दा निम्न लिखित विषय वस्तु सिक्नु सिकाउनुपर्ने हुन्छ :

- स्थानीय जातको तरकारीको परिचय
- तरकारीको महत्त्व
- आवश्यक सामग्री
- खेती गर्ने तरिका
- तरकारी बालीमा लाग्ने रोग र उपचार विधि
- तरकारी टिप्ने र भण्डारण गर्ने तरिका
- तरकारी बजार
- अभ्यास, अवलोकन आदि

यस्ता विषय वस्तु शिक्षणका लागि शिक्षक प्रशिक्षकका रूपमा स्थानीय तहमै रहेका अनुभवी तथा अगुवा किसान, कृषि विशेषज्ञ, प्राविधिकको सहयोग लिन सकिन्छ। विद्यार्थीलाई तरकारी खेती गरिएको स्थानमै लगेर सबै प्रक्रियाको अवलोकन गराउन सकिन्छ । अभ्यास र प्रयोगात्मक कार्य गरेर सिकारु विषय वस्तुमा सजिलै स्पष्ट हुन सक्दछन् ।

## ७.३ सिकाइ सहजीकरण प्रक्रिया

सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापको आवश्यकता पर्दछ । स्थानीय पाठ्यक्रमका विषय वस्तुको सिकाइका लागि निम्नानुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी विद्यार्थीलाई सहजीकरण गर्न सकिन्छ :

**छलफल :** विभिन्न विषयमा छलफल गर्नका लागि त्यसको पूर्व तयारी गरेर छलफल सञ्चालन गर्नुपर्छ। निरन्तर, सक्रिय र उच्च सहभागिताबाट नै छलफललाई प्रभावकारी बनाउन सकिन्छ। उदाहरणका लागि स्थानीय तहमा उत्पादन गरिने तरकारीका बारेमा निम्न लिखित बुँदामा छलफल गर्न सकिन्छ :

(क) तरकारीको आकार, प्रकार, रङ आदि

(ख) तरकारी फल्ने समय

(ग) तरकारीमा लाग्ने रोग र उपचार पद्धति

(घ) खाइने भाग

(ङ) खाने तरिका

(च) फाइदा

त्यस्तै कुनै धार्मिक स्थलको बारेमा छलफल गर्न देहायबमोजिमका बुँदा उपयोगी हुन सक्छन् :

(क) धार्मिक स्थलको नाम

(ख) स्थापना गर्ने व्यक्ति र समय

(ग) यस बारेको जनश्रुति

(घ) पूजा/प्रार्थना विधि

(ङ) धार्मिक स्थलमा हुने क्रियाकलाप

(च) धार्मिक स्थलको विकास र संरक्षण आदि

**अवलोकन भ्रमण, प्रदर्शन र अभ्यास :** विद्यार्थीलाई छनोट गरिएको क्षेत्र वा विषय वस्तुको स्थलगत अवलोकन भ्रमण, प्रयोगात्मक कार्यको तयारी, प्रयोगात्मक कार्यमा सहभागिता, स्थानीय विज्ञसँगको अन्तर्क्रिया र सामाजिक तथा स्थानीय कृषि कार्यमा सहभागिताबाट अभ्यास गराउन सकिन्छ ।

**परियोजना कार्य :** अभ्यासकै महत्त्वपूर्ण अङ्गका रूपमा परियोजना कार्य गराउनुपर्छ । यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्नुपर्छ । त्यस्तो खाका बनाउँदा कसले गर्ने, के गर्ने, किन गर्ने, कसरी गर्ने, खर्च कति लाग्ने जस्ता कुरा पहिले नै सोच्नुपर्छ । गरेर सिक्ने कार्यलाई यो विधिले जोड दिएको हुन्छ ।

## ७.४ स्रोत साधनको व्यवस्थापन र परिचालन

पाठ्यकमको कार्यान्वयनका लागि भौतिक, आर्थिक, प्राविधिक, शैक्षिक र मानवीय स्रोत साधनको आवश्यकता पर्दछ । स्थानीय पाठ्यक्रमको विकास स्थानीय स्तरमा हुने भएकाले स्रोत साधन पनि धेरै जसो स्थानीय स्तरबाटै जुटाउनुपर्छ । त्यस्ता स्रोत सामाग्रीको उचित प्रबन्ध र व्यवस्थापन निम्नानुसार गर्न सकिन्छः

- आर्थिक व्यवस्था : विद्यालयले उपलब्ध सरकारी तथा निजी अनुदानको मात्र भर नपरी स्थानीय निकाय, गाविस, नपा, जिविस, सरकारी तथा गैरसरकारी सङ्घ संस्था, समुदायमा आधारित सङ्घ संस्था, स्थानीय व्यापारी, उद्योगी, पेसाकर्मी आदिबाट पनि सहयोग जुटाउन सक्छन् । विद्यालयमा आयमूलक काम गरेर पनि केही आम्दानी गर्न सकिन्छ ।
- जनशक्ति व्यवस्थापन : छनोट गरिएको पाठ्यक्रमको विषय वस्तुअनुरूप स्थानीय तहमा रहेका अगुवा कृषक, पशुपालक, उद्योगी, व्यवसायी, कलाकार विभिन्न विषयका प्राविधिक विशेषज्ञहरूबाट सहयोग लिनुपर्छ ।

## ७.५ क्षमता विकास

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा संलग्न जनशक्तिको क्षमता विकास गर्नु पनि त्यत्तिकै जरुरी छ । वर्तमान व्यवस्थाअनुसार पाठ्यक्रम निर्माण र कार्यान्वयन तहमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्, क्षेत्रीय पाठ्यक्रम समन्वय समिति र जिल्ला पाठ्यक्रम समन्वय समितिलाई जिम्मेवार बनाइएको छ । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा विशेषतः क्षेत्र र जिल्ला स्तरका जनशक्ति संलग्न रहने हुँदा तिनको क्षमता विकास सम्बन्धी कार्यको समन्वय पनि सम्बन्धित क्षेत्र र जिल्लाले गर्नुपर्दछ । क्षेत्रले आफ्नो क्षेत्रभित्रका जिल्ला र जिल्लाले आफ्नो जिल्लाभित्रका गाविस, नगरपालिका, स्रोत केन्द्र, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, विद्यालय आदि निकायका सम्बद्ध व्यक्तिको क्षमता विकास योजना निर्माण र कार्यान्वयन गर्नुपर्दछ । क्षमता विकासको योजनामा पाठ्यक्रम

विकास, जनशक्ति विकास, पाठ्य सामग्री विकास, मूल्याङ्कन प्रक्रिया तथा मापदण्ड तयारी जस्ता पक्ष समेटिनुपर्छ ।

## ७.६ मूल्याङ्कन प्रणाली

यसअन्तर्गत विद्यार्थी मूल्याङ्कन र पाठ्यक्रम मूल्याङ्कन पर्छन् । वर्तमान पाठ्यक्रमले कक्षा ७ सम्म विद्यार्थी मूल्याङ्कनमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ । कक्षा १–३ मा शतप्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन, कक्षा ४–५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक मूल्याङ्कन तथा कक्षा ६–७ मा ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ६० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा उपलब्धि लेखाजोखा गर्नुपर्ने प्रावधान छ ।

विद्यार्थीले पढेरभन्दा प्रत्यक्ष अवलोकन गरेर, पेसा व्यवसायका काम गरेर, स्वयम् कार्याभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन् । यस्तो सिकाइ प्रक्रियाको मूल्ल्याङ्कन निरन्तर गरिनुपर्दछ। यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापको अवलोकन, प्रयोगात्मक कार्य, परियोजना कार्य, अभिभावक तथा साथी समूहको राय प्रतिक्रिया आदि उपयोगी हुन्छन् । उत्पादन प्रणालीसँग आवद्ध हुने स्थानीय सिप सिकाउने पाठ्यक्रम भएमा अभिभावकको आय आर्जनमा पनि सहयोग पुग्ने र कामको संसारसँग शिक्षा जोडिने भएकाले स्थानीय पाठ्यक्रमबमोजिमको मूल्याङ्कनमा लिखित परीक्षालाई भन्दा प्रयोगात्मक र निरन्तर मूल्याङ्कनलाई नै बढी जोड दिनुपर्दछ । साथै तोकिएका ढाँचामा प्रगति अभिलेख र पोर्टफोलियो व्यवस्थित गरी राख्नुपर्दछ ।

पाठ्यक्रमको समग्र मूल्याङ्कन पाठ्यक्रम निर्माण समूह, शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालासँगको अन्तर्क्रिया र छलफलबाट गर्न सकिन्छ । यो पाठ्यक्रम स्थानीय तहमै कार्यान्वयन गरिने भएकाले यसलाई समयसापेक्ष अद्यावधिक गर्दै लानुपर्छ ।

भाग-८

# स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन सम्बन्धी नीतिगत व्यवस्था

आवश्यकतामा आधारिक आधारभूत तहसम्मको स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वय देहायबमोजिम हुने छ :

(क) आधारभूत तहमा व्यवस्था गरिएको स्थानीय विषयअन्तर्गत पाठ्यकमले मूल विषयका रूपमा तोकेका विषय अध्ययन अध्यापन गराइने छैन ।

(ख) स्थानीय विषय वस्तु समेटी स्थानीय निकायको समन्वयमा आवश्यकताअनुसार नेपाली, अङ्ग्रेजी वा मातृभाषामा स्थानीय पाठ्यक्रम तथा पाठ्य पुस्तक तयार गर्न सकिने छ । विषय वस्तु छनोट गर्दा प्रयोगात्मक तरिकाले अध्यापन गर्न सकिने र दीर्घकालीन रूपमा सकारात्मक प्रभाव पार्ने प्रकृतिका हुनुपर्ने छ ।

(ग) स्थानीय पाठ्यक्रम विद्यालयगत, स्रोत केन्द्रगत वा जिल्लागत रूपमा तयार गर्न सकिने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्ला स्तरमा र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने भएमा स्रोत केन्द्र स्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने छ । यसरी स्रोत केन्द्र स्तरमा तयार हुने पाठ्यक्रम मिल्दाजुल्दा आवश्यकता भएका विद्यालयलाई समूहीकृत गरेर विद्यालयको मागबमोजिम फरक फरक रूपमा पनि विकास गरी प्रयोग गर्न सकिने छ ।

(घ) स्थानीय पाठ्यक्रम निर्माणका सन्दर्भमा सम्बन्धित स्रोत केन्द्र जिम्मेबार निकायका रूपमा रहने छ । स्रोत व्यक्तिले सो क्षेत्रभित्रका विद्यालयका लागि स्थानीय पाठ्यक्रम तथा पाठ्य पुस्तक तयार गर्न समन्वय तथा संयोजन गरी प्राविधिक सहयोग उपलब्ध गराउने छ ।

(ङ) विद्यार्थी सङ्ख्यालाई ध्यानमा राख्दै अभिभावकको सल्लाह तथा परामर्शका आधारमा मातृभाषामा स्थानीय विषय वस्तुको पठन पाठन गर्न सकिने छ तर मातृभाषी शिक्षा दिने विद्यालयका लागि मातृभाषा विषय वा माध्यम दुवै हुन सक्ने छ ।

(च) पाठ्यक्रमले तोकेअनुसार विद्यालय (सामुदायिक, संस्थागत र अन्य) ले स्थानीय विषय

अनिवार्य रूपमा लागु गर्नुपर्ने छ । सोको अनुगमन जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयबाट हुने छ ।

(छ) स्थानीय पाठ्यक्रम तथा पाठ्य पुस्तक विकास र कार्यान्वयका लागि शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्न पाठ्यक्रम विकास केन्द्र तथा शैक्षिक जनशक्ति विकास केन्द्रमार्फत आवश्यक व्यवस्था गरिने छ । यसका लागि शिक्षा विभागले सहयोग गर्ने छ ।

(ञ) आधारभूत तह (कक्षा १-५) को सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयमा व्यवस्था भएको २० प्रतिशत स्थानीय पाठ्यक्रमको अंश समायोजित वा अलग्गै पनि हुन सक्ने छ ।

(ट) स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री तयार गर्न सरकारी, गैरसरकारी तथा सामुदायिक सङ्घ संस्थालगायतका निकायसँग साझेदारीमा कार्य गर्न अभिप्रेरित गरिने छ ।

(ठ) जिल्ला पाठ्यक्रम समन्वय समितिले आवश्यकताअनुसार प्रत्येक स्रोत केन्द्रमा स्रोत व्यक्तिको संयोजकत्वमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि समिति गठन गर्न सक्ने छ । त्यस्तो समितिले स्रोत केन्द्र व्यवस्थापन समितिसँग समन्वय गरी कार्य गर्ने छ ।

(ड) विद्यालयले स्थानीय पाठ्यकम विकास गर्दा स्रोत केन्द्रसँग समन्वय गरी कार्य गर्ने छ ।

(ढ) विद्यालय वा स्रोत केन्द्रले आवश्यकताअनुसार केन्द्र वा अन्य निकायबाट विशेषज्ञ सेवा लिन सक्ने छ ।

(ण) स्थानीय पाठ्यक्रम जिल्ला पाठ्यक्रम समन्वय समितिबाट स्वीकृत गराई लागु गर्नुपर्ने छ ।

(त) जिल्ला पाठ्यक्रम समन्वय समिति तथा क्षेत्रीय पाठ्यक्रम समन्वय समितिले आवश्यकतानुसार पाठ्यक्रम विकास केन्द्रबाट प्राविधिक सेवा, सल्लाह र सुझाव लिन सक्ने छन् ।

(थ) स्थानीय पाठ्यक्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूपको भावना प्रतिकूल नहुने विषय वस्तु समावेश गर्नुपर्ने छ ।

(द) पाठ्यक्रमका आधारमा पठनपाठन गर्न सकिने छ ।

(ध) स्थानीय पाठ्यक्रमका अंशलाई माध्यमिक तहसम्म विस्तार गरी समयसापेक्ष तुल्याउँदै लैजाने नीति अवलम्बन गरिने छ ।

(न) शिक्षक/प्रशिक्षकको व्यवस्था विद्यालय/विव्यस वा स्थानीय निकायबाट हुने छ ।

(प) जिल्ला पाठ्यक्रम समन्वय समितिले स्वीकृत गरेका स्थानीय पाठ्यक्रमको सूची तयार गरी प्रत्येक वर्षको असार मसान्तभित्र पाठ्यक्रम विकास केन्द्रमा पठाउनुपर्ने छ ।

(फ) जिल्ला पाठ्यक्रम समन्वय समिति तथा क्षेत्रीय पाठ्यक्रम समन्वय समितिले स्वीकृत गरेका स्थानीय पाठ्यक्रममा कुनै विवाद सिर्जना भएमा त्यसको अन्तिम निर्णय गर्ने अधिकार पाठ्यक्रम विकास केन्द्रमा निहित रहने छ ।

भाग-९

# विभिन्न निकायको भूमिका

स्थानीय पाठ्यक्रम विकासमा विभिन्न निकायको भूमिका रहन्छ । स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाको सक्रियता आवश्यक हुन्छ। स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा विभिन्न निकायको भूमिका निम्नानुसारको हुने छ :

## ९.१ विद्यालय तह

विद्यार्थी, शिक्षक र अभिभावक शिक्षाका प्रमुख सरोकारवाला हुन् र यी विद्यालयमै रहन्छन् । विद्यालय एक संस्थाको रूपमा रहन्छ । शिक्षक, अभिभावक सङ्घ र विद्यालय व्यवस्थापन समिति पाठ्यक्रम कार्यान्वयनका अवयव हुन् । शिक्षाका नीति, नियम आदिले विद्यालयको सङ्गठन, व्यवस्थापन, सञ्चालन, अनुगमन, मूल्याङ्कनलाई निर्देश गर्छन् । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा संलग्न सरोकारवालाको भूमिका निम्नानुसार हुने छ :

(अ) **विद्यार्थी :** पाठ्यक्रम निर्माणमा विद्यार्थीको समूहलाई सम्मिलित गराउन सकिन्छ। कक्षा ५ देखि ८ सम्म अध्ययनरत विद्यार्थीले शिक्षण अवधि र प्रक्रियाको कुरा बुझ्न तथा बुझाउन मद्दत गरेका हुन्छन् । सम्बन्धित तहका विद्यार्थी निरन्तर सम्मिलित हुने वा गराउनुपर्ने समूह हुन् । उनीहरूको भूमिकालाई यसरी उल्लेख गर्न सकिन्छ :

(क) सिकाइका कारण, स्थिति तथा अपेक्षा बताउनु

(ख) सिक्न चाहेका विषय वस्तु, तिनका कठिनाइ, आफ्ना रुचि, क्षमता, सन्दर्भिकता, आवश्यकता आदिबारे आफ्नो स्वतन्त्र विचार अभिव्यक्त गर्नु

(ग) छलफल, सर्वेक्षण, अध्ययन, अनुसन्धान, योजना, कार्यक्रम, अन्तर्वार्ता आदिमा सक्रिय सहभागिता जनाउनु र आफ्नो अनुभव प्रकट गर्नु

(घ) कुनै पेसा वा सो सम्बन्धी जानकारी भएमा कक्षामा जानकारी गराउनु

(आ) **शिक्षक**/प्रधानाध्यापक : विद्यार्थीको उमेर, क्षमता, रुचि आदि व्यक्तिगत कुरा तथा उनीहरूको घरायसी अवस्था, विद्यालयको स्थिति, भित्री तथा बाहिरी वातावरण आदिलाई मनन गरी

अध्ययन अध्यापनको वास्तविक स्थितिको बोध गराउने प्रमुख सरोकारवाला शिक्षकवर्ग नै हुन् । उनीहरूले नै पाठ्यक्रमको वास्तविक कार्यान्वयन गरेर त्यसको उद्देश्य पुरा गर्दछन् । यसर्थ उनीहरू नै पाठ्यक्रम निर्माण, परिमार्जन तथा परिवर्तनका कारक हुन् । शिक्षक/प्रधानाध्यापकले पाठ्यक्रम निर्माणमा निम्नानुसारको भूमिका निर्वाह गर्नुपर्छ :

(क) पाठ्यक्रमका विषय वस्तु र सिकाइ प्रक्रिया सम्बन्धी वस्तुस्थिति बुझ्न प्रयोग गरिने प्रक्रियामा सक्रिय सहभागिता जनाउने, आवश्यक प्रतिक्रिया दिने, राय, सुझाव दिने, प्रश्नावली, रुजुसूची, सर्वेक्षण फाराम आदि भर्ने, अन्तर्वार्तामा सहभागी भई सही प्रतिक्रिया जनाउने तथा व्यक्तिगत तथा सामूहिक रूपमा पाठ्यक्रम निर्माणमा सहभागिता जनाउने र शैक्षिक प्राज्ञिक प्रतिक्रिया अभिव्यक्त गर्ने

(ख) आफ्नै सक्रियतामा वा निर्देशित रूपमा विद्यार्थी, अभिभावक तथा समुदायमा विभिन्न व्यक्ति, संस्था आदिबाट पाठयक्रम सम्बन्धी राय प्रतिक्रिया सङ्कलन, विश्लेषण र प्रतिवेदन दिने/लिने गरी प्रत्यक्ष रूपमा संलग्न हुने

(ग) विद्यार्थी/अभिभावकको आवश्यकता, स्थिति र पाठ्यक्रमका विषय वस्तु, सिकाइ प्रक्रिया तथा सिकाइ सामग्रीसंशोधनका लागि सक्रियता जनाउने

(घ) विद्यार्थीको अध्ययन तथा प्रगतिबारेमा कक्षागत तथा विषयगत अभिलेख अध्ययन गरी आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउने, प्रतिवेदन दिने

(ङ) पाठ्यक्रम निर्माण कार्यमा सहभागी हुने

(इ) **अभिभावक :** अभिभावकले निम्न लिखित भूमिका निर्वाह गरेर पाठ्यक्रम निर्माणमा सहयोग गर्न सक्छन् :

(क) आफ्ना छोराछोरीको अध्ययनबाट अपेक्षा गरेका कुरा अभिव्यक्त गरेर

(ख) पाठ्यक्रम निर्माणमा प्रत्यक्ष संलग्न भएर

(ग) विद्यार्थीका लागि आवश्यक विषय वस्तु र सिकाइ प्रक्रिया निर्धारणमा आफ्नो राय, सुझाव तथा प्रतिक्रिया दिएर

(घ) विद्यालयमा गएर, स्थानीय विज्ञ वा स्रोत व्यक्तिका रूपमा सहजीकरण गरेर र त्ससको अनुभव र अभिलेख आवश्यक व्यक्तिलाई उपलब्ध गराएर

(ङ) विद्यार्थी शिक्षक तथा अन्य शिक्षासँग सम्बन्धित व्यक्तिलाई आआफ्नो व्यावसायिक क्षेत्रका आवश्यक ज्ञान, सिप सिकाएर तथा सूचना उपलब्ध गराएर

(ई) **शिक्षक अभिभावक सङ्घ :** शिक्षक अभिभावक सङ्घले बाल बालिकाको अध्ययन, अध्यापन वा सिकाइ प्रक्रियाबारे एकआपसमा विचार आदान प्रदान गरेर पाठ्यक्रमका विषय वस्तु र पाठ्यक्रम कार्यान्वयन प्रक्रियाबारे हुने छलफलमा सामूहिक राय, सुझाव दिएर, प्रतिक्रिया व्यक्त गरेर, अन्तर्क्रियामा संलग्न भएर र यथार्थ जानकारी गराएर भूमिका निर्वाह गनुपर्छ ।

(उ) **विद्यालय व्यवस्थापन समिति :** विद्यालय व्यवस्थापन समितिले पाठ्यक्रम कार्यान्वयनका

समस्या र समाधानका उपायबारे वास्तविकता वा यथार्थ कुरा सामूहिक रूपमा अभिव्यक्त गरेर आफ्नो भूमिका निर्वाह गर्नुपर्छ । समितिबाट प्रतिनिधित्व गर्ने अवस्थामा सक्रिय सहभागीको भूमिका पनि निर्वाह गर्नुपर्छ । यसले स्थानीय आवश्यकतामा आधारित विषय वस्तु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा त्यसको प्रभावकारिता अध्ययन गर्न सक्छ। यो समितिले स्थानीय तहका विभिन्न सान्दर्भिक सरोकारवालासँग समन्वय गरी पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सहयोग पुऱ्याउनुपर्छ ।

## ९.२ गाउँ विकास समिति/नगरपालिका तह

गाउँ विकास समिति/नगरपालिकाले पाठ्यक्रम निर्माणका लागि अप्रत्यक्ष रूपमा र कार्यक्रम नै सञ्चालन गरी प्रत्यक्ष रूपमा भूमिका निर्वाह गर्न सक्छ । यिनको भूमिका देहायअनुसार हुन्छ :

(अ) **गाउँ शिक्षा समिति :** यस समितिले सामूहिक रूपमा अभिभावक वर्गको आवश्यकता, चाहना र रुचिका विषय र विषय वस्तुबारे अभिमत प्रकट गरेर शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्छ। यसले समुदायको मागअनुसारका कार्यक्रम सञ्चालन गर्न स्रोत जुटाएर सक्रिय योगदान पुऱ्याउन सक्छ ।

(आ) **गाउँ विकास समिति/नगरपालिका :** गाशिसको मागअनुसार एउटा विद्यालय वा आफ्नो क्षेत्रभित्रका लागि स्थानीय समुदायको आवश्यकता, चाहना र मागअनुसार स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा निम्नानुसारका कार्य गर्न सक्छ :

(क) आफ्नो क्षेत्रभित्रका शिक्षक तथा विषय विज्ञलाई पाठ्यक्रम निर्माण कार्यमा संलग्न गराउने

(ख) गाशिस/नशिसले तयार गरेका कार्यक्रमका लागि आवश्यक स्रोत उपलब्ध गराउने

(ग) सञ्चालित कार्यक्रमको अनुगमन, सुपरिवेक्षण/निरीक्षण र मूल्याङ्कन गर्ने

यसले आफ्नो स्रोत, साधनबाट पाठ्यक्रम सम्बन्धी अध्ययन, सोध, अनुसन्धान गर्न तथा यस्ता कार्यमा सहभागी हुने अशियार/हिस्सेदारको रूपमा पनि भूमिका खेल्न सक्छ । यसले कार्यक्रम तयार गरी पाठ्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा निरन्तर परिमार्जनका कार्य अघि बढाउन सक्छ ।

(इ) **स्रोत केन्द्र :** स्रोत केन्द्रले स्थानीय पाठ्यक्रम निर्माणमा निम्न लिखित भूमिका निर्वाह गर्नुपर्छ :

(क) विद्यालयले सम्बन्धित कार्यका लागि माग गरेमा आफ्नो विशेषज्ञता उपयोग गरी सहयोग गर्नुपर्छ ।

(ख) विभिन्न विद्यालयले पाठ्यक्रम निर्माण गर्दा कार्य थलोमा गई सहयोग गर्न सक्छ ।

(ग) विद्यालयका शिक्षकलाई पाठ्यक्रम विकास र कार्यान्वयन सम्बन्धी तालिमको

आवश्यकता भएमा उनीहरूलाई तालिम प्रदान गर्ने प्रशिक्षकको रूपमा स्रोत व्यक्तिले कार्य गर्नुपर्छ ।

(घ) आफ्नो वा केन्द्रको अग्रसरतामा कार्यक्रम सञ्चालन गरिएमा वा स्रोत केन्द्र स्तरमा वा केही विद्यालयबाट सामूहिक कार्य सञ्चालन गर्न सहयोग मागेमा नेतृत्वको भूमिका पनि निर्वाह गर्नुपर्छ ।

(ङ) केन्द्र वा क्षेत्रबाट कार्यक्रम तयार भएअनुसार स्रोत व्यक्तिले पाठ्यक्रम निर्माण, परिमार्जन कार्यमा अध्ययन, प्रवर्तन, अनुसन्धान, मूल्याङ्कन तथा अनुगमनकर्ताको हैसियतले पनि काम गर्न सक्छ । यसका साथै सानो कार्यमूलक अनुसन्धान गर्न, आफैँ योजना बनाएर कार्यक्रम सञ्चालन गर्न र प्रतिवेदन तयार गरी प्रेषक, प्रचारक, प्रकाशकका रूपमा काम गर्न पनि सक्छ ।

स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनका सन्दर्भमा स्रोत केन्द्रलाई आवश्यक पर्ने प्राविधिक सहयोग गर्ने र स्रोत व्यक्तिका कार्यको समन्वय गर्ने कार्य विद्यालय निरीक्षकले गर्ने छ । स्रोत व्यक्ति नभएको अवस्थामा उल्लिखित कार्य विद्यालय निरीक्षकले गर्ने छ ।

## ९.३ जिल्ला तह

(अ) **जिल्ला शिक्षा कार्यालय :** जिल्ला पाठ्यक्रम समन्वय समिति (जिपास) गठन र कार्य सञ्चालन गर्न तथा स्थानीय पाठ्यक्रम विकास, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्राप्त गरी पुनः पाठ्यक्रम योजना तथा सुधारका निरन्तर कार्य सञ्चालन गर्न जिल्ला शिक्षा कार्यालय सक्रिय हुनु अनिवार्य छ । यस कार्यालयको निम्न लिखित भूमिका हुने गर्दछ :

(क) स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यकता वा मागको सर्वेक्षण गरी समितिलाई काम गर्ने वातावरण निर्माण गर्ने र पाठ्यक्रम निर्माणका लागि योजनाकारको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

(ख) जिल्ला पाठ्यक्रम समन्वय समितिको नेतृत्व सम्हाल्ने र यसका लागि संयोजक र सङ्गठन कर्ताको हैसियतले व्यवस्थापकको भूमिका सम्हाल्नुपर्ने हुन्छ ।

(ग) मानवीय, भौतिक, आर्थिक तथा सूचना स्रोत साधन परिचालन गर्ने भूमिका पनि जिशिकाको नै हुन्छ ।

(घ) पाठ्यक्रम निर्माण कार्यको कार्यान्वयनकर्ता पनि जिशिका नै हुन्छ ।

(ङ) जिल्ला पाठ्यक्रम समन्वय समितिको पथप्रदर्शक पनि जिशिकाको हुने गर्दछ ।

(आ) **जिल्ला शिक्षा समिति :** जिल्ला शिक्षा कार्यालयका प्रमुखको हैसियतले जिशिअले सिफारिस गरेका स्थानीय पाठ्यक्रम निर्माण कार्यका लागि सिफारिस तथा सुझाव दिने, कार्यको अनुगमन गर्ने, स्रोत जुटाउने, कार्यक्रममा लाग्ने खर्च अनुमोदन तथा पारित गर्ने र आवश्यकताअनुसार अन्य थप खर्च तथा कार्य अनुमोदन गरी स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन र मूल्याङ्कन कार्यमा सहभागिता जनाउने कार्य जिशिसको हो । यसले जिल्ला पाठ्यक्रम समन्वय समितिका कार्यको पनि रेखदेख गर्न सक्छ ।

(इ) **जिल्ला पाठ्यक्रम समन्वय समिति :** यस समितिले स्थानीय पाठ्यक्रम निर्माता, प्रयोग कर्ता र कार्यान्वयन कर्ता, अनुसन्धान कर्ता, परिमार्जन वा सुधार कर्ता, सुपरिवेक्षक वा पृष्ठपोषक र व्यवस्थापकको भूमिका निर्वाह गर्दछ। पाठ्यक्रम निर्माण गर्न जिल्ला तहमा दक्षता उपलब्ध नभएमा क्षेत्रीय पाठ्यक्रम समन्वय समिति तथा पाठ्यक्रम विकास केन्द्रबाट राय, सुझाव, पृष्ठपोषण तथा प्रतिक्रिया/निर्देशन प्राप्त गरी स्थानीय पाठ्यक्रम निर्माण समितिमा पुऱ्याउने समन्वय कर्ताको कार्य पनि जिल्ला पाठ्यक्रम समन्वय समितिले गर्नुपर्ने हुन्छ। यसरी गतिएका कार्यको सामयिक वा आवधिक प्रतिवेदन सम्बन्धित माथिल्लो निकायमा पुऱ्याउने कार्य यो समितिले गर्नुपर्ने हुन्छ।

(ई) **जिल्ला विकास समिति**

जिविसले शिक्षा सम्बन्धी योजना तर्जुमा तथा बजेट पारित गरी स्थानीय पाठ्यक्रम निर्माणमा पनि बजेट छुट्याउन सक्छ। आफ्नै सक्रियतामा पनि यस्ता योजना प्रस्तुत गरी कार्यान्वयन गराउन सकिन्छ। यसले कृषि, खानेपानी, जल विद्युत, वन तथा वातावरण, सिंचाइ, भूक्षय नियन्त्रण, सूचना तथा सञ्चार, स्वास्थ्य सेवा, घरेलु उद्योग, पर्यटन उद्योग जस्ता क्षेत्रमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गराउन सक्छ। जिविसको भूमिकालाई निम्नानुसार स्पष्ट पार्न सकिन्छ :

(क) योजना निर्माता तथा संयोजन कर्ता
(ख) योजना तथा कार्यक्रम समन्वय कर्ता
(ग) भौतिक, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापक
(घ) अनुगमन कर्ता
(ङ) मूल्याङ्कन कर्ता

जिल्लामा रहेका सरकारी तथा गैरसरकारी सामाजिक सांस्कृतिक सङ्घ संस्थाबाट स्रोत तथा सामग्री उपलब्ध गराउने कार्यमा सघाउ पुऱ्याएर जिविसले समन्वय कर्ताको भूमिका निर्वाह गर्न सक्छ।

(उ) **धार्मिक, सामाजिक सांस्कृतिक सङ्घ संस्था**

स्थानीय समुदायका विभिन्न क्षेत्रमा कार्य गरिरहेका गुठी, धार्मिक मठ मन्दिर, चैत्य, गुम्बा, विहार, मस्जिद आदि सञ्चालन गरिरहेका समूह तथा समुदायले आफूसँग भएको सूचना उपलब्ध गराउने, त्यस सम्बन्धी विषय वस्तु स्थानीय पाठ्यक्रममा राख्न लगाउने, स्रोत व्यक्तिको रूपमा विद्यार्थीलाई सिकाउने जस्ता कार्य गर्न सक्छन्।

(ऊ) **शिक्षक, प्रशिक्षक तथा पेसागत सङ्घ सङ्गठन**

जिल्लास्थित शिक्षण पेसामा कार्यरत सङ्घ, सङ्गठन, प्रशिक्षण संस्थामा कार्यरत व्यक्ति तथा

संस्थाले पनि स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन सम्बन्धी ज्ञान, प्राविधिक सहयोग, विशेषज्ञता र स्रोत सामग्री उपलब्ध गराएर योगदान गर्न सक्छन् ।

(ए) **उद्योगी, व्यवसायी र गैरसरकारी संस्था**

स्थानीय समुदायमा विभिन्न उद्योगी, व्यवसायी तथा गैरसरकारी संस्था रहेका हुन सक्छन् । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा उनीहरूले पनि सहयोग गर्न सक्छन् । पाठ्यक्रममा कामसँग सम्बन्धित विषय वस्तु राख्न र उद्योग तथा व्यवसाय सञ्चालन भएका स्थानमा प्रयोगात्मक कार्य गराउन यस्ता संस्थाबाट सहयोग लिन सकिन्छ ।

## ९.४ क्षेत्रीय शिक्षा निर्देशनालय

क्षेत्रीय शिक्षा निर्देशनालय (क्षेशिनि) ले जिल्ला पाठ्यक्रम समन्वय समिति र क्षेत्रीय पाठ्यक्रम समन्वय समिति कार्यव्यवस्था निर्देशिका, २०६१ ले तोकेअनुसार त्यस समितिको नेतृत्व गर्ने, कामको समन्वय गर्ने, अन्वेषण गर्ने, मानवीय तथा भौतिक स्रोत उपलब्ध गराई सहयोग गर्ने, केन्द्र र जिल्ला तहको पाठ्यक्रम निर्माणमा सहयोग पुऱ्याउने, जिल्लाका समस्या तथा गतिविधि केन्द्रमा पुऱ्याउने तथा केन्द्रको नीति, निर्देशन तथा निर्णय जिल्लासम्म पुऱ्याउने कार्य पनि गर्नुपर्छ । यसर्थ क्षेशिनिको निम्न लिखित भूमिका हुन सक्छ :

(क) स्थानीय पाठ्यक्रम निर्माणका लागि पूर्वावस्था वा पृष्ठभूमि तयार गरी कार्यारम्भ गर्ने, निरन्तरता दिने, कार्यान्वयन गर्ने, मूल्याङ्कन गर्ने तथा पृष्ठपोषण लिई पुनः योजनासमेत गर्ने व्यवस्थापन कार्यको नेतृत्व गर्ने

(ख) पाठ्यक्रम निर्माण कार्यको अनुगमन र सुपरिवेक्षण गर्ने

(ग) जिल्ला जिल्लाविच भएका पाठ्यक्रम निर्माण तथा कार्यान्वयन कार्यको समन्वय गर्ने तथा क्षेत्रीय स्तरका पाठ्यक्रम निर्माण कार्यको समन्वयकर्ता तथा जिल्ला तथा केन्द्रको पाठ्यक्रमको सूचना प्रवाह गर्ने

(घ) जिल्ला तथा क्षेत्रको पाठ्यक्रम निर्माणमा विशेषज्ञ उपलब्ध गराउने तथा आवश्यक ज्ञान, सिप प्रदान गर्ने

## ९.५ केन्द्रीय तह

### (अ) पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्र (पाविके) विद्यालय तहको पाठ्यक्रम विकास गर्ने केन्द्रीय निकाय हो। पाविके पाठ्यक्रम सम्बन्धी सूचना सङ्ग्रह कर्ता, पाठ्यक्रम निर्माणकर्ता, कार्यान्वयन कर्ता, अनुसन्धान कर्ता, अन्वेषण कर्ता, प्रवर्तक तथा परिवर्तन कर्ता पनि हो । यो पाठ्यक्रम सम्बन्धी नीति निर्माण गरी उत्थान गर्ने तथा निर्णयका लागि तयारी गर्ने संस्था पनि हो । हालसम्म केन्द्रीय पाठ्यक्रम निर्माण गरी आएको संस्थाको हैसियतले पाठ्यक्रम निर्माणको केन्द्रीय तथा उच्चतम संस्था हो । देशको परिवर्तित

अवस्थामा यसको भूमिकामा पनि परिवर्तन आएको छ । पाठ्यक्रम निर्माणका क्रममा यसले स्थानीय पाठयक्रम विकासका लागि सहयोग गर्न थालेको छ । यसले स्थानीय पाठ्यक्रम विकासका लागि नीति तय गरी सोहीअनुसार आवश्यक मानवीय स्रोत तथा विशेषज्ञता उपलब्ध गराउन सक्छ ।

### (आ) राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्

स्थानीय पाठ्यक्रम निर्माणका लागि पाविके तथा अन्य सम्वद्ध संस्थाको अध्ययन अनुसन्धानबाट देखाएका समस्या समाधानार्थ आवश्यक सहयोग पुऱ्याई स्थानीय पाठ्यक्रम निर्माणका लागि क्षमता विकास गर्ने, स्थानीय आवश्यकताअनुसार पाठ्यक्रम निर्माण गर्ने एवम् केन्द्रीय पाठ्यक्रम सल्लाहकार समिति (रा.पा.प्रा., २०६३ अनुसार गठन हुन बाँकी) ले सिफारिस गरेअनुसार कार्य गर्ने, नीति निर्धारण र प्रक्रिया तय गर्ने निर्णय गरी सहयोग गर्ने तथा नीति निर्माणको दायित्व पुरा गर्ने यस परिषद्को महत्त्वपूर्ण भूमिका हुन्छ ।

### (इ) शैक्षिक जनशक्ति विकास केन्द्र

शैक्षिक जनशक्ति विकास केन्द्रबाट सञ्चालन हुने शिक्षकको पेसागत तालिम तथा अन्य व्यवस्थापकीय तालिममा स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयन सम्बन्धी विषय वस्तु समावेश गरी सहभागीलाई सो बारे जानकारी दिने कार्य यस संस्थाले गर्छ ।

## ९.६ समन्वय र साझेदारी

स्थानीय पाठ्यक्रम प्रारूपको कार्यान्वयन समन्वयात्मक रूपमा सञ्चालन गरिने छ । यसका लागि पाठ्यक्रम विकास, शिक्षक व्यवस्थापन, परीक्षा र मूल्याङ्कन, शैक्षिक व्यवस्थापन तथा सुपरिवेक्षण, शैक्षिक अनुसन्धान जस्ता पक्षलाई राष्ट्रिय पाठ्यक्रम प्रारूपको भावना प्रतिकूल नहुने गरी समुचित रूपमा समन्वय गरिने छ । शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, सरकारी तथा गैरसरकारी निकायसँग कार्यगत एकता गरी स्थानीय पाठ्यक्रम सम्बद्ध गतिविधिहरू साझेदारी रणनीतिअनुरूप सञ्चालन गरिने छ । जिल्ला पाठ्यक्रम समन्वय समिति र क्षेत्रीय पाठ्यक्रम समन्वय समितिसँग समन्वय गरी पाठ्यक्रम विकास केन्द्रले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने छ ।

## ९.७ स्थानीय पाठ्यक्रम प्रारूपको कार्यान्वयन

यस प्रारूपले व्यवस्था गरेका विविध पक्षलाई राष्ट्रिय पाठ्यक्रम प्रारूप सरह कार्यान्वयन गर्न केन्द्रदेखि विद्यालय तहसम्मको संस्थागत क्षमतामा विशिष्ट ध्यान दिनुपर्ने देखिन्छ । राष्ट्रिय पाठ्यक्रम मूल्याङ्कन तथा विकास परिषद्ले स्वीकृत गरेका मितिदेखि देशभर यो प्रारूप कार्यान्वयन हुने छ ।

## ९.८ स्थानीय पाठ्यक्रम प्रारूपको परिमार्जन र सुधार

यो प्रारूप निर्माण गर्दा जिल्ला, क्षेत्रीय र केन्द्र स्तरमा नीति निर्माता, प्राज्ञिक समूहलगायतका समूहसँग चरणबद्ध रूपमा बृहद् छलफल, गोष्ठी र अन्तर्क्रियाका माध्यमबाट पृष्ठपोषण सङ्कलन गरी उक्त

सुझावको परिमार्जन र परिस्कृत गरिएको थियो । वर्तमान लोकतान्त्रिक परिवेशलाई ध्यान दिदैं शैक्षिक विकेन्द्रीकरणका माध्यमबाट शिक्षाका सम्बद्ध सरोकारवालालाई शिक्षामा अधिकाधिक सहभागिता गराउन र शैक्षिक सुधार कार्यमा संवेदनशीलता र सतर्कता अपनाउनु पर्ने भएकाले निश्चित समयको अन्तरालमा प्रारूपको परिमार्जन र सुधारलाई निरन्तरता दिनु अपरिहार्य हुन्छ । अत: यो प्रारूप केही वर्षका लागि परीक्षण रूपमा देशभर प्रयोग गरी प्राप्त सुझाव र अनुभवका आधारमा राष्ट्रिय प्रारूपको संशोधन र परिमार्जनसंगै आवश्यक सुधार गर्दै जाने **Rolling Document** का रूपमा कार्यान्वयमा लगिने छ ।

## सन्दर्भ सामग्री


पाठ्यक्रम विकास केन्द (२०५७), प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ (कक्षा १-५) (संशोधन), सानोठिमी, भक्तपुर : लेखक

पाठ्यक्रम विकास केन्द (२०६०), स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६०, सानोठिमी, भक्तपुर : लेखक

पाठ्यक्रम विकास केन्द (२०६२), प्राथमिक शिक्षा, २०६२ (कक्षा १-३), सानोठिमी, भक्तपुर : लेखक

पाठ्यक्रम विकास केन्द (२०६३), राष्ट्रियं पाठ्यक्रम प्रारूप, २०६३, सानोठिमी, भक्तपुर : लेखक

पाठ्यक्रम विकास केन्द्र (२०६४), स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका (प्राथमिक तह) २०६४, सानोठिमी, भक्तपुर : लेखक

पाठ्यक्रम विकास केन्द्र (२०६५), प्राथमिक शिक्षा, २०६२ (कक्षा ४-५), सानोठिमी, भक्तपुर : लेखक

पाठ्यक्रम विकास केन्द्र (२०६५), स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वय सम्बन्धी सचेतना सामग्री, २०६५, सानोठिमी, भक्तपुर : लेखक

पाठ्यक्रम विकास केन्द्र (२०६५), स्थानीय पाठ्यक्रम : स्रोत सामग्री, २०६७, सानोठिमी, भक्तपुर : लेखक

www2.unescobkk.org/elib/ publications/building curriculum

अनुसूचीहरु

# नमुना स्थानीय पाठ्यक्रम

# अनुसूची - १

विषय शीर्षक : आय आर्जन (पूर्णाङ्क १००)

आधारभूत तह (कक्षा १-५)

## १. परिचय

नेपालको पूर्वोत्तर क्षेत्रको सङ्खुवासभा जिल्ला हिमाल, पहाड र अरुण उपत्यकाले परिवेष्टित विभिन्न प्रकारका हावापानी पाइने जिल्ला हो । भौगोलिक, सांस्कृतिक एवम् सामाजिक विविधतायुक्त यस जिल्लाको आफ्नै विशेषता रहेको पाइन्छ। लेकदेखि बेँसीसम्मको भूवनोट भएकाले यहाँ विभिन्न प्रजातिका वनस्पति, पशुपक्षी, जडिबुटी, फलफुल, तरकारी एवम् अन्य सम्पदा जिल्लाभित्र यत्रतत्र छरिएर रहेका छन् तर तिनीको संरक्षण, संवर्धन, क्रय विक्रय व्यवस्था एवम् पुनरोपण गरी त्यसबाट पुनः आय आर्जन गर्न सकिरहेको अवस्था छैन। खोला, खोल्सी र अन्य मूलबाट पानी बगेर खेर गइरहेको अवस्थाले सिँचाइ सुविधा पुग्न सकेको छैन । स्थानीय मल बिउको प्रयोग गरी स्वास्थ्यवर्धक ताजा फलफुल, तरकारीको उत्पादन गर्ने प्रशस्त सम्भावना रहँदा रहँदै पनि यो पक्षमा खास उपलब्धि भएको छैन ।

छेउछाउका अधिकांश जग्गा बाँझो बसिरहेको र युवा पुस्ता आय आर्जनका लागि विदेश पलायन भएको तितो यथार्थ हाम्रो सामु छ। यस स्थितिलाई सुधार गर्न बाल बालिकामा सानै कक्षादेखि आफ्नो जिल्लामा हुने र गर्न सकिने कृषि कार्य र त्यसबाट प्राप्त हुने आयले जीवन निर्वाहमा सहयोग पुऱ्याउने, स्वस्थ जीवन विताउन पाइने एवम् अन्य आर्जन गर्न सकिने कुरामा सकारात्मक धारणा बस्न सकोस् भन्ने हेतुले यो स्थानीय पाठ्यक्रम तयार गरिएको हो । यस पाठ्यक्रमले कक्षा १ देखि ५ सम्मका बाल बालिकामा आफ्नो लागि आफैं काम गर्ने बानीको विकास गरी कृषि कार्य र जिल्लाभित्रका घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तु तथा आन्तरिक पर्यटन व्यवसायबाट लाभ हुने कुरा जानकारी लिई आय आर्जन हुने कुराप्रति सकारात्मक धारणाको विकास गर्न स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहने भएकाले **आय आर्जन विषयमा** यो स्थानीय पाठ्यक्रम, २०७० तयार गरिएको छ ।

## २. तहगत सक्षमता

यस विषयमा आधारभूत तह (कक्षा १-५) को अन्त्यमा निम्न लिखित सक्षमता हासिल हुने छन् :

२.१ सङ्खुवासभा जिल्लाका आय आर्जनका क्षेत्र पहिचान

२.२ आर्य आर्जनको आवश्यकता र महत्त्व बोध

२.३ आय आर्जनका स्रोत, साधन र सामग्री बोध

२.४ आय आर्जनका वस्तुको उत्पादन, उत्पादित वस्तुको संरक्षण, भण्डारन एवम् व्यवस्थापन

२.५ उत्पादित वस्तुको व्यवस्थित बजारीकरण

२.६ पेसागत सिप विकास

## ३. विषय वस्तुको क्षेत्र र क्रम

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| १. तरकारी खेती | हामीले खाने तरकारी र तिनको सामान्य वर्गीकरण | स्थानीय जातका तरकारीको सामान्य परिचय र तिनको खाइने भागको आधारमा वर्गीकरण | विभिन्न मौसममा पाइने तरकारीहरू,बेमौसमी तरकारीहरूको परिचय तरकारी खेतीमा प्रयोग हुने औजारहरू | विभिन्न मौसममा रोपिने तरकारीहरू, तरकारी बारीमा मलजल,गोडमेल संरक्षण | तरकारीको महत्त्व र फाइदा, तरकारीमा लाग्ने रोग र उपचार, भण्डारन र बिक्री वितरण |
| २. फलफुल खेती | आफ्नो घर वरपर पाइने फलफुल र त्यसको सामान्य वर्गीकरण | स्थानीय जातका फलफुलको परिचय र बोटको आधारमा वर्गीकरण | विभिन्न मौसमअनुसारको फलफुलहरू, फलफुलबाट बन्ने परिकार | फलफुलको मलजल, गोडमेल, काटछाट र संरक्षण | फलफुलमा लाग्ने रोग, उपचार र फलफुलको भण्डारन एवम् बिक्री वितरण, |
| ३. पशु पन्छी पालन व्यवसाय | घरपालुवा पशु पन्छीको परिचय | पशु पन्छीको वर्गीकरण (उपयोगका आधारमा) | पशु पन्छीबाट हुने उत्पादन र तिनको उपयोग | पशु पन्छी पालनका व्यवसायका लागि आवश्यक पूर्वाधारहरू | पशु पन्छी र तिनको उत्पादनको बिक्री वितरण र बजार व्यवस्था |
| ४. स्थानीय वनस्पति | स्थानीय वनस्पतिहरूको पहिचान | स्थानीय औषधीजन्य वनस्पतिहरूको पहिचान र वर्गीकरण | औषधीजन्य वनस्पतिहरूको उपयोग र महत्व | औषधीजन्य वनस्पतिहरूको खेती, सङ्कलन र संरक्षण | औषधीजन्य वनस्पतिहरूको कच्चा पदार्थको रूपमा बिक्री वितरण र बजार |
| ५. राडी, पाखी र गलैंचा | –. | – | – | स्थानीय स्तरमा प्रयोग गरिने ओछ्याउने वस्तुहरू जस्तैः राडीपाखी र गलैंचा | राडी, पाखी निर्माणमा प्रयोग हुने सामग्री र बजार |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| ६. चैनपुरे करुवा | – | – | – | चैनपुरे करुवाको परिचय र महत्त्व | चैनपुरे करुवाको प्रचार |
| ७. पर्यटन | – | – | – | परिचय, प्रकार पर्यापर्यटन, साँस्कृतिक पर्यटन – | पर्यटनको महत्त्व, पर्यटन प्रवर्धनमा स्थानीय तरिका, जस्तै : अतिथि सत्कार, |

## ४. शिक्षण सिकाइ क्रियाकलाप

स्थानीय विषयको शिक्षण सिकाइ गर्दा सकेसम्म कक्षाभित्र भन्दा बाहिर गरिने क्रियाकलापमा जोड दिनुपर्दछ । यसको लागि स्थलगत अवलोकन, विषय वस्तुसँग सम्बन्धित कार्यमा सहभागिता, छलफल तथा अन्तरक्रिया आदि गराउन सकिन्छ । पर्यटन क्षेत्रको लागि स्थानीय पर्यटन व्यवसायीसँग भेट गराई छलफल गराउन सकिन्छ । पर्यटन व्यवसायलाई विकास गर्ने विभिन्न वस्तुको खोजी गराउने हुन सक्छन् । त्यसै गरी अन्य विषय वस्तुको लागि पनि त्यससँग सम्बन्धित व्यक्तिलाई स्रोत व्यक्तिको रूपमा उपयोग गर्न सकिन्छ । स्थानीय आवश्यकता र अनुकूलताअनुसार छलफल, स्थलगत अध्ययन भ्रमण, अवलोकन, प्रदर्शन, सहभागिता, प्रश्नोत्तर, स्रोत व्यक्ति आमन्त्रण आदि जस्ता क्रियाकलाप विधि प्रयोगमा ल्याउन सकिन्छ ।

## ५. मूल्याङ्कन प्रक्रिया

स्थानीय विषयको मूल्याङ्कन अन्य केन्द्रीय पाठ्यक्रमले निर्देश गरेअनुसार गर्नुपर्छ । मूल्याङ्कनका सबै तरिका अवलम्बन गरिए तापनि शिक्षण सिकाइ क्रियाकलापकै क्रममा बाल बालिकाले गरेका क्रियाकलापको अवलोकन गरी निर्माणात्मक तथा निरन्तर मूल्याङ्कनमा जोड दिनुपर्छ । प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका बनाई अभिलेख राख्नुपर्छ । लिखित परीक्षालाई भन्दा निरन्तर मूल्याङ्कन लाई महत्त्व दिएर मूल्याङ्कन गर्नुपर्छ ।

## ४. विषय वस्तुको विस्तृतीकरण

**कक्षा : १**

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| १. तरकारी | हामीले खाने तरकारीको नाम बताउन | हामीले खाने तरकारी : आलु, मुला, रायो, तामा, निगुरो फर्सी, बोडी, पिंडालु, सिस्नु आदि | ▪ हामीले खाने गरेका तरकारीको नाम भन्न लगाउने<br>▪ चित्र देखाई अन्य तरकारीको नाम भन्न लगाउने,<br>▪ नजिकैको तरकारी बारीको अवलोकन गराउने | तिम्रो घरमा कुनकुन तरकारी पाइन्छ ? तिमीलाई मिठो लाग्ने तरकारी के हो ? आदि अवलोकन गरेको कुरालाई रुजु सूची बनाई मूल्याङ्कन गर्ने । | २० |
| | तरकारीलाई माटोमाथि र माटोमुनिको भाग खाइने आधारमा वर्गीकरण गर्न | स्थानीय स्तरमा पाइने तरकारीहरूलाई माटो मुनिको भाग खाने र माटोमाथिको भाग खाइने आधारमा वर्गीकरण जस्तैः माटो मुनिको भाग खाने -आलु, मुला, तरुल, पिंडालु, आदि माटोमाथिको भाग खाने रायो, निगुरो फर्सी, बोडी, सिमी | ▪ विभिन्न प्रकारका तरकारीको चित्र, नमुना, वास्तविक तरकारी प्रदर्शन गर्दै वर्गीकरण गर्न लगाउने ।<br>▪ नजिकमा रहेको तरकारी बारीको अवलोकन गराउने ।<br>▪ तरकारी सम्बन्धि गीत, चित्रकथाका माध्यमबाट बर्गीरण गर्ने<br>▪ विभिन्न प्रारका तरकारीका चित्रहरूको रङ पहिचान गरी रङ्ग भर्न लगाउने | ▪ विभिन्न प्रकारका तरकारीहरूको चित्रपत्ती वा वास्तविक तरकारीको समूहबाट छुट्याउन लगाउने<br>▪ तरकारीहरूको चित्र देखाई, पहिचान गर्न लगाउने | २० |
| २. घर वरिपरि पाइने फलफुल | आफ्नो घर वरपर पाइने फलफुल र त्यसको सामान्य वर्गीकरण | आफ्नो घर वरिपरि पाइने फलफुल जस्तैः केरा, सुन्तला, कागती, लिची निबुवा, अम्बक, एँसेलु, काफल, मल्लिडो आदि<br>स्वादका आधारमा फलफुलको वर्गीकरण | ▪ चित्र प्रदर्शन गर्दै आफ्नो घर वरिपरि पाइने फलफुलको नाम भन्न लगाउने<br>▪ नजिकैको फलफुल बगैंचाको अवलोकन गर्न लगाउने<br>▪ चित्र वा नमुन प्रदर्शन वा फलफुल चाख्न लगाई स्वादका आधारमा फलफुलको वर्गीकरण गर्न लगाउने | ▪ विभिन्न प्रकारका फलफुलको चित्रपत्ती वा वास्तविक फलफुल देखाउँदै पहिचान र वर्गीकरण गर्न लगाउने | ३० |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| ३. पशुपन्छी पालन व्यवसाय | घरपालुवा पशु पन्छीको परिचय | स्थानीय गाई, जर्सी गाई, भैंसी, चौंरी, बाखा, कुखुरा, हास आदिको परिचय | चित्र प्रदर्शन गर्दै विभिन्न जनावर र पशु पक्षीको चित्र देखाई घरपालुवा पशु पन्छी पहिचान गर्न लगाउने<br>गोठ, खर्क, डेरी तथा स्थानीय उपलब्धताको आधारमा अवलोकन गराउने | आफ्नो घरमा भएका पशु पन्छीको नाम सोधी मूल्याङ्कन गर्ने | ३० |
| ४. स्थानीय वनस्पति | स्थानीय वनस्पतिहरूको पहिचान | स्थानीय वनस्पतिहरू जस्तै : तुलसी, निम, घोडताप्रे, चरी अमिलो, हर्रो, बर्रो, अमला, उतिस, सिस्नु, असुरो आदि | वरिपरि भएका विभिन्न वनस्पतिको अवलोकन<br>गराउने र नाम अनुसार पहिचान गर्न लगाउने | स्थानीय वनस्पतिको नाम बताउने खालका विभिन्न प्रश्न सोध्ने | २८ |
| जम्मा | | | | | १२८ |

**कक्षा : २**

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार |
|---|---|---|---|---|---|
| १. तरकारी | हामीले खाने स्थानीय तरकारीको नाम बताउन, स्थानीय तरकारीको परिचय बताउन | स्थानीय तरकारी : आलु मुला, रायो, तामा, निगुरो फर्सी, बोडी काँको, सिस्नु आदि | हरिया सागपातको अवलोकन प्रर्दशन | तिमीले दैनिक खाने तरकारी के के हुन् ? | २० |
| | तरकारीलाई खाइने भागको आधारमा वर्गीकरण गर्न | स्थानीय स्तरमा पाइने तरकारीहरूलाई खाइने भागको आधारमा वर्गीकरण जस्तै: पात, काण्ड (डाँठ), जरा, फल, फुल र गेडा (सिमी, केराउ, आदि) | ▪ विभिन्न प्रकारका तरकारीको चित्र, नमुना, बास्तविक तरकारी प्रदर्शन गर्दै वर्गीकरण गर्न लगाउने<br>▪ नजिकमा रहेको तरकारी बारीको अवलोकन गराउने ।<br>▪ तरकारी सम्बन्धि गीत, चित्रकथाका माध्यमबाट वर्गीरण गर्ने<br>▪ विभिन्न प्रारका तरकारीका चित्रहरू बनाई रङ भर्न लगाउने | ▪ विभिन्न प्रकारका तरकारीहरूको चित्रपत्ती वा बास्तविक तरकारीको समूहबाट छुट्याउन लगाउने<br>▪ तरकारीहरूको चित्र देखाई पहिचान गर्न लगाउने<br>▪ विद्यर्थीले गरेका कार्यको अवलोकन गरी मूल्याङ्कन गर्ने | २० |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार |
|---|---|---|---|---|---|
| २<br>घर वरिपरि पाइने फलफुल | स्थानीय जातका फलफुलको परिचय र बोटको आधारमा वर्गीकरण गर्न | स्थानीय जातका विभिन्न फलफुल : केरा, सुन्तला, कागती, लिची, निबुवा, अम्बक, ऐंसेलु, काफल, मल्लिडो, किम्बु, चर्चरे गोफ्ले, ठेकीफल, हलुवावेद आदिको परिचय, फलफुलका बोटका आधारमा वर्गीकरण(रुख,लहरा आदि) | ■ चित्र, वस्तु प्रर्दशन, अवलोकन छलफलका माध्यमबाट विभिन्न प्रकारका फलफुलको परिचय गराउने<br>■ विभिन्न प्रकारका फलफुलको पात सङ्कलन गर्न लगाई फलफुलको वर्गीकरण गर्दै कक्षामा प्रदर्शन गर्न लगाउने । | ■ गोजि तालिकामा विभिन्न फलफुलका चित्रपत्तिहरू राखी वर्गीकरण गर्न लगाई विद्यार्थीको मूल्याङ्कन गर्ने<br>■ विभिन्न प्रकारका फलफुलका पात सङ्कलन र वर्गीकरण गरेका आधारमा विद्यार्थीलाई प्रोत्साहित गर्ने | ३० |
| ३<br>पशुपन्छी पालन व्यवसाय | पशु पन्छीको वर्गीकरण (उपयोगका आधारमा) | दुध, मासु, फुल प्राप्त हुने आधारमा पशु पन्छीको वर्गीकरण | स्थानीय स्तरमा पाइने दुध, मासु, फुल प्राप्त हुने पशु पन्छीको तस्विर, अवलोकन गरी छलफल गराउने<br>अनुभव बताई छलफल गर्न लगाउने | विभिन्न प्रश्न गरी मूल्याङ्कन गर्ने<br>विद्यार्थीले गरेका कार्यको आधारमा मूल्याङ्कन गर्ने | ३० |
| ४<br>स्थानीय वनस्पति | स्थानीय औषधीजन्य वनस्पतिहरूको पहिचान र वर्गीकरण | स्थानीय औषधीजन्य वनस्पतिहरू जस्तै : बडहर, तुलसी पत्र, कालो निगुराको जरा आदिको पहिचान | स्थानीय क्षेत्रमा उपलब्ध हुने ओखती र झारपात भएको स्थानमा भ्रमण गराउने<br>औषधीजन्य वनस्पतिहरूको नमुना प्रदर्शन गर्दै कक्षामा छलफल गराउने | आफ्नो वरिपरी पाइने ओखती हुने बोट बिरुवाको नाम बताऊन लगाउने<br>विद्यार्थी क्रियाकलापको श्रेणी मापन गर्ने | २८ |
| जम्मा | | | | | १२८ |

कक्षा : ३

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार |
|---|---|---|---|---|---|
| १.<br>हामीले खाने तरकारी को बिउ | विभिन्न मौसममा पाइने तरकारीहरू र बेमौसमी तरकारीहरूको परिचय दिन | हिउँदे तरकारी : मुला, कोपी, काउली, रायो, आदि<br>बर्षे तरकारी : बोडी, फर्सी, स्कुस, करेला, घिरौंला, लौका आदि<br>बेमौसमी तरकारीको परिचय र महत्व | ■ विभिन्न मौसममा पाइने तरकारीहरूको चित्र, वास्तविक तरकारी र नमुनाहरूको प्रयोग गरी छलफल गराउने<br>■ विद्यालयमा करेसाबारीको व्यवस्था गरी मौसम अनुसारको तरकारी लगाउने कार्यमा सहभागी गराउने<br>■ स्थानीय बेमौसमी तरकारीको बारेमा छलफल गराउनेे<br>■ स्थानीय तरकारी बारीको अवलोकन गराउने | ■ आफ्नो घरमा पाइने हिउँदे र बर्षे तरकारीको सूची तयार गर ।<br>■ स्थानीय तरकारीहरू कुनकुन महिनामा पाइन्छन् भनी क्यालेण्डरमा देखाउन लगाउने<br>■ अवलोकन फारम प्रयोग गरी विद्यार्थी सहभागिता, सक्रियताको आधारमा मूल्याङ्कन गर्ने र कार्य सञ्चयीकामा अभिलेख राख्ने | २० |
| | तरकारी खेतीमा प्रयोग हुने औजारहरू पहिचान गरी प्रयोग गर्ने तरिका बताउन | तरकारी खेतीमा प्रयोग हुने औजारहरू कुट्टो, कोदालो, हसिया आदि | ■ तरकारी खेतीमा प्रयोग हुने औजारहरूको चित्र वा वास्तविक औजार अवलोकन गर्न लगाई औजारहरूको पहिचान गर्न लगाउने<br>■ कुन साधनको प्रयोग के मा गरिन्छ,समूहमा छलफल गरी भन्न लगाउने<br>■ स्थानीय खेत वा बारीमा काम गरिरहेको ठाउँमा लगी सामाग्री प्रयोगको अवस्था अवलोकन गर्न लगाउने | विषयवस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने जस्तै :तरकारी खेतीमा प्रयोग हुने औजारहरूको सूची बनाऊ ।<br>छलफल र अवलोकनका कुराहरूलाई श्रेणी मापन गरी मूल्याङ्कन गर्ने | २० |
| २.<br>घर वरिपरि पाइने फलफुल | विभिन्न मौसमअनुसारको फलफुलहरू पहिचान गरी फलफुलबाट बन्ने परिकारहरूको बारेमा बताउन | स्थानीय क्षेत्रमा पाइने मौसमअनुसारका फलफुलहरू जस्तै: केरा, सुन्तला, कागती, लिची निबुवा, अम्बक, ऐँसेलु, काफल, मल्लिँडो, किम्बु, चचरे, गोफ्ले, ठेकीफल, हलुवाबेद आदि<br>जाम जेली, जुस, सुकुटी, माडा जस्ता फलफुलबाट बन्ने परिकारहरू | ■ चित्र प्रर्दशन गर्दै स्थानीय क्षेत्रमा मौसम अनुसार पाइने फलफुलको बारेमा छलफल गर्ने<br>■ विद्यालय वरपर पाइने विभिन्न फलफुलका बोटहरू अवलोकन गराउने<br>■ स्थानीय जानकार व्यक्तिलाई आमन्त्रण गरी फलफुलबाट बन्ने परिकाका नमुना देखाई छलफल गराउने | विषयवस्तु सँग सम्बन्धित प्रश्नोत्तर गरी विद्यार्थी मूल्याङ्कन गर्ने जस्तै:<br>तिम्रो घरको बगैंचामा कुन कुन फलफुलहरू छन् ?<br>विद्यार्थीले गरेका अवलोकन कार्यलाई रुजुसूचीमार्फत मूल्याङ्कन गर्ने । | ३० |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार |
|---|---|---|---|---|---|
| ३<br>पशु पन्छी पालन व्यवसाय | पशु पन्छीबाट हुने उत्पादन र तिनको उपयोग बताउन | स्थानीय पशु पन्छीबाट हुने उत्पादन जस्तै दुध, दही, खुवा, पनिर, अण्डा, मासु, भूवा र ऊन, छाला र तिनको उपयोग | स्थानीय पशु पन्छीबाट हुने उत्पादन र त्यसको उपयोगका बारेमा चित्र प्रदर्शन गर्दै छलफल गराउने | विभिन्न प्रश्न सोधी मूल्याङ्कन गर्ने विद्यार्थीले गरेका छलफलको रुजुसुची वनाई मूल्याङ्कन गर्ने | ३० |
| ४.<br>स्थानीय वनस्पति | औषधीजन्य वनस्पतिहरूको उपयोग र महत्व | स्थानीय औषधीजन्य वनस्पतिहरूको उपयोग | ■ स्थानीय औषधीजन्य वनस्पतिहरूको नमुना प्रदर्शन गर्दै छलफल गराउने<br>■ स्थानीय औषधीजन्य वनस्पतिहरूको उपयोग सम्बन्धमा प्रयोगात्मक अभ्यास वा प्रदर्शनका माध्यमबाट छलफल गर्ने | तुलसीको उपयोग कसरी गर्न सकिन्छ ? भन्ने जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने | २८ |

कक्षा : ५

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| १.<br>तरकारीका बिउ | विभिन्न मौसममा रोपिने तरकारीहरूको पहिचान गर्न | स्थानीय स्तरमा विभिन्न महिनामा रोपिने तरकारीहरूको पहिचान, बेमौसमी तरकारी खेती गर्ने सामान्य तरिका | ■ कक्षाकोठामा खुला भाँडामा केही तरकारीका बिउ पानीमा ढड्याई अङ्कुर भएको दैनिक अवलोकन गराउने<br>■ विद्यालको करेसाबरीमा मौसम अनुसारको तरकारी लगाउने कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने<br>■ बेमौसमी तरकारी खेतीका बारेमा स्थानीय कृषकलाई स्रोत व्यक्तिको रूपमा कक्षामा आमन्त्रण गरी छलफल गर्ने | ■ विषयवस्तुसँग सम्बन्धित प्रश्न गरी मूल्याङ्कन गर्ने जस्तै, काउली कुन महिनामा रोपिन्छ ?<br>■ विद्यार्थीलाई आफूले गरेको कार्यको स्वमूल्याङ्कन गर्न लगाउने<br>■ विद्यार्थीले गरेका क्रियाकलापका आधारमा अवलोकन फाराम वा रुजु सूचीका माध्यमबाट मूल्याङ्कन गर्ने । | ३० |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | तरकारी बारीमा मलजल, गोडमेल संरक्षण गर्न | तरकारी बारीमा प्रयोग गरिने मलहरूको प्रकार,<br>प्राङ्गारिक मल,<br>तरकारीको गोडमेल,<br>तरकारीको स्याहार र संरक्षण | ▪ तरकारी बारीमा प्रयोग गरिने विभिन्न प्रकारका मलहरूको नमुना प्रदर्शन गर्दै छलफल गर्ने<br>▪ प्राङ्गारिक मलको परिचय, निर्माण गर्ने र प्रयोग गर्ने तरिका प्रयोगात्मक ढङ्गबाट सिकाउने<br>▪ करेसा बारीमा लगी खनजोत, बार लगाउने, स्याहार र गोडमेल गर्ने क्रियाकलाप गराउने | ▪ विद्यार्थी सहभागिताका आधारमा श्रेणी मापन गरी मूल्याङ्कन गर्ने | |
| २. फलफुल | फलफुलको मलजल, गोडमेल, काटछाट र संरक्षण कार्यमा संलग्न हुन | फलफूलको बोटमा प्रयोग गरिने मलहरू फलफूलका बिरुवा वा बोटको काटछाँट, संरक्षण र गोलमेल | ▪ स्रोत व्यक्तिको रूपमा नजिकको फलफुल खेती गर्ने कृषकलाई कक्षा कोठामा बोलाई छलफलमा सहभागी गराउने, नजिकैको फलफुल बगैँचामा अवलोकन, गोडमेल गर्ने कार्यमा संलग्न गराउने<br>▪ फलफुल संरक्षण गर्ने तरीका गित, कथा वा चित्र कथाको माध्यमबाट स्पष्ट पार्ने । | ▪ विषयवस्तुसँग सम्बन्धित प्रश्न गरी मूल्याङ्कन गर्ने जस्तै, फलफुल कुन बेला टिप्नुपर्छ ? बढी भएको फलफुल कसरी भण्डार गर्नुपर्छ ? | २५ |
| ३. पशुपालन व्यवसाय | पशु पन्छी पालन व्यवसायका लागि आवश्यक पूर्वाधारहरू पहिचान गर्न | पशु पन्छी पालन व्यवसायका पूर्वाधारहरू जस्तै चरण, हावापानी, घाँस, गोठ, खोर, आदि | विभिन्न चित्र प्रदर्शन गर्दै पशु पन्छी पालन व्यवसायका पूर्वाधारहरूबारेमा छलफल गर्न लगाउने<br>स्थानीय पशुपालन स्थलको अवलोकन गराउने | अवलोकन फारामको आधारमा मूल्याङ्कन गर्ने | २५ |
| ४. स्थानीय वनस्पति | औषधीजन्य वनस्पतिहरूको कच्चा पदार्थको रूपमा बिक्री वितरण र बजार व्यवस्थाको बारेमा बताउन | स्थानीय औषधीजन्य वनस्पतिहरूलाई कच्चा पदार्थको रूपमा बिक्री वितरण र बजार व्यवस्था | ▪ औषधीजन्य वनस्पतिहरूको कच्चा पदार्थको रूपमा बिक्री वितरण र बजार व्यवस्थ गर्ने बारेमा चित्र छलफल गरी छलफल गराउने<br>▪ स्थानीय बजारको अवलोकन गराई औषधीजन्य वनस्पतिको बिक्री वितरणको अवस्था बारेमा छलफल गराउने | विद्यार्थी कार्यको अवलोकन गरी मूल्याङ्कन गर्ने | १८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| ५<br>चैनपुरे करुवा | चैनपुरे करुवाको परिचय दिन | चैनपुरे करुवाको नमुना वा चित्र | करुवा चित्र प्रदर्शन र छलफल | चैनपुरे करुवाको सफा चित्र बनाऊ | २० |
| ६<br>हाम्रो घरमा ओछ्याइने वस्तु | हाम्रो घरमा ओछ्याइने वस्तुको नाम बताउन | राडी, पाखी, गलैंचा, चकटी, बख्खु आदि | घरमा ओछ्याइने वस्तुको चित्र प्रदर्शन, अवलोकन भ्रमण र छलफल गराउने | हाम्रो घरमा ओछ्याइने वस्तुको सूची तयार गर | १० |
| जम्मा | | | | | १२८ |

कक्षा : ५

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| १<br>तरकारी | तरकारीको महत्व र फाइदा,<br>तरकारीमा लाग्ने रोग उपचार, भण्डारन र बिक्री वितरण बताउन | तरकारीको महत्त्व र फाइदाहरू,<br>तरकारीमा लाग्ने रोगहरू,<br>तरकारीमा लाग्ने विभिन्न रोगको उपचार,<br>तरकारीको सुरक्षित भण्डारन र तरकारी बिक्री वितरण र बजार | ▪ तरकारीको महत्व र फाईदा सम्बन्धमा विभिन्न समूहमा छलफल गराउने<br>▪ स्रोत व्यक्तिको रूपमा नजिकको तरकारी खेती गर्ने कृषकलाई कक्षाकोठामा बोलाई छलफल गराउने<br>▪ रोग लागेका तरकारीका बिरुवाको नमूना प्रदर्शन गराई उपचारका बारेमा छलफल गराउने<br>▪ तरकारीलाई लामो समयसम्म सुरक्षित गरी राख्न भण्डारनका विभिन्न उपायहरू बारेमा छलफल गराउने<br>▪ तरकारी बिक्री हुने स्थानिय बजारको अवलोकन गर्न लगाई बिक्री मूल्य सङ्कलन गर्न लगाउने | ▪ महत्त्व र फाइदाको बारेमा प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने<br>▪ तरकारीमा लाग्ने रोग र तिनको उपचार बारेमा उल्लेख गर्न लगाउने<br>▪ बजार अवलोकन पश्चात् प्रतिवेदन तयार गर्न लगाई सोको आधारमा मूल्याङ्कन गर्ने | ३० |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| २. फलफुल | फलफुलको भण्डारन, बिक्री वितरण, फलफुलमा लाग्ने रोग र उपचार | फलफुमा लाग्ने रोगहरू, फलफुमा लाग्ने विभिन्न रोगको उपचार, फलफुलको सुरक्षित भण्डारन, फलफुल बिक्री वितरण र बजार | ▪ स्रोत व्यक्तिको रूपमा नजिकको फलफुल खेती गर्ने कृषकलाई कक्षाकोठामा बोलाई छलफल गराउने<br>▪ रोग लागेका फलफुल का नमूना प्रदर्शन गराई उपचारका बारेमा छलफल गराउने<br>▪ फलफुललाई लामो समयसम्म सुरक्षित गरी राख्न भण्डारनका विभिन्न उपायहरू बारेमा छलफल गराउने<br>▪ फलफुल बिक्री हुने स्थानीय बजारको अवलोकन गर्न लगाई बिक्री मूल्य सङ्कलन गर्न लगाउने । | ▪ फलफुलमा लाग्ने रोग र तिनको उपचार बारेमा उल्लेख गर्न लगाउने<br>▪ बजार अवलोकन पश्चात प्रतिवेदन तयार गर्न लगाई सोको आधारमा मूल्याङ्कन गर्ने | |
| ३. स्थानीय औषधीजन्य वनस्पति | औषधीजन्य वनस्पतिहरूको कच्चा पदार्थको रूपमा बिक्री वितरण र बजार व्यवस्था बारेमा बताउन | स्थानीय औषधीजन्य वनस्पतिहरूको कच्चा पदार्थको रूपमा बिक्री वितरण र बजार व्यवस्था | ▪ स्थानीय औषधीजन्य वनस्पतिहरूको बिक्री वितरण प्रक्रिया बारेमा कक्षामा भूमिका अभिनय र छलफल गराउने<br>▪ स्थानीय जारको अवलोकन गराउने | ओखतीको रूपमा प्रयोग हुने जडिबुटीको सूची तयार गर विद्यार्थी क्रियाकलापको अवलोकन गरी मूल्याङ्कन गर्ने | २५ |
| ४.स्थानीय पशु पालन व्यवसाय | पशु पन्छी र तिनको उत्पादनको बिक्री वितरण र बजार व्यवस्था बारेमा बताउन | पशु पन्छी र तिनको उत्पादनको बिक्री वितरण र बजार व्यवस्था | ▪ स्थानीय पशु पन्छी र तिनको उत्पादनको बिक्री वितरण प्रक्रिया बारेमा स्थानीय किसानलाई निम्ता गरी कक्षामा छलफल गराउने<br>▪ स्थानीय बजारको अवलोकन गराउने | स्थानीय पशु पन्छी बिक्री प्रक्रियाका बारेमा छोटा प्रश्न सोधेर मूल्याङ्कन गर्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| ५. चैनपुरे करुवाको महत्त्व | चैनपुरे करुवाको महत्त्व बताउन | प्रयोग र उपहार | ■ करुवाको उपयोगिताहरू पानी पिउन, सजाउन, उपहार दिन सकिने कुरा बारेमा छलफल गराउने<br>■ चैनपुरे करुवाको चित्र बनाउन लगाई प्रदर्शन गर्ने | करुवा के के कामको लागि प्रयोग गरिन्छ ?<br>बाल बालिकाले बनाएका चित्रहरूको मूल्याङ्कन गरी प्रोत्साहन गर्ने | १८ |
| ६. राडी पाखी | राडी पाखी बनाउन प्रयोग गर्ने कच्चा पदार्थको सूची बनाउन | राडी पाखी बनाउन प्रयोग गर्ने कच्चा पदार्थ ऊन | स्थानीय ठाउँको भेडा च्याङ्ग्राको ऊन प्रदर्शन गरी छलफल गराउने | राडी पाखी केबाट बनाइन्छ ? | २० |
| जम्मा | | | | | १२८ |

# अनुसूची - २

**विषय शीर्षक : आय आर्जन (पूर्णाङ्क १००)**

**आधारभूत तह : (कक्षा ६-८)**

**विषय : स्थानीय आर्थिक आर्जन ( पर्यटन, उद्यमशीलता, परम्परागत ज्ञान, सिप र प्रविधि, सामान्य पेसागत सिप, सहकारिता )**

**१. परिचय**

नेपाल विविधताले भरिपूर्ण मुलुक हो । यहाँका प्रत्येक टोलटोल र गाउँगाउँमा फरक फरक संस्कृति, रीतिरिवाज र परम्परा पाइन्छन् । ती स्थानका आआफ्नै धार्मिक, ऐतिहासिक र भौगोलिक विशेषता रहेका हुन्छन् । नेपालमा अपार स्रोत र सम्भावनाको भण्डार छ । हामीमा त्यसलाई पहिचान र व्यावसायीकरण गर्ने सिप र अभिवृत्तिको मात्र खाँचो छ । प्रशस्त जनशक्ति भएर पनि तिनलाई आर्थिक विकासको मूल धारमा ल्याउन सकिएको छैन । स्वरोजगरीको सिर्जना गर्नेभन्दा अरूले सिर्जना गरी दिएको रोजगारीमा मजदुरी गर्ने खालका जनशक्ति दिन प्रतिदिन बढ्दै गइरहेको अवस्था छ । हालका वर्षमा समुदायका युवा शिक्षित बेरोजगारका रूपमा परिणत भइरहेका छन् । यस्तो अवस्था आउनु हाम्रो जस्तो विकासोन्मुख मुलुकका लागि विडम्बनाको कुरा हो । हाम्रो देशमा औद्योगिक क्षेत्र र सेवा क्षेत्र निकै सानो भएकाले त्यहाँ सीमित व्यक्तिले मात्र अवसर पाउन सक्ने अवस्था छ । स्थानीय स्रोत र साधन खेर गई कृत्रिम गरिबीको अवस्था सिर्जना भएको देखिन्छ । यस्ता कुरालाई राष्ट्रिय पाठ्यक्रमले समेट्नु सम्भव हुँदैन ।

हामीले बाल बालिकालाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम् धार्मिक अवस्था र महत्त्वका बारेमा पनि सिकाउनुपर्ने हुन्छ । स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी व्यक्तिलाई आर्थिक विकासमा सक्षम बनाउने कार्यमा स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहेको हुन्छ । त्यसैले यस्ता स्थानीय पक्षलाई समेटेर बाल बालिकालाई सिकाउनको निम्ति यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । यस्तो पाठ्यक्रम कुनै एक विद्यालय वा नजिकका विद्यालयका समूहले मिलेर बनाई लागु गर्न सक्छन् । यो पाठ्यक्रमको नमुनामा कुनै स्थान विशेष नतोकिएको हुनाले केही सामान्य (General) जस्तो देखिन्छ । विद्यालयले वा स्रोत केन्द्रले स्थानीय पाठ्यक्रम विकास गर्दा अझ विशिष्टीकृत (Specific) रूपमा तयार पारी लागु गर्न सक्दछन् । यो नमुना मात्र हो । देशका कुनै पनि विद्यालयले यसलाई आधार मानी आफ्नो आवश्यकताअनुरूपको विषय वस्तु छनोट गरी पाठ्यक्रम तयार गर्न सकिन्छ । साथै स्थानीय स्रोत एवम् प्रविधिलाई प्रोत्साहन, संरक्षण र आधुनिकीकरण गर्न पनि यसले मद्दत गर्ने अपेक्षा राखिएको छ ।

**२. तहगत सक्षमता**

यस विषयमा कक्षा ८ को अन्त्यमा निम्न लिखित सक्षमता हासिल हुने छन् :

२.१ स्थानीय पर्यटकीय स्थलको पहिचान तथा पर्यटन व्यवसायको विकासमा सहयोग

२.२ स्थानीय समुदायमा पर्यटन व्यवसाय विकास गर्न सहयोग पुऱ्याउने स्थानीय वस्तुको पहिचान तथा तिनको बजारीकरण

२.३ सहकारिताको परिचय, आवश्यकता र महत्त्व बोध

२.४ स्थानीय समुदायमा सहकारिताको अवस्था, गतिविधि र त्यसले समाजमा पुऱ्याएको योगदानको बोध

२.५ स्थानीय ज्ञान, सिप र प्रविधिको पहिचान

२.६ स्थानीय ज्ञान, सिप र प्रविधिको व्यावसायिक उपयोग

२.७ स्थानीय समुदायमा भएका उद्यमशीलताको क्षेत्र पहिचान

२.८ सामान्य पेसागत सिप विकास

## ३. विषय वस्तुको क्षेत्र र क्रम

| कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|
| क्षेत्र | विषय वस्तु | क्षेत्र | विषय वस्तु | क्षेत्र | विषय वस्तु |
| १. पर्यटन | पर्यटन, पर्यटकका प्रकार | पर्यटन व्यवसाय | पर्यटन स्थलमा चिया नास्ता पसल, कफी हाउस, जुस तथा फलफुल पसल, सर्वत र लस्सी पसल | उद्यमशीलता | उत्पादनशील कामको पहिचान |
| | पर्यटनको कारण र महत्त्व | | स्थानीय खानेकुराको व्यावसायीकरण (ढिँडो र गुन्द्रुक, मस्यौराको तरकारी, चाट, रावडी, पानीपुरी, आइस क्रिम, स्थानीय अचार र तितौरा, तास, नेवारी खाजा, लस्सी, खुवा, आइस क्रिम आदिको पसल सञ्चालन र त्यसमा विशेष पहिचान) | | हात खाली नराखी काममा व्यस्त रहने बानी |
| | पर्यटकले मन पराउने कुरा | | पर्यटकीय स्थल नजिक स्थानीय परम्परागत वस्तु सङ्कलन गरेर म्युजियम सञ्चालन | स्थानीय सिपमा आधारित वस्तु | स्थानीय हस्तकला र सिपमा आधारित वस्तुको पहिचान र आधुनिक जीवनमा त्यसको प्रयोग गर्ने उपाय |

| कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|
| क्षेत्र | विषय वस्तु | क्षेत्र | विषय वस्तु | क्षेत्र | विषय वस्तु |
| | हाम्रा स्थानीय पर्यटकीय स्थल | | स्थानीय पर्यटकीय स्थल, पिकनिक स्थलको व्यवस्थापनका उपाय, नक्सा, सरसफाइ र भावी योजना | आय आर्जन | आय आर्जनका तरिका |
| | हामी पर्यटक | | स्थानीय पर्यटन स्थलको प्रचार प्रसार गर्ने सामग्री निर्माण, प्रचार योजना र प्रचार प्रसार | | स्वरोजगार |
| | विदेशी पर्यटकसँगको बोलचाल | | पर्यटन स्थलमा सञ्चालन गर्न सकिने विभिन्न प्रकारका मनोरञ्जनात्मक क्रियाकलापको पहिचान र सञ्चालन | सामान्य पेसागत सिप Soft skill | बोलीको प्रभाव |
| | होम स्टेको परिचय र महत्त्व | | होम स्टेमा घरको व्यवस्थापन | | बोली सिकाउने तरिका |
| | होम स्टे र पर्या पर्यटन (Eco-tourism) | सहकारिता | सहकारीको हिसाब (बचत, ऋण, ब्याज, नाफा, बोनस) | | आफ्नो बोली, हाउभाउ, व्यवहारले अरुलाई प्रभाव पार्ने र आफ्नो सिप, उत्पादन, विचार र कलाको बिक्री गर्ने तरिका |
| | खानेकुराको प्रबन्ध | | स्थानीय महिला बचत तथा ऋण समूहको परिचय र यसको फाइदा | | सफ्ट स्किलका माध्यमबाट स्थानीय उत्पादनको मार्केटिङ विधि |

| कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|
| क्षेत्र | विषय वस्तु | क्षेत्र | विषय वस्तु | क्षेत्र | विषय वस्तु |
| २. सहकारिता | स्थानीय बचत तथा ऋण समूहको परिचय | सहकारिता | सहकारीमा कारोबार (नगद जम्माको रसिद वा भौचर, चेक, धितो, सामूहिक जमा<br>सहकारीको अवलोकन<br>सहकारीको गठन प्रक्रिया र फाइदा<br>सहकारीमा बचत कर्ता र ऋणीले ध्यान दिनुपर्ने कुराकानी) | परम्परागत ज्ञान, सिप र प्रविधि | स्थानीय परम्परागत ज्ञान, सिप र प्रविधिको मौलिकता नास नहुने गरी संरक्षण र आधुनिकीकरण |
| ३. परम्परागत ज्ञान, सिप र प्रविधि | स्थानीय परम्पराका सामानको पहिचान र संरक्षण | | स्थानीय मौलिक हस्तकला, शिल्प कला र घरेलु प्रविधिको पहिचान र प्रवर्धन | परम्परागत ज्ञान, सिप र प्रविधि | स्थानीय परम्परागत सामान, सिप र प्रविधिको व्यावसायीकरण |

## ४. शिक्षण सिकाइ क्रियाकलाप

स्थानीय विषयको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा सकेसम्म कक्षा भित्रभन्दा बाहिर गरिने क्रियाकलापमा जोड दिनुपर्दछ । यसका लागि स्थलगत अवलोकन, विषय वस्तुसँग सम्बन्धित कार्यमा सहभागिता, छलफल तथा अन्तर्क्रिया आदि गराउन सकिन्छ । पर्यटन क्षेत्रका लागि स्थानीय पर्यटन व्यवसायीसँग भेट गराई छलफल गराउन सकिन्छ । पर्यटन व्यवसायलाई विकास गर्ने विभिन्न वस्तुको खोजी गराउने आदि हुन सक्छन् । त्यसै गरी अन्य विषय वस्तुका लागि पनि त्यससँग सम्बन्धित व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा उपयोग गर्न सकिन्छ । स्थानीय आवश्यकता र अनुकूलताअनुसार छलफल, स्थलगत अध्ययन भ्रमण, अवलोकन, प्रदर्शन, सहभागिता, प्रश्नोत्तर, स्रोत व्यक्ति आमन्त्रण आदि जस्ता क्रियाकलाप विधि प्रयोगमा ल्याउन सकिन्छ ।

## ५. सहजीकरण प्रक्रिया

स्थानीय विषयको मूल्याङ्कन अन्य केन्द्रीय पाठ्यक्रमले निर्देश गरेअनुसार गर्नुपर्छ । मूल्याङ्कनका सबै तरिका अवलम्बन गरिए तापनि शिक्षण सिकाइ क्रियाकलापकै क्रममा बाल बालिका गरेका क्रियाकलापको अवलोकन गरी निर्माणात्मक तथा निरन्तर मूल्याङ्कनमा जोड दिनुपर्छ । प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका बनाई अभिलेख राख्नुपर्छ । लिखित परीक्षाभन्दा पनि निरन्तर मूल्याङ्कन लाई बढी महत्त्व दिनुपर्छ ।

## ६. विषय वस्तुको विस्तृतीकरण

**कक्षा : ६**

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| १. पर्यटन | पर्यटनको परिचय दिन र पर्यटकीय महत्व बताउन होम स्टेको परिचय दिन | पर्यटन, पर्यटक, प्रकार | पर्यटन र पर्यटकाको परिचय र प्रकारका बारेमा उदाहरण र चित्र छलफल गर्ने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने | १० |
| | | पर्यटनको कारण र महत्व | पर्यटनको कारण र महत्वबारेमा समूहमा छलफल गराउने र पत्तैपालो प्रस्तुतीकरण गराउने | समूह कार्यमा सहभागिता, र प्रस्तुतिका आधारमा मूल्याङ्कन गर्ने | १० |
| | | पर्यटकले मन पराउने कुरा | पर्यटकलाई मन पर्ने कुराका बारेमा चित्र छलफल र अभिनय विधिका माध्यमबाट धारणा प्रष्ट पार्ने | बाल बालिकाले अभिनय गरिरहँदा अवलोकन गरी पृष्ठपोषण दिने | १५ |
| | | हाम्रा स्थानीय पर्यटकीय स्थल | स्थानीय पर्यटकीय स्थलका बारेमा छलफल, क्षेत्र भ्रमण परियोजना कार्यका माध्यमबाट जानकारी सङ्कलन गर्ने | परियोजना कार्यको अध्ययन गरी आवश्यक पृष्ठपोषण दिने | १५ |
| | | हामी पर्यटक | विद्यार्थीलाई कुनै पर्यटकीय स्थलको भ्रमण गराउने वा वा वनभोजमा लैजाने र पर्यटक हुँदा अनुभूति गरेका कुराका आधारमा अन्य पर्यटकको आवश्यकता, चाहना, क्रियाकलाप आदिको विश्लेषण गर्न लगाउने<br>भ्रमणपश्चात् भ्रमण गरेको दिनको दैनिकी तयार पार्न लगाई सोको आधारमा आफ्ना अनुभव कक्षामा सुनाउन लगाउने | बाल बालिकाले पर्यटकको भूमिका निर्वाह गरिरहँदा अवलोकन गरी पृष्ठ पोषण दिने<br>भ्रमणपश्चात् आफ्ना अनुभव कक्षामा सुनाउन लगाउने र प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने | १५ |
| | | पर्यटकसँग गर्ने व्यवहार | पर्यटकसँग गरिने व्यवहारका बारेमा भूमिका अभिनयका माध्यमबाट प्रदर्शन गरी अभ्यास गर्ने | बाल बालिकाले अभिनय गरिरहँदा अवलोकन गरी पृष्ठपोषण दिने<br>अभिनयले दिएको सन्देशका बारेमा प्रश्न गरी मूल्याङ्कन गर्ने | १५ |
| | | विदेशी पर्यटकसँगको बोलचाल | विदेशी पर्यटकसँगको बोलचाल गर्ने अङ्ग्रेजी भाषाका सामान्य शब्दावली र वाक्यको भूमिका अभिनयका माध्यमबाट अभ्यास गराउने | विदेशी पर्यटकसँग बोलचाल गर्ने अङ्ग्रेजी भाषाका सामान्य शब्दावली र वाक्यको प्रयोग गर्न जाने नजानेको आधारमा मूल्याङ्कन गर्ने | १५ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | | होम स्टे र Eco-tourism को परिचय र महत्व | चित्र छलफलका माध्यमबाट होम स्टे को परिचय गराउने । स्थानीय होम स्टेको अवलोकन गराउने । म्अयत(तमगचष्कक बारे जानकारी दिने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने | ५ |
| | | होम स्टेमा घरको सरसफाइ | घरको सर सफाइ, शौचालयको सरसफाइ सम्बन्धमा प्रयोगात्मक अभ्यास गराउने | प्रयोगात्मक क्रियाकलापको अवलोकन गरी श्रेणी मापन फारामको प्रयोग गरी मूल्याङ्कन गर्ने | १५ |
| | | खानेकुराको प्रबन्ध | होम स्टेमा बसेका पर्यटकलाई सेवा पुऱ्याउने उद्देश्यले तयार पारिने केही स्थानीय खानेकुराको परिकार तयार पार्ने र सर्भिस गर्ने कार्यको प्रयोगात्मक अभ्यास गराउने | प्रयोगात्मक क्रियाकलापको अवलोकन गरी श्रेणी मापन फारामको प्रयोग गरी मूल्याङ्कन गर्ने | १५ |
| २. सहकारिता | सहकारीको कार्य र महत्व बताउन | परिचय, महत्व | छलफल विधिका माध्यमबाट सहकारिताको परिचय महत्व बारे धारणा प्रष्ट पारिदिने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने | ५ |
| | | सहकारीको कार्य | सहकारीको कार्य सम्बन्धमा भूमिका अभिनय र चित्र प्रदर्शनका माध्यमबाट जानकारी दिने । | बाल बालिकाले अभिनय गरिरहँदा अवलोकन गरी पृष्ठपोषण दिने अभिनयले दिएको सन्देशका बारेमा प्रश्न गरी मूल्याङ्कन गर्ने | १५ |
| | | स्थानीय बचत तथा ऋण समूहको परिचय | स्थानीय सहकारीका पदाधिकारीसँगको अन्तरक्रियाका माध्यमबाट स्थानीय बचत तथा ऋण समूहको कामका बारेमा छलफल गर्ने | बाल बालिकाले प्राप्त गरेको जानकारी सम्बन्धमा छोटा प्रश्न सोधी मूल्याङ्कन गर्न | १० |
| | | परम्परागत सामानको पहिचान र संरक्षण | स्थानीय परम्परागत सामानको पहिचान र संरक्षण सम्बन्धमा चित्र र नमुना प्रदर्शन एवम् स्थलगत भ्रमणका माध्यमबाट जानकारी गराउने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने | २० |
| जम्मा | | | | | १७५ |

कक्षा : ७

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| १. पर्यटन | स्थानीय पर्यटन व्यवसायको प्रवर्धन गर्न र पर्यटन व्यवसायलाई व्यववसायको रूपमा अपनाउन प्रेरित गर्ने | पर्यटन स्थलमा चिया नास्ता पसल, कफी हाउस, जुस तथा फलफुल पसल, सर्वत र लस्सी पसल | पर्यटन स्थलमा चिया नास्ता पसल, कफि हाउस, जुस तथा फलफुल पसल, सर्वत र लस्सी पसल आदि सञ्चालन गरी पर्यटव्यवसाय सञ्चालन गर्न सकिन्छ भन्ने कुरा चित्र प्रदर्शनका माध्यमबाट छलफल गराउने स्थानीय स्तरमा पाइने मौसमअनुसारका सामान बनाउन र बिक्री गर्ने कार्यको प्रयोगात्मक अभ्यास गराउने | चित्र देखाई प्रश्न सोध्ने | १५ |
| | | स्थानीय खानेकुराको व्यावसायीकरण (ढिँडो र गुन्द्रुक, मस्यौराको तरकारी, चाट, रवडी, पानीपुरी, आइस क्रिम, स्थानीय अचार र तितौरा, तास, नेवारी खाजा, लस्सी, खुवा, आइस क्रिम आदिको पसल सञ्चालन र त्यसमा विशेष पहिचान) | स्थानीय खानेकुराको व्यावसायीकरण (ढिँडो र गुन्द्रुक, मस्यौराको तरकारी, चाट, रावडी, पानीपुरी, आइसक्रिम, स्थानीय अचार र तितौरा, तास, नेवारी खाजा, लस्सी, खुवा, आइस क्रिम नास्ता स्थानीय खानेकुराको व्यावसायीकरण गर्ने उपायका सम्बन्धमा चित्र छलफल, प्रयोगात्मक अभ्यास, र भूमिका अभिनयका माध्यमबाट सिकाउनु । तिनको विज्ञापन बनाउन लगाउने | चित्र देखाई प्रश्न सोध्ने र बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | १५ |
| | | पर्यटकीय स्थल नजिक स्थानीय परम्परागत वस्तु सङ्कलन गरेर म्युजियम सन्चालन | पर्यटकीय स्थल नजिक स्थानीय परम्परागत वस्तु सङ्कलन गरेर म्युजियम सञ्चालन गर्न सकिने सम्मबन्धमा चित्र प्रदर्शन गर्दे छलफल गर्ने विद्यालयमा त्यस्ता वस्तु सङ्कलन गरी म्युजियम तयार गर्ने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | १५ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | | स्थानीय पर्यटकीय स्थल, पिकनिक स्थलको व्यवस्थापनका उपाय, नक्सा, सरसफाइ र भावी योजना | स्थानीय पर्यटकीय स्थल, पिकनिक स्थलको व्यवस्थापन का उपाय सम्बन्धमा छलफल गर्ने<br>स्थानीय पर्यटकीय स्थल, पिकनिक स्थलको भ्रमण गरी व्यवस्थापन नक्सा तयार पार्न लगाउने<br>विद्यार्थीलाई समूहमा विभाजन गरी स्थानीय पर्यटकीय स्थलको विकासका निम्ति भावी योजना बनाउन लगाउने<br>स्थानीय पर्यटकीय स्थल, पिकनिक स्थलको सरसफाइ कार्यमा सहभागी गराउने | बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने<br>श्रेणी मापन फारामको प्रयोग गरी मूल्याङ्कन गर्ने | १५ |
| | | स्थानीय पर्यटन स्थलको प्रचार प्रसार गर्न सामग्री निर्माण, प्रचार योजना र प्रचार प्रसार | विद्यार्थीलाई समूहमा विभाजन गरी स्थानीय पर्यटन स्थलको प्रचार प्रसार गर्न सामग्री निर्माण गर्न लगाउने<br>विद्यार्थीको सहभागितामा प्रचार योजना तयार पारी प्रचार प्रसार कार्यमा सहभागी गराउने | प्रचार सामग्रीको मूल्याङ्कन गरी पृष्ठपोषण दिने<br>प्रचार कार्यमा सहभागिताको आधारमा रुजु सूची प्रयोग गरी मूल्याङ्कन गर्ने | १५ |
| | | पर्यटकीय स्थलको नजिक फुलबारीसहितको ससुल्क पार्क एवम् विश्राम स्थल निर्माण | विद्यार्थीलाई समूहमा विभाजन गरी पर्यटकीय स्थलको नजिक फुलबारीसहितको सशुल्क पार्क एवम् विश्राम स्थल निर्माण सम्बन्धमा योजना तयार पार्न लगाउने, सो सम्बन्धी नक्सा तयार पार्न लगाउने, समूहगत प्रतिस्पर्धाका आधारमा विद्यालयमा त्यस्ता फुलबारीको निर्माण गर्न लगाउने | बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने<br>उत्कृष्ट फुलबारी छनोट गरी पुरस्कृत गर्ने | १५ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | | पर्यटन स्थलमा सञ्चालन गर्न सकिने विभिन्न प्रकारका मनोरञ्जनात्मक क्रियाकलापको पहिचान र सञ्चालन | चित्र वा तस्विर प्रदर्शन गर्दै पर्यटन स्थलमा सञ्चालन गर्न सकिने विभिन्न प्रकारका मनोरञ्जनात्मक क्रियाकलापका बारेमा छलफल र अभ्यास गराउने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | १० |
| | | होम स्टेमा घरको व्यवस्थापन | घरको सर सफाइ, सुत्ने कोठा, भान्छा कोठाको व्यवस्थापन र सरसफाइ सम्बन्धमा प्रयोगात्मक अभ्यास गराउने | प्रयोगात्मक क्रियाकलापको अवलोकन गरी श्रेणी मापन फाराम प्रयोग गरी मूल्याङ्कन गर्ने | १५ |
| २. सहकारिता | सहकारीको उपयोग गर्न र त्यसबाट फाइदा प्राप्त गर्ने उपाय बारे बताउन | सहकारीको हिसाब (बचत,ऋण, ब्याज, नाफा, बोनस) | स्थानीय सहकारीको सहयोग लिई सहकारीको हिसाब राख्ने तरिकाको सामान्य जानकारी र अभ्यास गराउने (बचत सङ्कलन गर्ने तरिका र ब्याजको हिसाब राख्ने तरिका, पास बुक भर्ने तरिका ऋण प्रदान गर्ने र ब्याज हिसाब गर्ने तरिका, नाफा र बोनस हिसाब गर्ने तरिकाको अभ्यास गराउने ) | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | २० |
| | | स्थानीय महिला बचत तथा ऋण समूहको परिचय र यसको फाइदा | स्थानीय महिला बचत तथा ऋण समूहको भ्रमण गराई त्यहाँको क्रियाकलापको अवलोकन गराउने समूहका पदाधिकारीसँग अन्तरक्रिया गाराउने | बाल बालिकाको सहभागिताको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | १० |
| ३. परम्परागत ज्ञान, सिप र प्रविधि | स्थानीय परम्परागत ज्ञान, सिप र प्रविधिको मौलिकता नास नहुने गरी संरक्षण र आधुनिकी करण गर्ने उपायको खोजी गर्न | स्थानीय परम्परागत ज्ञान, सिप र प्रविधिको मौलिकता नास नहुने गरी संरक्षण र आधुनिकीकरण | स्थानीय परम्परागत ज्ञान, सिप र प्रविधिको मौलिकता नाश नहुने गरी संरक्षण र आधुनिकीकरण गर्ने उपायका बारेमा चित्र प्रदर्शन, भिडियो प्रदर्शन र स्थलगत भ्रमणका माध्यमबाट जानकारी गराउने<br>केही सामान वा प्रविधिको संरक्षणको प्रयोगात्मक अभ्यास गराउने | बाल बालिकाको सहभागिताको र प्रयोगात्मक क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | १५ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | | स्थानीय मौलिक हस्तकला, शिल्प कला र घरेलु प्रविधिको पहिचान र प्रवर्धन | स्थानीय मौलिक हस्त कला, शिल्प कला र घरेलु प्रविधिको पहिचान र प्रवर्धन गर्ने उपायका सम्बन्धमा छलफल गर्ने<br>चित्र, भिडियो आदि प्रदर्शन गरी जानकारी गराउने<br>त्यस्ता वस्तु निर्माण कार्यको अवलोकन गराउने र त्यसको निर्माता वा शिल्प कर्मीसँग अन्तर्क्रिया गराउने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने बाल बालिकाको सहभागिताको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | १५ |
| जम्मा | | | | | १७५ |

## कक्षा : ८

| क्षेत्र | सिंकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| १. उद्यमशीलता | उत्पादनशील कामको पहिचान गरी उद्यमशील बन्न | उत्पादनशील कामको पहिचान | उत्पादनशील कामको चित्र प्रदर्शनका माध्यमबाट छलफल गराउने<br>भूमिका अभिनय र खेलका माध्यमबाट उत्पनशील र अनुत्पादक कामको धारणा प्रस्ट पारिदिने | चित्र देखाई प्रश्न सोध्ने | १० |
| | | हात खाली नराखी काममा व्यस्त रहने बानी | विभिन्न कथा, घटना अध्ययन र चित्रका माध्यमबाट विद्यार्थीलाई हात खाली नराखी काममा व्यस्त रहने बानीको विकास गर्न अभिप्रेरित गर्ने<br>स्थानीय उद्यमशील व्यक्तिलाई कक्षामा स्रोत व्यक्तिको रूपमा निम्ता गरी सफलताको कथा सुनाउन लगाउने | छोटा प्रश्न सोधी र घटना अध्ययन सुनाइ प्रश्न सोधेर मूल्याङ्कन गर्ने | १० |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| २.<br>स्थानीय सिपमा आधारित वस्तु | स्थानीय हस्तकला र सिपमा आधारित वस्तुको पहिचान र आधुनिक जीवनमा त्यसको प्रयोग गर्न | स्थानीय हस्तकला र सिपमा आधारित वस्तुको पहिचान र आधुनिक जीवनमा त्यसको प्रयोग गर्ने उपाय | स्थानीय हस्तकला र सिपमा आधारित वस्तुको पहिचान र आधुनिक जीवनमा त्यसको प्रयोग गर्ने उपाय सम्बन्धमा व्यवसायको अवलोकन, व्यवसायीसँग अन्तरक्रिया आदिका माध्यमबाट पहिचान गराउने<br>त्यस्ता वस्तुको आधुनिक जीवनमा उपयोग सम्बन्धमा तस्बिर, भिडियो प्रदर्शन र प्रयोगात्मक अभ्यास गराउने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने<br>बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | १० |
| ३.<br>आय आर्जन | आय आर्जनका तरिका पहिचान गरी स्वरोजगारी सिर्जना गर्ने कार्यमा प्रेरित हुन | आय आर्जनका तरिका | स्थानीय स्तरमा आय आर्जनका विविध उपाय (जस्तैः खुद्रा पसल, तरकारी तथा फलफुल बिक्री, कबाडी सामान सङ्कलन, कपाल काट्ने, ब्युटी पार्लर, दुध सङ्कलनलगायतका स्थानीय व्यवसायबाट पनि आयआर्जन गर्न सकिन्छ  भन्ने सम्बन्धमा चित्र प्रदर्शन, स्रोत व्यक्ति तथा व्यवसायीसँगको अन्तरक्रिया गराई स्वरोजगारतर्फ प्रेरित गर्ने | बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने<br>श्रेणी मापन फारामको प्रयोग गरी मूल्याङ्कन गर्ने | १५ |
| | | स्वरोजगार | स्वरोजगरी र रोजगार प्रवर्धन सम्बन्धमा विभिन्न सफलताका कथा प्रस्तुत गरी प्रेरित गर्ने<br>स्वरोजगारका फाइदाका सम्बन्धमा छलफल गराउने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने | १० |
| | | उद्यम प्रवर्धनमा सूचना प्रविधिको प्रयोग | सूचना प्रविधिको प्रयोग गरी आफ्नो व्यापार व्यवसायको प्रवर्धन गर्न सकिने कुराको बारेमा प्रयोगात्मक कार्य गराउने | बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | १० |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| ४. सामान्य पेसागत सिप | बोली र हाउभाउका माध्यमबाट आफ्नो सिप र उत्पादनको बिक्री गर्ने सामान्य पेसागत सिप (soft skill) हासिल गर्न | बोलीको प्रभाव | बोलीको प्रभाव सम्बन्धमा विभिन्न कथा, हाउभाउ, अभिनय आदिका माध्यमबाट धारणाको विकास गराउने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | १० |
| | | बोली बिकाउने तरिका | विद्यार्थीलाई समूहमा विभाजन गरी आफ्नो सामानको वा सिपको बारेमा मौखिक प्रचार गर्ने र अरुलाई प्रभावित गर्ने गरी बोली बिकाउने सिपको भूमिका अभिनय गरी अभ्यास गराउने | बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | १० |
| | | आफ्नो बोली, हाउभाउ, व्यवहारले अरुलाई प्रभाव पार्ने र आफ्नो सिप, उत्पादन, विचार र कलाको बिक्री गर्ने तरिका | आफ्नो बोली, हाउभाउ, व्यवहारले अरुलाई प्रभाव पार्ने र आफ्नो सिप, उत्पादन, विचार र कलाको बिक्री गर्ने तरिका बारेमा छलफल गराउने<br>विद्यार्थीलाई तिन तिन जनाको समूह बनाई स्थानीय व्यापारीको सहयोगमा केही कलम दिई स्थानीय समुदायमा बिक्री गर्न पठाउने | उत्कृष्ठ बोलिको सिप देखाउने र सबैभन्दा धेरै बिक्री गर्ने विद्यार्थी छनोट गरी पुरस्कृत गर्ने | १० |
| | | सफ्ट स्किलका माध्यमबाट स्थानीय उत्पादनको मार्केटिङ विधि | स्थानीय स्तरमा उत्पादन हुने वस्तु तथा सेवाको मार्केटिङ गर्ने उपायका बारेमा छलफल गरउने र भूमिका अभिनय गराउने  प्रचार सामग्री तयार गर्न लगाउने | क्रियाकलापको अवलोकन गरी श्रेणी मापन फारामको प्रयोग गरी मूल्याङ्कन गर्ने | १० |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| ५. सहकारिता | सहकारिताको उपयोग गर्न र त्यसको प्रवर्धन गर्न | सहकारीमा कारोबार (नगद जम्माको रसिद वा भौचर, चेक, धितो, सामूहिक जमानी) | स्थानीय सहकारीको पदाधिकारीको सहयोग लिई सहकारीको हिसाब राख्ने तरिकाको सामान्य जानकारी र अभ्यास गराउने<br>(नगद जम्माको रसिद वा भौचर, चेक, धितो, सामूहिक जमानी आदिको प्रयोगात्मक अभ्यास गराउने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | २० |
| | | सहकारीको अवलोकन | स्थानीय महिला बचत तथा ऋण समूहको भ्रमण गराई त्यहाँको क्रियाकलापको अवलोकन गराउने<br>समूहका पदाधिकारीसँग अन्तरक्रिया गाराउने | बाल बालिकाको सहभागिताको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | १० |
| | | सहकारीको गठन प्रक्रिया र फाइदा | नेपालको वर्तमान नियम कानुनमा व्यवस्था भएबामोजिम सहकारीको गठन प्रक्रिया | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने | १० |
| | | सहकारीमा बचत कर्ता र ऋणीले ध्यान दिनुपर्ने कुरा | सहकारीमा बचत कर्ता र ऋणीले ध्यान दिनुपर्ने कुराका सम्बन्धमा घटना अध्ययन र छलफल गर्ने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने | १५ |
| ६. स्थानीय परम्परागत ज्ञान, सिप र प्रविधि | स्थानीय परमपरागत सामान, सिप र प्रविधिको व्यावसायीकरण गर्न | स्थानीय परम्परागत सामान, सिप र प्रविधिको व्यावसायीकरण | स्थानीय परम्परागत सामानको व्यवसायीकरणका उदाहरण प्रस्तुत गर्ने, त्यस सम्बन्धी तस्विर वा भिडियो प्रदर्शन गर्ने, केही परमपरागत सिप र प्रविधिको व्यावसायीकरण गर्ने अभ्यास गराउने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | १५ |
| जम्मा | | | | | १७५ |

# अनुसूची - ३

विषय : सामाजिक अध्ययन (२० प्रतिशत) स्थानीय अंश

आधारभूत तह (कक्षा १-५)

१. पृष्ठभूमि

विभिन्न स्थानका आआफ्नै धार्मिक, ऐतिहासिक र भौगोलिक विशेषता रहेका हुन्छन् । यस्ता कुरालाई राष्ट्रिय पाठ्यक्रमले समेट्नु सम्भव हुँदैन । बाल बालिकालाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम् धार्मिक अवस्था र महत्त्वका बारेमा सिकाउनुपर्ने हुन्छ । त्यसैले यस्ता नितान्त स्थानीय पक्षलाई समेटेर बाल बालिकालाई सिकाउनका निम्ति सामाजिक अध्ययन विषयको स्थानीय अंश (२० प्रतिशत) को लागि यो नमुना तयार गरिएको हो । यो पाठ्यक्रमको अंशको नमुना ललितपुर जिल्लाको चापागाउँ गाविसको बजार क्षेत्रमा रहेका सामुदयिक विद्यालय र संस्थागत विद्यालयलाई दृष्टिगत गरी तयार पारिएको छ ।

३. विषय वस्तुको क्षेत्र र क्रम

| क्र.सं. | क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो स्थानीय खानेकुरा | हामीले खाने खानेकुरा | योमरी, क्वाँटी, समय बजीको परिचय | योमरी, क्वाँटी, समय बजीको महत्त्व र बनाउन चाहिने समाग्री | स्थानीय खानेकुराको परिकार तयारी | सडकमा बेच्न राखिएका खानेकुराको अवस्था र बजारमा किनमेल |
| २. | धार्मिक स्थल | घर नजिकको धार्मिक स्थल | विद्यालय नजिकको धार्मिक स्थल | बज्रवाराही मन्दिर, ज्योति विहार, र चन्द्र भैरव मन्दिरको परिचय | चपागाउँमा रहेका धार्मिक स्थल गुम्बा, गणेश मन्दिर, कृष्ण मन्दिर, महादेव मन्दिरको परिचय | चापागाउँ वरपरका प्रसिद्ध मन्दिर सन्तानेश्वर महादेव, तिलेश्वर सरस्वती कुण्ड, टिका भैरव र छम्पी देवी मन्दिरको परिचय |
| ३. | संस्कृति | गाई जात्राको परिचय | चैत पूर्णिमाको जात्रा | कृष्ण जात्रा, बुलुको जात्रा, प्याङ्गाउँ जात्रा | प्राचिन बस्ती प्याङगाउँको साँस्कृतिक परिचय | चापागाउँको तामाङ संस्कृति |

| क्र.सं. | क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| ४. | इतिहास | - | - | मल्लकालीन सहर चापागाउँ | चापागाउँको नामकरण र चापागाउँसँग सम्बन्धित ऐतिहासिक कथा | चापागाउँका ऐतिहासिक स्थल र तिनको संरक्षण |
| ५. | प्राकृतिक सम्पदा | चौर र स्थानीय बोट विरुवा | चापागाउँ नजिकैको आनन्द वनको परिचय | चापागाउँमा रहेका सम्पदा : नखु खोला र पोखरीको परिचय | विश्वमा नै दुर्लभ नेपालमा मात्र पाइने चरा काँडे भ्याकुर पाइने जङ्गल, बज्रबाराहीको जङ्गल, काँडेभ्याकुरको परिचय, जङ्गलमा पाइने वनस्पति | स्थानीय प्राकृतिक सम्पदाबाट हुने फाइदा र ती सम्पदाको संरक्षण गर्ने तरिका |
| ६. | व्यापार | स्थानीय बजार | स्थानीय बजारमा सामानको किनबेच | पसले र ग्राहक | पसलमा आउने सामान ढक तराजु र नाप्ने भाँडाको प्रयोग स्थानीय परम्परागत नाप तौलका सामाग्रीको परिचय | पसलको आम्दानी र त्यसको हिसाब राख्ने तरिका |

## ६. विषय वस्तुको विस्तृतीकरण

### कक्षा : १

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घन्टी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. हाम्रो स्थानीय खानेकुरा | आफुलाई मिठो लाग्ने खाने कुराको नाम बताउन र खाना खेर नफाली खान | हामीले खाने खानेकुरा र यसको सदुपयोग | बाल बालिकालाई मिठो लाग्ने खाने कुराको नाम भन्न लगाउने । खेल खेलाउँदै, गित गाउँदै खाने कुराको नाम भन्न लगाउने । खानेकुरा नपोखी खाने तरिका बताइदिने | गोजी तालिका, चित्र र खानेकुरा देखाउँदै प्रश्न गरी मूल्याङ्कन गर्ने | ३ | एकाइ ५, पाठ ३ सँग सम्धन्धित गर्ने |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घन्टी | कैफियत |
|---|---|---|---|---|---|---|
| २. धार्मिक स्थल | घर नजिकको धार्मिक स्थलको नाम र स्थान बताउन | घर नजिकको धार्मिक स्थल | विद्‌यालय नजिकको धार्मिक स्थलमा भ्रमण गराउने र छलफल गराउने | बाल बालिकाले प्रयोगात्मक क्रियाकलाप गरी रहँदा अवलोकन गरी पृष्ठपोषण दिने | ४ | |
| ३. संस्कृति | गाई जात्राको परिचय दिन | गाई जात्राको परिचय | गाई जात्राको बारेमा कक्षामा छलफल गर्ने र मुकुन्डो लगाई भूमिका अभिनय गर्ने | बाल बालिकाले प्रयोगात्मक क्रियाकलाप गरिरहँदा अवलोकन गरी पृष्ठपोषण दिने | ४ | |
| ४. सार्वजनिक सम्पदा | चापागाउँमा रहेका चौर र स्थानीय बोट विरुवाको बारेमा बताउन | चौर र स्थानीय बोट विरुवा | स्थानीय बोट विरुवाकाको पहिचान गर्न लगाउने र नाम भन्न लगाउने | चित्र प्रदर्शन गर्दै प्रश्न गर्ने | ४ | |
| ५. व्यापार | स्थानीय बजारमा हुने क्रियाकलाप प्रदर्शन गर्न | स्थानीय बजार | बल बालिकालाई विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई पसल खेल खेलाउने | बाल बालिकाले खेलिरहँदा अवलोकन गरी पृष्ठपोषण दिने | ३ | |
| जम्मा | | | | | १८ | |

**कक्षा : २**

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घन्टी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. हाम्रो स्थानीय खानेकुरा | स्थानीय विशेष खानेकुरा योमरी, क्वाँटी, समय बजीको परिचय दिन र यो बनाउने तरिका भन्न | योमरी, क्वाँटी, समय बजीको परिचय | स्थानीय विशेष खानेकुरा योमरी, क्वाँटी, समयबजीको परिचय दिँदै छलफल गर्ने । चित्र प्रदर्शन वा नमुना प्रदर्शनका माध्यमबाट जानकारी गराउने । चित्र छलफल गराउने । यी खानेकुरा बनाउने तरिका बारेमा छलफल गर्ने | चित्र देखाई प्रश्न सोध्ने | ३ | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घन्टी | कैफियत |
|---|---|---|---|---|---|---|
| २. धार्मिक स्थल | आफ्नो घर नजिकको धार्मिक स्थलको परिचय दिन | घर नजिकका धार्मिक स्थल | चित्र वा तस्विरका सहायताले बाल बालिकाको घर नजिकको धार्मिक स्थलबारेमा छलफल गर्ने । तीमध्ये कुनै एक दुई स्थानको भ्रमण गराउने | चित्र देखाई प्रश्न सोध्ने र बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | ४ | |
| ३. संस्कृति | चैत्र पूर्णिमाको जात्रामा गरिने क्रियाकलाप बताउन घन्टाकर्णको उत्पत्ति सम्बन्धमा बताउन | चैत्र पूर्णिमाको जात्रा | चापागाउँको प्रसिद्ध जात्रा चैत्र पूर्णिमाको जात्राको बारेमा तस्विर प्रदर्शन गर्दै छलफल गर्ने । जात्रासँग सम्बन्धित कथा भनिदिने जात्रामा गरिने सामान्य क्रियाकलापका बारेमा छलफल गर्ने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने | ४ | |
| ४. सार्वजनिक सम्पदा | चापागाउँ नजिकैको आनन्द वनको डाँडाको परिचय दिन | चापागाउँ नजिकैको आनन्द वनको परिचय | चपागाउँको दक्षिणी सिमानामा रहेको आनन्द वन डाँडाको बारेमा पौराणिक कथा भनिदिने त्यस वनमा भएको वनस्पति, जीव जन्तु र त्यसबाट चापागाउँलाई भएको फाइदाको बारेमा छलफल गर्ने | चित्र देखाई प्रश्न सोध्ने | ४ | |
| ५. व्यापार | स्थानीय बजारमा किनबेच हुने तरिका बताउन | स्थानीय बजारमा सामानको किनबेच | भूमिका अभिनयका माध्यमबाट पसले खेल खेलाई पसलमा हुने क्रियाकलापका बारेमा छलफल गर्ने | बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | २ | |
| जम्मा | | | | | १८ | |

कक्षा : ३

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घन्टी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. हाम्रो स्थानीय खानेकुरा | स्थानीय विशेष खानेकुराको सूची तयार पार्न | योमरी, क्वाँटी र समयबजीको महत्व र बनाउन चाहिने सामग्रीको सूची बनाउन | स्थानीय विशेष खानेकुरा योमरी, क्वाँटी, समय बजीको परिचय दिँदै छलफल गर्ने । चित्र प्रदर्शन वा नमुना प्रदर्शनका माध्यमबाट यी परिकारको महत्व माथि छलफल गर्ने । विभिन्न खानेकुराको लागि आवश्यक सामाग्रीको सूची तयार गर्न लगाउने | चित्र देखाई प्रश्न सोध्ने | ३ | |
| २. धार्मिक स्थल | बज्रबाराही मन्दिर, ज्योति विहार र चन्द्र भैरव मन्दिरको परिचय दिन | बज्रबाराही मन्दिर, ज्योति विहार, र चन्द्र भैरव मन्दिरको परिचय | चित्र वा तस्विरका सहायताले बज्रबाराही मन्दिर ज्योति विहार र चन्द्र भैरव मन्दिरको बारेमा छलफल गर्ने । तीमध्ये कुनै एक दुई स्थानको भ्रमण गराउने | चित्र देखाई प्रश्न सोध्ने र बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | ३ | |
| ३. संस्कृति | कृष्ण जात्रा, बुलुको जात्रा, प्याङ्गाउँ जात्राको परिचय दिन | कृष्ण जात्रा,बुलुको जात्रा, प्याङ्गाउँ जात्रा | चापागाउँको प्रसिद्ध जात्रा कृष्ण जात्रा, बुलुको जात्रा, प्याङगाउँ जात्रा बारेमा तस्विर प्रदर्शन गर्दै छलफल गर्ने जात्रासँग सम्बन्धित कथा भनिदिने जात्रामा गरिने सामान्य क्रियाकलापका बारेमा छलफल गर्ने | छोटा प्रश्न सोधी मूल्याङ्कन गर्ने | ३ | |
| ४. इतिहास | मल्लकालीन शहर चापागाउँको ऐतिहासिक पृष्ठभूमिको खोजी गर्न | मल्लकालीन सहर चापागाउँ | मल्लकालीन सहर चापागाउँ सम्बन्धी ऐतिहासिक कथा वा चित्र कथाका माध्यमबाट वाचन गर्ने स्थानीय जानकार व्यक्तिसँग भेटी ऐतिहासिक तथ्यका बारेमा खोजी गर्ने परियोजना कार्य गराउने | वस्तुगत प्रश्न गर्ने । बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | ३ | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घन्टी | कैफियत |
|---|---|---|---|---|---|---|
| ५. सार्वजनिक सम्पदा | चापागाउँमा रहेका सम्पदा नखु खोला र पोखरीको परिचय दिन | चापागाउँमा रहेका सम्पदा नखु खोला र पोखरीको परिचय | चापागाउँमा रहेका सम्पदा नखु खोला र पोखरीको चित्र प्रदर्शन गर्दै परिचय गराउने र त्यसबाट चापागाउँलाई भएको फाइदाको बारेमा छलफल गर्ने | चित्र देखाई प्रश्न सोध्ने | ३ | |
| ६. व्यापार | पसले र ग्राहकको भूमिका बताउन र मूल्य सूची तयार पार्न | पसले र ग्राहक भूमिका र मूल्य सूची | भूमिका अभिनयका माध्यमबाट पसले खेल खेलाई पसलमा हुने क्रियाकलापका बारेमा छलफल गर्ने<br>समूहमा विभाजित भई मूल्य सूची तयार गर्न लगाउने | बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | ३ | |
| जम्मा | | | | | १८ | |

कक्षा : ४

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घन्टी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. हाम्रो स्थानीय खाने कुरा | स्थानीय स्तरमा पाइने खानेकुराका परिकारको नाम बताउन र केही परिकार बनाउन | स्थानीय खानेकुराको परिकार | विद्यार्थीको सहभागितामा चापागाउँ क्षेत्रमा प्रसिद्ध जेरी, बारा, योमरी आदि खानेकुरामध्ये कुनै एक खानेकुरा तयार गर्ने प्रयोगात्मक अभ्यास गर्ने । स्थानीय पसलको भ्रमण गराई वा सो जान्ने व्यक्तिलाई विद्यालयमा निम्ता गरी सिकाउने | चित्र देखाइ प्रश्न सोध्ने र बाल बालिकाको सक्रियता र सहभागिताका आधारमा अवलोकन गरी मूल्याङ्कन गर्ने | ५ | |
| २. धार्मिक स्थल | चापागाउँमा रहेका धार्मिक स्थल गुम्बा, गणेश मन्दिर, कृष्ण मन्दिर, महादेव मन्दिरको परिचय दिन | चापागाउँमा रहेका धार्मिक स्थल गुम्बा, गणेश मन्दिर, कृष्ण मन्दिर, महादेव मन्दिरको परिचय | चापागाउँमा रहेका धार्मिक स्थल गुम्बा, गणेश मन्दिर, कृष्ण मन्दिर, महादेव मन्दिर, चर्चको परिचय चित्र प्रदर्शन गर्दै परिचय गराउने । तस्विर वा भिडियो क्लिप पनि प्रदर्शन गर्न सकिन्छ । तीमध्ये केहीको क्षेत्र भ्रमण गरी प्रतिवेदन तयार गर्ने | बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने । छोटा प्रश्न सोध्ने र परियोजना मूल्याङ्कन गर्ने | ६ | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घन्टी | कैफियत |
|---|---|---|---|---|---|---|
| ३. संस्कृति | प्राचीन बस्ती प्याङगाउँको परिचय दिन | प्राचिन बस्ती प्याङगाउँको सांस्कृतिक परिचय | चापागाउँको प्राचिन बस्ती प्याङगाउँको चित्र प्रदर्शन गर्दै परिचय गराउने । बाल बालिकालाई प्याङगाउँको स्थलगत भ्रमण गराउने स्थानीय जानकार व्यक्तिसँग अन्तरक्रिया गराउने । प्याङ बनाउने प्रविधिको अवलोकन गराउने | क्षेत्र भ्रमण कार्यको विभिन्न चरणमा बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | ५ | |
| ४. इतिहास | चापागाउँको नामकरण र चापागाउँसँग सम्बन्धित ऐतिहासिक कथाको खोजी गर्न | चापागाउँको नामकरण र चापागाउँसँग सम्बन्धित ऐतिहासिक कथा | चापागाउँको नामकरण र चापागाउँसँग सम्बन्धित ऐतिहासिक कथा सङ्कलन गरी सुनाउने । बाल बालिकाको अभिभावक वा छिमेकीसँग सोधेर त्यस्ता कथाको सङ्कलन गर्न लगाई कक्षामा सुनाउन लगाउने | परियोजना कार्यको विभिन्न चरणमा बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | ५ | |
| ५.सार्वजनिक सम्पदा | काँडे भ्याकुर चरा पाइने जङ्गल बज्रबाराहीको जङ्गल र काँडे भ्याकुरको परिचय दिन एवम् यस जङ्गलमा पाइने वनस्पतिको सूची बनाउन | नेपालमा मात्र पाइने चरा काँडे भ्याकुर पाइने बज्रबाराहीको जङ्गल र काँडे भ्याकुरको परिचय यस जङ्गलमा पाइने वनस्पति | विश्वमा नै दुर्लभ मानिएको नेपालमा मात्र पाइने चरा काडे भ्याकुर नामक चरा पाइने जङ्गल बज्रबाराहीको जङ्गलको बारेमा चित्र प्रदर्शनका माध्यमले छलफल गर्ने काँडे भ्याकुरको चित्र प्रदर्शन गर्दै परिचय गराउने । स्थलगत भ्रमण गरी बज्रबाराही जङ्गलमा पाइने वनस्पतिको सूची तयार पार्न लगाउने<br>पर्यटकीय स्थल बज्रबाराही जङ्गल विषयमा छलफल गर्ने | चित्र देखाइ प्रश्न सोध्ने र बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने । श्रेणी मापन फारामको प्रयोग गरी बाल बालिकाको क्रियाकलापको मूल्याङ्कन गर्ने | ६ | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घन्टी | कैफियत |
|---|---|---|---|---|---|---|
| ६. व्यापार | पसलमा आउने सामानको बारेमा बताउन र ढक तराजु र नाप तौलका सामग्रीको प्रयोग गर्न | पसलमा आउने सामान, ढक तराजु र नाप्ने भाँडाको प्रयोग स्थानीय परम्परागत नाप तौलका सामाग्रीको परिचय | पसलमा सामान कहाँबाट आउँछ भन्ने बारेमा पसलेसँग अन्तरक्रिया गराउने । पसलमा प्रयोग गर्ने ढक तराजु र नाप तौलका साधनको प्रयोगात्मक अभ्यास गराउने<br>स्थानीय परम्परागत नाप तौलका साधनको चित्र, नमुना प्रदर्शन गरी छलफल गराउने | चित्र देखाई प्रश्न सोध्ने र बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | ५ | |
| जम्मा | | | | | ३२ | |

कक्षा : ५

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घन्टी | कैफियत |
|---|---|---|---|---|---|---|
| १.हाम्रो स्थानीय खाने कुरा | सडकमा बेच्न राखिएका खानेकुराको अवस्था बताउन र त्यसबाट सावधान रहन | सडकमा बेच्न राखिएका खानेकुराको अवस्था बताउन | चापागाउँ बजार क्षेत्र र बिद्यालय हाता वरपर सडकमा खुला रूपमा बेच्न राखिएका खानेकुराको अवस्था बारेमा चित्र छलफल गराउने,<br>त्यस्ता खानेकुराबाट हुने सक्ने हानी नोक्सानीका बारेमा छलफल गर्ने | चित्र देखाई प्रश्न सोध्ने र वस्तुगत प्रश्न सोध्ने | ५ | |
| २. धार्मिक स्थल | चापागाउँ वरपरका प्रसिद्ध मन्दिरको परिचय दिन | चापागाउँ वरपरका प्रसिद्ध मन्दिरको परिचय | चापागाउँ वरपरका प्रसिद्ध मन्दिर सन्तानेश्वर महादेव, तिलेश्वर सरस्वती कुण्ड, टिका भैरव, छम्पी देवी र नवदुर्गा मन्दिरको तस्विर प्रदर्शन गर्दै परिचय गराउने । तीमध्ये कुनै एक दुई स्थानको भ्रमण गराउने | चित्र देखाई प्रश्न सोध्ने र बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | ६ | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घन्टी | कैफियत |
|---|---|---|---|---|---|---|
| ३. संस्कृति | चापागाउँको तामाङ जातिको संस्कृतिको परिचय दिन | चापागाउँ तामाङ संस्कृति | चापागाउँको तामाङ को रितिरिवाज लवाइ ,खवाइ, चाडपर्व आदिका बारेमा चित्र प्रदर्शन र भूमिका अभिनयका माध्यमबाट छलफल गर्ने | बाल बालिकाको सक्रियता र सहभागिताका आधारमा अवलोकन गरी मूल्याङ्कन गर्ने<br>छोटा प्रश्न सोधेर मूल्याङ्कन गर्ने | ५ | |
| ४. इतिहास | चापागाउँका ऐतिहासिक स्थलको पहिचान गर्न र तिनको संरक्षणमा सहभागी हुन | चापागाउँका ऐतिहासिक स्थल र तिनको संरक्षण | चापागाउँका ऐतिहासिक स्थल भन्सार टोलको शिलालेख, बज्रवाराही मन्दिर परिसर आदिको संरक्षण गर्ने उपायको बारेमा छलफल गर्ने । तीमध्ये कुनै एक स्थानको सरसफाइमा बाल बालिकालाई सहभागी गराउने | श्रेणी मापन फारामको प्रयोग गरी बाल बालिकाको क्रियाकलापको मूल्याङ्कन गर्ने आवश्यक पृष्ठपोषण दिने | ५ | |
| ५. प्राकृतिक सम्पदा | सार्वजनिक सम्पदाबाट हुने फाइदा र सार्वजनिक सम्पदाको संरक्षण गर्ने तरिका बताई तिनको संरक्षणमा सहभागी हुन | स्थानीय प्राकृतिक सम्पदाबाट हुने फाइदा र सम्पदाको संरक्षण गर्ने तरिका | चापागाउँमा रहेका सार्वजनिक सम्पदा चउर, बाटो, बन, पोखरी आदिको बारेमा छलपल गर्ने । यस्ता सम्पदाबाट हुने फाइदा र तिनको संरक्षण गर्ने तरिका सम्बन्धमा छलफल गर्ने । कुनै एक सम्पदाको सरसफाइमा सहभागी गराउने | चित्र देखाई प्रश्न सोध्ने र पृष्ठपोषण दिने ।<br>बाल बालिकाको क्रियाकलापको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिने | ६ | |
| ६.व्यापार | स्थानीय पसलको आम्दानी र त्यसको हिसाब राख्ने तरिकाबारे परिचित हुन | पसलको आम्दानी र त्यसको हिसाब राख्ने तरिका | पसलको आम्दानी र त्यसको हिसाब राख्ने तरिका बारेमा भूमिका अभिनय गराई सिकाउने । स्थानीय पसलेलाई स्रोत व्यक्तिको रूपमा कक्षामा निम्ता गरी छलफल गराउने | बाल बालिकाको क्रियाकलापको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने | ५ | |

# अनुसूची ४

# वातावरण संरक्षण शिक्षा, चितवन

## १. परिचय

यस पाठ्यक्रमले आधारभूत तहको कक्षा ४ र ५ सम्मका बाल बालिकामा आफ्नो क्षेत्रका प्राकृतिक सम्पदाका बारेमा परिचित गराई त्यसको संरक्षण र संवर्धनमा लाग्न अभिप्रेरित गराउने उद्देश्य राखेको छ ।

## २. तहगत सक्षमता

यस विषयमा कक्षा ५ को अन्तमा निम्न लिखित सक्षमता हासिल हुने छन्:

(क) स्थानीय प्राकृतिक सम्पदाको परिचय र पहिचान

(ख) स्थानीय बनस्पति, बन्यजन्तु तथा चराचुरुङ्गीको परिचय, आवश्यकता र महत्त्व बोध

(ग) स्थानीय स्तरमा अवलम्बन भएको कृषि प्रणालीबारे बोध

(घ) राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र तथा जैविक मार्गको जानकारी

(ङ) जलवायु परिवर्तन र स्थानीय स्तरमा त्यसले पारेको असर र प्रभाव बोध

(च) प्रयोगात्मक रूपमा वातावरण सम्बन्धी ज्ञान प्रदान

## ३. कक्षागत सिकाइ उपलब्धि विवरण र विषय वस्तुको विस्तृतीकरण

**कक्षा ४**

| क्षेत्र | सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पठ्य घन्टी |
|---|---|---|---|---|---|---|
| १. हाम्रो वातावरण | वातावरणको परिचय दिन | ■ वातावरणको परिचय | ■ कक्षा कोठा बाहिर लगेर विद्यालय वरिपरिको अवालोकन गराई देखेका कुराहरूका बारेमा छलफल गराउने<br>■ विद्यालय वरिपरिको भ्रमण गराउने<br>■ चित्र छलफल गराउने | वातावरणका विभिन्न तत्व देखिने चित्रहरू | ■ मौखिक प्रश्नहरू गर्ने<br>■ अवलोकन, भ्रमण र छलफलमा सहभागिताको आधारमा मूल्याङ्कन गर्ने | |
| | आफ्नो वरिपरिको वातावरणको वर्गीकरण गर्न | ■ वातावरणको वर्गीकरण<br>■ प्राकृतिक वातावरण : उदाहरणको लागि स्थानीय वनजङ्गल, खोलानाला<br>■ भौतिक वातावरण : घर, उद्योग<br>■ सामाजिक तथा सांस्कृतिक वातावरण : चाडपर्व, मठमन्दिर रहनसहन | ■ उदाहरण प्रस्तुत गर्दै वातावरणको वर्गीकरण गर्न लगाउने जस्तै प्राकृतिक, भौतिक र सामाजिक तथा सांस्कृतिक<br>■ विभिन्न किसिमको वातावरण झल्किने चित्र वा फोटाहरू सङ्कलन गरेर अभ्यास पुस्तिकामा टाँस्न लगाई पोस्टर तयार पार्न लगाउने<br>■ वातावरणको महत्त्व बारे सामान्य छलफल गराउने | ■ वातावरणका तत्त्वहरू झल्कने चित्रहरू<br>■ वातावरणको महत्त्व लेखिएका झलक पत्तिहरू | ■ चित्र प्रदर्शन गर्दै कुन प्रकारको वातावरण हो भनी पहिचान गर्न लगाउने<br>■ मौखिक प्रश्न गरी वातावरणको महत्त्व भन्न लगाउने | |
| स्थानीय वनजङ्गल र वन्यजन्तु | वनको परिचय दिन | ■ स्थानीय वनको पहिचान<br>■ वन जङ्गलका विशेषताहरू | ■ स्थानीय क्षेत्रमा रहेको वनको भ्रमण गराई वनको परिचय दिने<br>■ वनका विशेषताबारेमा छलफल गर्ने | स्थानीय वनमा रहेको वास्तविक कुराहरू | वनको विशेषताको सूची बनाउन लगाउने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पठ्य घन्टी |
|---|---|---|---|---|---|---|
| | स्थानीय रूपमा रहेका वनका प्रकारहरू वताउन | वनको प्रकार : मध्यवर्ती वन, सामुदायिक वन, कवुलियत वन, निजी वन, धार्मिक वन | ■ स्थानीय स्तरमा भएका वनका प्रकारहरूका बारेमा छलफल गराउने<br>■ विभिन्न प्रकारका वनका विशेषता, फाइदा र सावधानी बारेमा छलफल गाराउने | ■ वनको प्रकार लेखिएको चार्ट<br>■ वनको चित्र | ■ वनका प्रकारबारे प्रश्न गर्ने जस्तै : चितवन जिल्ला भित्र कुन कुन प्रकारका वन छन्<br>■ सामुदायिक वनबाट के के फाइदा पाउन सकिन्छ ? | |
| | स्थानीय वनमा पाइने मुख्य काठ, दाउरा ,रुख, बिरुवा जडीवुटीहरूको पहिचान गर्न | स्थानीय वनमा पाइने मुख्य बोटबिरुवा र जडीवुटीहरू: साल, सिमल, सिसौं, खयर, सतिसाल | ■ बाल बालिकालाई स्थानीय स्तरमा भएका बोटबिरुवा तथा जडीवुटीको नमुना सङ्कलान गर्न लगाई वनस्पति तथा जडिबुटी प्रदर्शनीको आयोजना गर्ने<br>■ वनमा पाइने जडिबुटी, काठ, दाउरा आदिको सूची र चित्र प्रस्तुत गर्दै त्यसको महत्त्वसहित छलफल गर्ने<br>■ जडिवुटी र वनस्पति संरक्षणका लागी जनचेतना जगाउने खालका पोस्टर तयार पार्न लगाउने । | ■ विभिन्न प्रकारका जडिबुटी र वनस्पतिका बिरुवा, पात, जरा, हागा, फुल, फल आदि,<br>■ परिचय लेखिएको प्लेकार्ड | आफ्नो घर बरिपरि र नजिकको जङ्गलमा पाइने बोटबिरुवा तथा जडीबुटीहरूको सूची तयार पार्न लगाई प्रस्तुत गर्न लगाउने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय विस्तारीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ घन्टी |
|---|---|---|---|---|---|---|
| | स्थानीय वन्यजन्तुको परिचय दिन | वन्यजन्तु र चरा चुरुङ्गीहरूको परिचय र गैंडा, हात्ती, बाघ आदिको वासस्थान, आहारा, बानी व्यवहार | ■ वन्य जन्तुको र चराचुरुङ्गीको चित्र प्रदर्शन गर्दै उनीहरूको वासस्थान, आहारा, बानी व्यवहारबारे छलफल गर्ने<br>■ आफ्नो क्षेत्रमा पाइने जनावरहरू कुनकुन हुन् भनी छलफल गर्ने | विभिन्न जनावर र तिनको वासस्थान, आहारा, आदिको चित्रहरू | स्थानीय क्षेत्रमा पाइने वन्यजन्तु तथा चराचुरुङ्गीको सूची तयार पार्न लगाउने | |
| | वन्यजन्तुको महत्त्वबारे बताउन | वन्यजन्तु र चरा चुरुङ्गीहरूको महत्त्व | ■ विभिन्न वन्यजन्तुको चित्र पोस्टर प्रदर्शन गरी वन्यजन्तुको महत्त्व बारेमा छलफल गर्ने<br>■ कुनै एक वन्यजन्तुको बारेमा परियोजना तयार पार्न लगाउने<br>■ वन्यजन्तुको चित्र तयार पार्न लगाउने | वन्य जन्तुहरूको महत्त्व र उपयोग लेखिएको चार्ट र चित्रहरू | ■ वन र वन्यजन्तुको महत्त्व सम्बन्धी प्रश्न गर्ने<br>■ चरा तथा वन्यजन्तुको फोटो देखाएर पहिचान गर्न लगाउने | |
| मानव र वातावरण विचको अन्तरसम्बन्ध | मनव, प्राणी र वनस्पति विचको सम्बन्धबारे बताउन | ■ खाद्य शृङ्खला र खाद्य जालो परिचय, खाद्य चक्रको उदाहरण र महत्त्व<br>■ मानव र वातावरण विचको सम्बन्ध: खाना, हावा, पानीको महत्त्व<br>■ स्थानीय क्षेत्रमा हुने खाद्य श्रृंखलाको उदाहरण | ■ मानव र वातावरणविचको सम्बन्ध बुझाउनको लागि समूहगत रूपमा छलफल गर्ने र निचोडलाई टिपोट गर्ने<br>■ विद्यर्थीहरूलाई आवश्यक सामग्रीहरू उपलब्ध गराएर खाद्य चक्र, खाद्य जालो, मानव र वतावरण विचको सम्बन्ध आदि भल्काउने पोस्टर तयार पार्न लगाउने<br>■ कुनै एक प्रकारको खादको चित्र कोर्न लगाउने | विभिन्न प्रकारका खानेकुराहरूका ससाना पाकेट, घास, आदिको नमुना, वातावरणका तत्त्वहरूका चित्र | ■ मानव र वनस्पतिको अन्तरसम्बन्ध बारे भन्न वा लेख्न लगाउने<br>■ खाद्य शृङ्खला भनेको के हो ? भन्ने जस्ता प्रश्न सोध्ने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पठ्य घन्टी |
|---|---|---|---|---|---|---|
| मनव र जनावर बिचको द्वन्द्व सावधानी | स्थानीय क्षेत्रमा मानव र जङ्गली जनावरबिच हुने द्वन्द्वको कारण र असरहरू बताउन | ▪ स्थानीय स्तरमा मानव र जङ्गली जनावरहरू बिच हुने द्वन्द्व<br>▪ द्वन्द्वको कारणहरू: अतिक्रमण, वनविनाश,<br>▪ वासस्थानको क्षति<br>▪ द्वन्द्वबाट हुने असर: वालीनालीको विनाश मानव तथा घरपालुवा जनावरको क्षति<br>▪ द्वन्द्व न्यूनीकरणका उपायहरू<br>▪ द्वन्द्वबाट हुने असर: वालीनालीको विनाश, मानव तथा घरपालुवा जनावरहरूको क्षति<br>▪ द्वन्द्वबाट भएको क्षतिको क्षतिपूर्ति सम्बन्धी जानकारी | ▪ स्थानीय क्षेत्रमा वन्यजन्तुले पारेको प्रभावबारे छलफल गर्ने/गराउने<br>▪ द्वन्द्व सम्बन्धी पत्र पत्रिकामा आएका समाचार र लेखहरूमा छलफल गर्ने<br>▪ द्वन्द्वले स्थानीय स्तरमा गरेको क्षति र क्षतिपूर्ति सम्बन्धी परियोजना तयार पार्न लगाउने<br>▪ क्षतिपूर्ति सम्बन्धी सरकारी नियम कानुनको बारेमा जानकारी गराउने<br>▪ द्वन्द्व कम गर्न स्थानीय स्तरमा अवलम्बन गरिएका उपायहरूबारे छलफल गरेर टिपोट गर्न लगाउने<br>▪ जङ्गली जनावरलाई दुःख नदिऔं, उनीहरूसँग सचेत रहौं र मित्रता गाँसौं भन्ने जन चेतना जगाउने पर्चा तयार पार्न लगाउने | समाचार पत्रहरू, समाचारका कटिङहरू, लेखहरू, घटना अध्ययनहरू, चित्र र तस्वीरहरू, पर्चा, पम्पलेटका नमुनाहरू | ▪ आफ्नो गाउँमा वन्यजन्तुले पारेको असरका घटनाहरूबारे लेख लगाई प्रस्तुत गर्न लगाउने | |
| कृषि र वातावरण | स्थानीय स्तरमा गरिने कृषि व्यवसायको बारेमा जानकारी गराउन | स्थानीय स्तरमा गरिने कृषि प्रणालीको जानकारी | ▪ चित्र र कृषि सामग्री प्रदर्शन गर्दै स्थानीय कृषिको व्यवसायका बारेमा छलफल गर्ने<br>▪ कक्षाकोठा बाहिर लगेर आफ्नो सेरोफेरोमा भएका कृषि व्यवसायहरू अवलोकन गराई छलफल गर्ने गराउने | विभिन्न प्रकारका कृषि व्यवसाय सम्बन्धी चित्र, घटना अध्ययन, कृषि सामग्रीहरू | आफ्नो घरमा उत्पादन हुने कृषि उपजहरूको सूची तयार पारी कक्षा कोठामा प्रस्तुत गर्न लगाउने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय बिस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पठन घन्टी |
| --- | --- | --- | --- | --- | --- | --- |
| | ■ स्थानीय स्तरमा गरिने कृषि प्रणाली र Indigenous र आधुनिक तरिकाको पहिचान गर्न,<br>■ प्राङ्गारिक र रासायनिक मल, कीटनाशक औषधीको उचित प्रयोग र सावधानी का उपाय अपनाउन | ■ स्थानीय परम्परागत कृषि प्रणालीबारे जानकारी:<br>■ स्थानीय प्रजातिका अन्नबाली<br>■ आधुनिक प्रविधको उपयोग गरी कुखुरापालन, मौरीपालन, माछापालन, गाईपालन, केराखेती आदि | ■ आफ्नो परिवारले अँगालेको कृषि व्यवसाय बारे समूहगत छलफल गर्ने<br>■ आफ्नो समुदायमा गरिएका परम्परागत राम्रा विभिन्न कृषि कार्यबारे छलफल गरी तिनको पहिचान गर्ने<br>■ स्थानीय स्तरमा आधुनिक तरिकाबाट खेती गर्न सकिने कृषि व्यवसाय, पशुपालन, माछापालन, माहुरी पालन जस्ता व्यवसायका बारेमा त्यस्ता व्यवसायीलाई स्रोत व्यक्तिको रूपमा कक्षामा निम्ता गरी अन्तरक्रिया गर्ने | परम्पागत र आधुनिक कृषि एवम् पशुपालनका चित्र, तस्विर, भिडियो क्लिप्स, | तलका जस्तै प्रश्न सोध्ने :<br>■ परम्परागत र आधुनिक कृषि प्रणालीका भिन्नताहरू केके हुन् ?<br>■ आधुनिक कृषि व्यवसाय कसरी अपनाउन सकिन्छ ? | |
| | | कृषिमा प्रयोग गरिने मलखाद्य तथा कीटनाशक औषधीहरूको बारेमा जानकारी जस्तै प्राङ्गारिक मल, रासायनिक मल, कीटनाशक | ■ मलखाद्यको बारेमा जानकारी दिई तिनीको उत्पादन, प्रयोग र महत्त्वबारे छलफल गर्ने<br>■ कीटनाशक औषधी, उपकरण को चित्र वा वास्तविक सामग्री प्रदर्शन गर्दै त्यसको सही प्रयोग, हानी नोक्सानी र सावधानीका उपायबारेमा छलफल गर्ने | | स्थानीय स्तरमा मौसम अनुसार लगाइने बालीनालीको सूची तयार पार र साथीहरू बिच छलफल गर | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पठ्य घन्टी |
|---|---|---|---|---|---|---|
| | | लाभदायक र हानिकारक किराहरू: गड्यौला, थोप्लेकिरा, पतेरा आदि | ▪ कृषिमा प्रयोग हुने विभिन्न हानीकारक र लाभदायक किराको चित्र वा वास्तविक किरा प्रदर्शन गर्न लगाइ पहिचान गर्न लगाउन र उपयोगी किराको उपयोग गर्ने तरिका र हानिकारक किराको नियन्त्रणका उपाय बारे छलफल गर्ने | किराहरूको नमुना, चित्रहरू, तालिका | घरमा गरिने कुनै एक व्यवसायको परियोजनाको कार्य तयार पार<br>घरमा कुन कुन रासायनिक मल/कीटनाशक प्रयोग हुन्छ तिनको सूची तयार पार | |
| | | जैविक खेतीको परिचय | जैविक खेतीको परिचय र महत्त्व बारेमा छलफल गर्ने | जैविक खेतीका निम्ति प्रयोग गरिने सामग्री, चित्रहरू | जैविक खेती भनेको के हो ? तिम्रो घर, गाउँ, टोल छिमेकमा जैविक खेती गरिएको छ भने त्यसको बारेमा लेख | |
| प्रदूषण | प्रदूषणको परिचय दिन | प्रदूषणको परिचय, परिभाषा | प्रदूषणको परिभाषा दिने | विभिन्न प्रकारका स्वच्छ वातावरण र प्रदुषित वातावरणको चित्र | प्रदूषण भनेको के हो ? | |
| | प्रदूषणको प्रकारबारे बताउन | प्रदूषणका प्रकारहरू: वायु, जल, जमिन र ध्वनि प्रदूषण प्रदूषण कम गर्ने उपायहरू | प्रदूषणको प्रकारहरूबारे जानकारी दिई नजिकैको खोलानाला, बजार कलकारखानाको अवलोकन भ्रमण गराउने र त्यस क्षेत्रमा देखिएका प्रदूषणबारे टिपोट गर्न लगाउने | प्रदूषणका प्रकार लेखिएको तालिका | प्रदुषणका प्रकारहरू बताऊ<br>आफ्नो घर वरिपरि देखिने प्रदूषण झल्किने र स्वच्छ वातावरण झल्किने चित्र बनाऊ<br>त्यो प्रदूषण कम गर्न के के गर्न सकिन्छ भन | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन प्रक्रिया | पठन घन्टी |
|---|---|---|---|---|---|---|
| | स्थानीय स्तरमा भएका प्रदूषणबारे बताउन र सरसफाइ गर्न | ■ वायु प्रदूषणको असर, कारण र रोकथामका उपायहरू<br>■ जल प्रदूषणको असर, कारण र रोकथामका उपायहरू<br>■ जमिन प्रदूषणको असर, कारण र रोकथामका उपायहरू<br>■ ध्वनि प्रदूषणका असर, कारण र रोकथामका उपायहरू<br>■ स्थानीय खोला नाला, गाउँसहरमा भएका प्रदूषणबारे जानकारी | ■ प्रदूषणका कारण, असर र रोकथामका उपायहरूबारे छलफल गर्ने<br>■ विद्यालय सरसफाइ कार्यक्रम आयोजना गर्ने<br>■ नजिकैको खोलानाला, ताल मठ मन्दिरको भ्रमण गरी त्यहाँ सरसफाइ गर्ने | सरसफाइका सामग्रीहरू, चित्रहरू, तालिका | नजिकैको खोलानाला, ताल मठमन्दिरको भ्रमण गरी त्यहाँको प्रदूषणको अवस्थाको बारेमा एउटा परियोजना तयार पारेर कक्षामा प्रस्तुत गर्न लगाउने | |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| स्थानीय वातावरणीय समस्याहरू | स्थानीय स्तरमा भएका वातावरणीय समस्या सम्बन्धी जानकारी दिन | वातावरणीय समस्याको बारेमा जानकारी | स्थानीय वातावरणीय समस्याहरूको बारेमा विभिन्न उदाहरणहरू प्रस्तुत गर्दै छलफल गर्ने | वन विनाश हुनुका कारणहरू र रोकथामका उपायहरूबारे चर्चा गर |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | ■ वन विनाश: कारण, असर र न्यूनीकरणका उपायहरू<br>■ चोरी सिकारी: अवस्था, कारण, असर र न्यूनीकरणका उपायहरू<br>■ फोहोरमैला र प्रदूषण<br>■ कीटनाशक विषादी तथा रासायनिक मलको अत्यधिक प्रयोग<br>■ आगान्तुक मिचाहा प्रजातिहरू : जलकुम्भी, माइकेनिया, बनमारा | ■ नजिकैको वनजङ्गलको भ्रमण गराई वनविनाश /अतिक्रमण भए नभएको अवलोकन गर्न लगाएर देखिएका समस्याबारे टिपोट गराई कारण र असर सहित छलफल गराउने<br>■ चोरी सिकारीको बारेमा जानकारी दिन पत्रिकाका लेखहरू देखाई समूहगत छलफल गराउने<br>■ कीटनाशक विषादी तथा रासायनिक मलको अत्यधिक प्रयोगको असरका बारेमा विभिन्न घटना अध्ययन र चित्रका माध्यमबाट छलफल गर्ने<br>■ आगान्तुक मिचाहा प्रजातिहरू : जलकुम्भी, माइकेनिया, बनमारा आदिको नमुना प्रदर्शन गर्दै त्यसको असर बारे स्थलगत रूपमा अवलोकन गरी छलफल गर्ने | ■ तिम्रो नजिकको जङ्गलमा पाइने मिचाहा प्रजातिका वनस्पतिहरूको सूची तयार पार<br>■ दुर्लभ प्रजातिका वनस्पति तथा वन्यजन्तुको चोरी शिकारी नियन्त्रणका लागि हामीले अपनाउनुपर्ने उपायहरू के के हुन ?<br>■ कीटनाशक विषादी तथा रासायनिक मलको अत्यधिक प्रयोगको असरको सूची बनाऊ |
| | विश्वव्यापी वातावरणीय समस्या सम्बन्धी जानकारी | विश्वव्यापी समस्याहरू: जस्तै तापमानमा वृद्धि, ओजनतहको विनाश, जैविक विविधतामा ह्रास, हावापानीमा परिवर्तन | ■ विश्व तापमानमा वृद्धि<br>ओजनतहको विनाश<br>जैविक विविधतामा ह्रास<br>हावापानीमा परिवर्तन जस्ता विषयमा पत्रिकाका लेखहरू, समाचारहरू सङ्कलन गरी गर्न लगाई समूहगत छलफल गराउने | विश्वव्यापी वातावरणीय समस्याका एक एक ओटा उदाहरण देऊ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| | वातावरणीय समस्या न्यूनीकरणका उपायबारे जानकारी दिन | वातावरणीय समस्या न्यूनीकरणका उपायहरू | ■ समूहगत रूपमा वातावरणीय समस्या न्यूनीकरणका उपायहरूबारे भूमिका अभिनय र संवाद तयार गर्न लगाई प्रदर्शन गर्न लगाउने<br>■ वातावरणीय समस्या न्यूनीकरण गर्ने उपाय सम्बन्धमा जन चेतना जगाउन विभिन्न नारा तयार पार्न लगाउने<br>■ स्थानीय स्तरमा भएको कुनै एक वातावरणीय समस्याको कारण, असर र रोकथामका उपायहरू समेटेर परियोजना कार्य तयार गर्न लगाउने | परियोजना कार्यको आधारमा मूल्याङ्कन गर्ने |
| चितवन राष्ट्रिय निकुञ्ज | चितवन राष्ट्रिय निकुञ्जको परिचय दिन | चितवन राष्ट्रिय निकुञ्जको परिचय क्षेत्रफल, वनस्पति, बन्यजन्तु आदि | ■ चितवन राष्ट्रिय निकुञ्जको भ्रमण गराउने र छलफल गर्ने<br>■ स्थानीय निकुञ्ज व्यवस्थापन र सङ्घसंस्थाको भ्रमण गराई निकुञ्जका बारेमा अन्तरक्रिया गराउने | चितवन राष्ट्रिय निकुञ्जको परिचयात्मक तालिका तयार पार |
| | मध्यवर्ती क्षेत्र र जैविक मार्गबारे बताउन | मध्यवर्ती क्षेत्रको परिचय र महत्त्व मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने मानिसको अधिकार र कर्तव्य | ■ मध्यवर्ती क्षेत्रको अवधारणाबारे बताइदिने<br>■ चितवन राष्ट्रिय निकुञ्जको नक्सा प्रदर्शन गर्दै मध्यवर्ती क्षेत्रको परिचय गराउने<br>■ चित्र प्रदर्शन गर्ने र मध्यवर्ती क्षेत्रको क्षेत्रफल वनस्पति, महत्त्वबारे बताइदिने<br>■ मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने मानिसको अधिकार र कर्तव्य बारेमा छलफल गर्ने | चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र महत्त्व बताऊ<br>मध्यवर्ती क्षेत्र भनेको के हो ?<br>यसको महत्त्व किन छ ? |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | जैविक मार्गको परिचय, महत्त्व र आवश्यकता | ■ नजिकको मध्यवर्ती सामुदायिक वनको अवलोकन भ्रमण गराई वनस्पति तथा वन्यजन्तुको बारेमा टिपोट गर्ने/गराउने | मध्यवर्ती क्षेत्रका बासिन्दाहरूले भोग्नुपरेका समस्याहरू र समाधानका लागि गरिएका उपायहरूबारे परियोजना कार्य तयार पारी कक्षामा प्रस्तुत गर |
| | | | ■ जैविक मार्गको परिचय, महत्त्व र आवश्यकता बताइदिने | जैविक मार्ग भनेको के हो ? त्यसको महत्त्व के छ ? |
| फोहोरमैला व्यवस्थापन | फोहोरमैला को परिचय दिन | फोहोरमैलाको परिचय | विद्यालय हातामा भेटिएका अनावश्यक वस्तुहरूको टिपोट गर्न लगाई त्यसबारे छलफल गरी फोहोरमैला सफा गर्न लगाउने | फोहोरमैला भनेको के हो ? यसका प्रकारहरू बताऊ |
| | फोहोरमैला व्यवस्थापनको उपायहरूबारे बुझ्न | फोहोरको प्रकार: जैविक र अजैविक फोहोर मैला व्यवस्थापनको अवधारणा | भ्रमणमा भेटिएका केही फोहोरहरू सङ्कलन गरेर जैविक र अजैविकमा वर्गीकरण गरी फरक भाँडोमा राख्न सिकाउने | बाल बालिकाले फोहरमैला वर्गीकरण गर्न सके नसकेको आधारमा अवलोकन फारामका मध्यमबाट मूल्याङ्कन गर्ने |
| | | ■ अजैविक फोहोर मैला व्यवस्थापनको तरिका<br>■ व्यवस्थापनको तरिका<br>3R: Reduce, Reuse, Recycle उदाहरण: प्लास्टिकका सामानहरू, Compost<br>Reduce : प्लास्टिक प्रयोगमा कमी | ■ ठोस फोहोरहरूको पुन: प्रयोग गरेर बनाइएका सामानहरू देखाएर 3R Principles बारे प्रयोगात्मक अभ्यास गराउने<br>■ सौराहामा भएको हात्तीको मलबाट कागज बनाउने केन्द्रको भ्रमण गराउने<br>■ कागजहरूको पुन प्रयोग गरेर फोटो फ्रेम लगायत विभिन्न सामग्रीहरूको निर्माण गर्न सिकाउने | ■ 3R Principles बारे प्रयोगात्मक अभ्यासका क्रममा अवलोकन गर्दै आवश्यक पृष्ठपोषण दिने<br>■ पुन : प्रयोग गरेर कागज, प्लास्टिक कुनै एक सामग्री तयार पारेर देखाऊ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| स्थानीय जलस्रोत र तिनको अवस्था | जलस्रोतबारे बताउन | जलस्रोतको उदाहरणसहित परिचय | स्थानीय जलस्रोतको अवलोकन भ्रमण गराई त्यहाँ देखिएका जीवजन्तु वनस्पतिहरूको टिपोट गर्न लगाई सिमसारको परिचय बारे प्रस्ट्याई दिने | कस्ता कस्ता स्थानलाई जलस्रोतको रूपमा लिन सकिन्छ ? |
| | स्थानीय सिमसारहरूबारे बुझ्न | स्थानीय क्षेत्रमा रहेका सिमसारको नामावली: टिकौली ताल, राप्ती खोला, तिनीहरूको महत्त्व जस्तै: पानीको स्रोत, पर्यटन, चराको बासस्थान आदि | स्थानीय क्षेत्रमा रहेका सिमसार क्षेत्रको सूची तयार पारी चित्र प्रदर्शन गर्दै छलफल गर्ने | तिम्रो विद्यालय र घर वरिपरि (नजिक) भएका सिमसार क्षेत्रको सूची तयार पार |
| | सिमसारको महत्त्व र अवस्थाबारे बताउन | स्थानीय सिमसारको हालको अवस्थाबारे जानकरी: प्रदूषण, जलकुम्भी झारको असर, अव्यवस्थित पर्यटन | सिमसारको महत्त्व, फाइदा, अवस्था र संरक्षणका उपायहरूको बारेमा समूहगत छलफल गर्ने | सिमसारको संरक्षण कसरी गर्न सकिन्छ ? |
| | सिमसार क्षेत्रको संरक्षण गर्ने तरिकाबारे बताउन | सिमसार संरक्षणका उपायहरू | सिमसार क्षेत्रको सरसफाई र संरक्षणमा विद्यार्थीहरूलाई सहभागी गराउने | सिमसार र जलचरहरूको सङ्ख्यामा कमी आउनुको कारण के के हुन सक्छ ? |
| | | सिमसारमा पाइने जिव जनावरहरू: घडीयाल गोही | नजिकको सुरक्षित सिमसार क्षेत्रको घडियाल गोहीको अवलोकन गराउने सुरक्षित सिमसार क्षेत्र नजिक नभएमा चित्र छलफलबाट अवधारण दिने | स्थानीय क्षेत्रमा रहेको कुनै एक सिमसारको बारेमा परियोजना कार्य तयार पार र कक्षामा प्रस्तुत गर |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| मौसम र जलवायु परिवर्तन | मौसम र जलवायुको परिचय दिन | मौसम र जलवायुको परिचय | पहिले र अहिलेको मौसममा भएको भिन्नताको बारेमा स्थानीय अग्रजहरूसँग सोधखोज गर्ने/ गराउने | मैषम भनेको के हो ? जलवायु के हो ? |
| | हरित गृह ग्याँस र विश्वव्यापी तापक्रम वृद्धिबारे बताउन | हरितगृह ग्याँस र विश्वव्यापी तापक्रम वृद्धिबारे जानकरी | विद्यार्थीहरूलाई चित्र प्रदर्शन छलफल र प्रयोगात्म क्रियाकलापका माध्यमबाट हरित गृह ग्याँस र विश्वव्यापी तापक्रम वृद्धिका बारेमा जानकारी दिने | विश्वव्यापी तापक्रम वृद्धिका प्रमुख असरहरू के के हुन ? हरित गृह ग्याँस भन्नाले के बुझिन्छ ? |
| | जलवायु परिवर्तनको परिचय दिन | परिचय र अवधारणा, | विश्वव्यापी तापक्रम वृद्धिका असरहरू र त्यसलाई न्यूनीकरण गर्ने बारे छलफल गर्ने | जलवायु परिवर्तनका असरलाई न्यूनीकरण कसरी गर्न सकिन्छ ? |
| | जलवायु परिवर्तनको कारणहरू बताउन | ■ जलवायु परिवर्तनको असर र न्यूनीकरणका उपायहरू,<br>■ जलवायु परिवर्तन प्रभावको न्यूनीकरणका लागि स्थानीय प्रयासहरू: वैकल्पिक ऊर्जाको प्रयोग, वृक्षरोपण, फोहोर व्यवस्थापन आदि | ■ जलवायु परिवर्तनको असर बारेमा चित्र छलफल गर्ने<br>■ ती असर न्यूनीकरणका लागि वैकल्पिक ऊर्जाको प्रयोग, वृक्षरोपण, औद्योगिक ठोस फोहोरमैला व्यवस्थापन, आगलागी आदिको बरोमा छलफल गराउने | वैकल्पिक ऊर्जाको प्रयोग र वृक्षरोपणले कसरी जलवायु परिवर्तन कम गर्छ |
| | जलवायु परिवर्तनले स्थानीय क्षेत्रमा पारेको असरहरू भन्न | जलवायु परिवर्तनले स्थानीय क्षेत्रमा पार्ने असरहरू: डुबान, खडेरी, लामखुट्टे जन्य रोगहरूको प्रकोप आदि | जलवायु परिवर्तनका असरहरू दर्साउने किसिमका कोलाज तयार पार्न लगाउने | जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि स्थानीय स्तरमा के के गर्न सकिन्छ सूची तयार पार |
| | जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलताका लागि स्थानीय स्तरमा गर्न सकिने प्रयासहरूबारे बताउन | वैकल्पिक ऊर्जाको महत्त्व | ■ वैकल्पिक ऊर्जाको प्रयोग भएको घरमा लगेर यसको फाइदा बारे अवलोकन गर्न लगाउने<br>■ सौर्य ऊर्जाको प्रयोग गरेको स्थानको भ्रमण गराउने । ऊर्जा सङ्कटका कारणहरू र बचतका उपाय बारे समूहगत छलफल गराउने | तिम्रो घरमा प्रयोग भएका ऊर्जाहरूको सूची तयार पार । वैकल्पिक ऊर्जाको महत्त्व वर्णन गर<br>बायो ग्याँसका फाइदाहरू बताऊ विद्युत् बचावटका उपायहरू के के छन् ? |

## ४. विद्यार्थी मूल्याङ्कन

(१) प्राथमिक तहमा निर्माणत्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने भएको यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङनमा पनि यसलाई अनुसरण गरिने छ ।

(२) स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले क्रियाकलाप गरेर र अवलोकन गरेर सिक्ने भएकाले नियमित सहभागितामा हौसला प्रदान गर्ने र प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गरिने छ ।

(३) प्रत्येक विद्यार्थीको कार्य सञ्चाथिका फाइल रहने छ र त्यसभित्र विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि, व्यावहारिक परिवर्तन अवलोकन, हाजिरी, सामुहिक कार्यमा सक्रियताका अभिलेख रहनेछन् र त्यसै आधारमा मूल्याङ्कन गरिने छ ।

(४) कक्षा ४ र ५ मा ५० प्रतिशत निर्माणात्मक एवम् निरन्तर मूल्याङ्कन र ५० प्रतिशत निर्णयात्मक पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ र छुट्टै उत्तीर्ण हुनुपर्ने छ ।

(५) निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीका हकमा सम्बन्धित अभिभावक, कक्षा शिक्षक, विषय शिक्षक र प्र. अ. को निर्णयबाट कक्षोन्नति गरिने छ ।

## ५. पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

यस वातावरण संरक्षण शिक्षा पाठ्यक्रमको कार्यान्यन गर्न शिक्षकको भूमिका महत्त्वपूर्ण हुने छ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ। समुदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय, क्षेत्रमा जानकार व्यक्तिहरूलाई स्रोत व्यक्तिको रूपतमा सदुपयोग गरिने छ । विषयक्षेत्रमा आबद्ध गाविस एवम् जिल्लाका विवरणहरू सङ्कलन गरी पठनपाठनमा प्रयोग गरिनेछ । विषय वस्तुमा समावेश प्रमुख क्षेत्र स्थलमा अवलोकन भ्रमण गराइने छ ।

# अनुसूची ५

# लाङटाङको सेरोफेरो

## १. परिचय

यस पाठ्यक्रमले आधारभूत तहको कक्षा १ देखि ५ सम्मका बाल बालिकाहरूमा आफ्नो क्षेत्रको प्राकृतिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवम् ऐतिहासिक सम्पदाहरूकोबारेमा परिचित गराई त्यसको संरक्षण र संवर्धनमा लागन अभिप्रेरित गराउने उद्देश्य राखेको छ।

## २. तहगत सक्षमता

यस विषयमा आधारभूत तह (कक्षा १-५) कक्षा ५ को अन्तमा निम्न लिखित सक्षमता हासिल हुने छन्:

(क) स्थानीय भौगोलिक स्थितिसँग परिचित
(ख) स्थानीय स्तरमा पाइने वनस्पति तथा पशुपन्छीको (जैविक विविधता) पहिचान
(ग) यस क्षेत्रमा रहेका नदीनाला, तालकुण्ड, हिमाल, खनिज पदार्थ आदिसँग परिचित
(घ) यस क्षेत्रका प्रचलित चाडपर्व र संस्कृतिको बोध
(ङ) स्थानीय ऐतिहासिक स्थलहरूबारे परिचित
(च) असल सामाजिक मूल्य मान्यताको अनुशरण
(छ) स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलापहरूबारे पहिचान

## ३. विषय वस्तुको छनोट

(क) स्थानीय भौगोलिक स्थिति
(ख) स्थानीय वातावरणमा पाइने बनस्पति, जडीबुटी र पशुपन्छीहरू, फोहोरमैला व्यवस्थापन, ऊर्जा, जलवायु परिवर्तन
(ग) यस क्षेत्रको सेरोफेरोमा रहेका नदीनाला, तालकुण्ड, हिमाल र खनिज पदार्थ
(घ) स्थानीय स्तरमा प्रचलित भाषा, चाडपर्व, धर्मसंस्कृति, रीतिरिवाज र बेशभूषा
(ङ) यस क्षेत्रमा रहेका मठ, मन्दिर, गुम्बा, चर्च र अन्य धार्मिक सम्पदाहरू
(च) सामाजिक मूल्यमान्यता र सकारात्मक व्यवहार
(छ) स्थानीय क्षेत्रमा प्रचलित पेसा, व्यवसाय, उद्योगधन्दा तथा आयआर्जनका क्रियाकलापहरू (पशुपालन, खेतीपाती, जडीबुटी खेती, हस्तकला, होटल व्यवसाय आदि)

## ४. कक्षागत सिकाइ उपलब्धि विवरण

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| भौगोलिक स्थितिकोपहिचान | ■ आफू बसेको ठाउँ र आफ्नो गाउँको भौगोलिक स्थितिको पहिचान गर्न, नाम ठेगाना भन्न<br>■ स्थानीय सडक, गोरेटो, घोडेटो बाटो बताउन | ■ आफ्नो छिमेकी गाउँको भौगोलिक स्थिति बताउन<br>■ भौगोलिक बनावट अनुसार पाइने फलफुल तथा अन्नबाली पहिचान गर्न | ■ आफ्नो गाविसको भौगोलिक स्थिति बताउन<br>■ नक्सामा गाविस मा रहेका हिमाल, पहाड, नदीहरू छुट्याउन<br>■ स्थानीय स्तरमा रहेका गोरेटो, घोडेटो, सडकको नाम भन्न र गाउँदेखि नजिक रहेको सडकको दुरी बताउन<br>■ गाउँदेखि जिल्ला सदरमुकामसम्मको सडक र दुरी बताउन | ■ आफ्नो जिल्लाको क्षेत्रफल, भौगोलिक अवस्थितिको नक्सा बनाउन<br>■ जिल्लाको सिमानामा पर्ने अन्य जिल्ला वा क्षेत्रबारे भन्न<br>■ आफ्नो जिल्लाका गाविस हरुको पहिचान गर्न र राजधानी देखि जिल्ला सदरमुकाम सम्मको दुरी, स्वरूप बताउन<br>■ भौगोलिक अवस्था अनुसार पाइने भौतिक संरचना निर्माणमा प्रयोग हुने सामग्रीहरू पहिचान गर्न | ■ जिल्लाको भौगोलिक अवस्था बताउन<br>■ हिमाली, पहाडी, लेक, बेंसी, मैदान भाग छुट्याई तिनीहरूको परिचय दिन<br>■ जिल्लाको नक्सा बनाई सिमानाहरू छुट्याउन<br>■ जिल्लाका प्रमुख सडक तथा मार्गहरू भन्न<br>■ जिल्लाको हावापानी र माटोको जानकारी दिन<br>■ भौगोलिक अवस्थाले गर्दा आइपर्न सक्ने चुनौतीहरू बताउन |
| स्थानीय वातावरण, वनस्पति, पशुपन्छीको पहिचान र संरक्षण | ■ वातावरणका मुख्य तत्वहरू बुझ्न: हावा, पानी, माटो आदि ।<br>■ स्थानीय गाउँघरका पानीका स्रोतहरूको नाम भन्न<br>■ आफ्नो गाउँ र विद्यालय वरपर पाइने/देखिने पशुपन्छीको नाम बताउन | ■ स्थानीय क्षेत्रमा रहेका पानीका विभिन्न स्रोतहरू प्रयोगबारे बुझ्न<br>■ आफ्नो गाउँघरमा पाइने र पालिने पशुपन्छीहरू पहिचान गर्न | ■ गाउँ तथा नजिकको जङ्गलमा रहेका घरपालुवा तथा जङ्गली पशुपन्छीहरूको महत्त्व बताउन<br>■ गाउँ तथा नजिकको जङ्गलमा रहेका फलफुल एवम् प्रमुख बोट बिरुवाहरूको सूची बनाएर बताउन/छुट्याउन<br>■ नजिकका डाँडा, शिखर, हिमाल चिन्न | ■ स्थानीय वातावरणको जानकारी लिन<br>■ मानव र वातावरणबिच सम्बन्ध बुझ्न<br>■ जिल्लाका प्रमुख प्राकृतिक सम्पदाहरू (हिमाल, ताल, कुण्ड, नदी, झरना बताउन<br>■ मुख्य वनजङ्गल, वनस्पती र जडीबुटीको महत्त्वबारे बताउन | ■ जिल्लाका प्रमुख प्राकृतिक सम्पदाहरूको (जल, जमिन, जङ्गल, खनिज पदार्थ) विस्तृत जानकारी दिन<br>■ लाङटाङ राष्ट्रिय निकुञ्जको परिचय<br>■ प्राकृतिक प्रकोप (भूक्षय, बाढी, पहिरो) बारे बताउन<br>■ प्राकृतिक सम्पदाको संरक्षणमा सहभागी हुन र महत्त्व बताउन<br>■ स्थानीय वातावरण, मौसम, जलवायुको पहिचान गर्न |

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| | ▪ आफ्नो गाउँघर र विद्यालय वरपर रहेका बोटबिरुवाको नाम भन्न<br>▪ व्यक्तिगत सरसफाइ बुझ्न | ▪ आफ्नो गाउँघरमा पाइने बोट बिरुवा /फलफुल चिन्न र तिनीहरूको नामको सूची बनाउन<br>▪ घर तथा विद्यालयको सरसफाइ गर्न | ▪ स्थानीय प्राकृतिक सम्पदाहरू पहिचान गरी संरक्षणका उपायबारे बताउन<br>▪ विद्यालय तथा गाउँघरको सरसफाइको महत्त्व बुझ्न र बुझाउन र सहभागी हुन | ▪ प्रदूषण (जल, वायु, जमिन) बारे सामान्य बताउन<br>▪ विद्यालय तथा घरगाउँको सरसफाइ र महत्त्वबारे बुझ्न फोहोरमैला व्यवस्थापन गर्न | ▪ स्थानीय क्षेत्रमा भएका ऊर्जाका स्रोत पहिचान गर्न, त्यसको महत्त्व र संरक्षणका उपाय बताउन<br>▪ स्थानीय क्षेत्रमा संरक्षणका लागि काम गर्ने उदाहरणीय व्यक्ति, सङ्घसंस्थाको खोजी गर्न |
| स्थानीय ऐतिहासिक, सांस्कृकि, सम्पदाको पहिचान र संरक्षण | ▪ स्थानीय क्षेत्रको पुराना मठ मन्दिर बुझ्न र तिनको नाम बताउन<br>▪ स्थानीय क्षेत्रमा मनाईने मुख्य चाडपर्वको नाम भन्न<br>▪ स्थानीय क्षेत्रमा मान्ने चाडपर्वमा गरिने क्रियाकलाप बताउन | ▪ आफ्नो गाउँघर र छिमेकी गाउँमा भएका ऐतिहासिक स्थलहरूको सूची बनाउन<br>▪ स्थानीय ठाउँमा बोलिने विभिन्न भाषाको सूची बनाउन<br>▪ स्थानीय क्षेत्रको रीतिरिवाज, मेला, चाडपर्व, जात्रा आदिबारे परिचित हुन | ▪ आफ्नो गाउँघर र परिवारमा मान्ने धर्मबारे बताउन<br>▪ स्थानीय स्तरमा मनाईने धार्मिक तथा सांस्कृतिक क्रियाकलापको परिचय दिन<br>▪ स्थानीय मातृभाषाका केही शब्दहरू बुझ्न, बोल्न र वाक्य बनाउन | ▪ आफ्नो गाउँ र जिल्लामा रहेका विभिन्न समुदायको परिचय र बोलिने स्थानीय भाषाको परिचय दिन<br>▪ स्थानीय सांस्कृतिक, एतिहासिक तथा धार्मिक मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिदको चित्र कोर्न र चिन्न<br>▪ स्थानीय संस्कार (जन्म, मृत्यु, विवाह) बारे सामान्य परिचय दिन र गरिने क्रियाकलापबारे बताउन | ▪ स्थानीय सांस्कृतिक सम्पदाहरू पहिचान गर्न र ती सम्पदाहरूको संरक्षणबारे भन्न<br>▪ स्थानीय ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा सहयोग गर्न, सहभागी हुन र सामाजिक सहभागिताको महत्त्व बताउन<br>▪ स्थानीय भाषाको प्रचलन, महत्त्व र लिपीबारे बताउन<br>▪ जिल्लाका प्रचलित मेलापर्व, चाड, जात्राको परिचय दिन |
| सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार | ▪ शिष्टतापूर्वक आफ्नो र आफ्नो ठाउँको परिचय दिन | ▪ सबैसँग शिष्ट, नम्र व्यवहार गर्न<br>▪ समाजमा विभेदरहित व्यवहार प्रस्तुत गर्न<br>▪ सबैको सम्मान गर्न | ▪ आफ्नो परिवार गाउँ, समुदाय र विद्यालयका मान्यजनहरूको भनाई, निर्देशन अनुशरण गर्न | ▪ परिवार, समुदाय, समाज, राष्ट्र र विश्व समुदायको परिचय दिन र आफ्नो कर्तव्य बुझ्न<br>▪ गाउँ समुदायमा प्रचलित भाषा संस्कृतिको सम्मान गर्न | ▪ अतिथि सत्कार गर्न<br>▪ विद्यालयको नितिनियम, आचारसंहिता र अनुशासन पालन गर्न<br>▪ बालअधिकार, बालक्लबहरूमा सहभागी भएर काम गर्न |

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| | ■ आफूलाई मनपर्ने साथीको नाम बताउन र साथीसँग मेलमिलाप राख्न<br>■ मान्यजनहरूलाई प्रयोग गरिने आदरसूचक शब्दहरू भन्न | | ■ आफ्ना मनाई, प्रतिक्रिया शिष्टतापूर्वक अभिव्यक्त गर्न<br>■ सामाजिक सद्भाव, सहिष्णुता कायम गर्न सहयोग गर्न | ■ भाईबहिनी, साथीभाइबिच सहयोग, सद्भाव र सदाचार गर्न मार्ग निर्देश गर्न<br>■ विद्यालय, घरसमाजको नीतिनियम र आचारसंहिताको पालन गर्न<br>■ सामाजिक कार्यहरूमा सहयोग गर्न | ■ सार्वजनिक कार्य, सेवामा पालो पर्खन र सहभागिता जनाउन<br>■ सामाजिक नियम र मर्यादाको पालन गर्न<br>■ मेहनत गर्न र श्रमको सम्मान गर्न<br>■ बाल बालिका, अपांग, रोगी, वृद्ध, असाहायहरूलाई सहयोग गर्न |
| स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | ■ घरपरिवारका सदस्यले गर्ने काम बताउन<br>■ घरमा आम्दानी हुने क्रियाकलाप भन्न<br>■ घरको दैनिक कामकाज र खानपानको लागि प्रयोग/खरीद गरिने वस्तुबारे भन्न | ■ घर, छिमेक र गाउँमा गरिने पेसा र व्यवसायको जानकारी दिन<br>■ घर र छिमेकमा गरिने पेसा व्यवसाय पहिचान गरी सूची बनाउन<br>■ गाउँघरमा उत्पादन हुने वस्तुहरू, तिनको प्रयोग र बिक्री वितरणको स्थिति बताउन<br>■ पेसा व्यवसायमा संलग्न परिवार, छिमेकी र गाउँलेको पहिचान गर्न | ■ स्थानीय गाबिस का बासिन्दाको पेसा व्यवसायको सूची बनाउन<br>■ स्थानीय व्यवसायहरू कुन कुन वस्तु उत्पादनसँग सम्बन्धित छन् भन्न<br>■ स्थानीय बासिन्दाको आर्थिक क्रियाकलापहरू खोजी गर्न र बताउन | ■ स्थानीय क्षेत्रमा गरिने प्रमुख पेसा व्यवसायहरू भन्न<br>■ स्थानीय गाउँका मानिसहरूको आम्दानीका स्रोतहरू बताउन<br>■ स्थानीय घरेलु उद्योग व्यवसायहरूको पहिचान गर्न<br>■ व्यवसायहरूको महत्त्व बताउन<br>■ स्थानीय कृषि प्रणालीबारे जानकारी प्राप्त गर्न | ■ जिल्लाका मुख्य मुख्य उद्योग व्यवसायहरूको पहिचान गरी परिचय दिन र तिनीहरूको महत्त्व बताउन<br>■ स्थानीय व्यवसाय, उद्योगबाट उत्पादित वस्तुको बजार व्यवस्थापन भन्न<br>■ पेसा व्यवसाय बाट हुने आर्थिक फाइदाबारे बताउन<br>■ स्थानीय क्षेत्रमा गरिएका नमुना व्यवसायको खोजी गरी त्यसबाट देशलाई पुग्ने आर्थिक योगदानका बारेमा भन्न<br>■ पर्यटन तथा पर्यापर्यटनका बारेमा बताउन |

## ५. विषय वस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागत रूपमा बाल बालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिहरूलाई विशिष्ट उद्देश्यको रूपमा प्रस्तुत गरिएको छ। क्षेत्रगत विषय वस्तुको विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**कक्षा १**

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| भौगोलिक स्थितिको पहिचान | ▪ आफू बसेको ठाउँ र आफ्नो गाउँघरको भौगोलिक स्थितिको पहिचान गर्न, नाम ठेगाना भन्न<br>▪ स्थानीय सडक, गोरेटो, घोडेटो बाटोको नाम भन्न | ▪ आफ्नो गाउँघरको नाम, नक्सा र ठेगाना<br>▪ स्थानीय गाउँको भौगोलिक संरचना भिरालो, पाखा, समथर ,लेकको चित्र/नक्सा<br>▪ गाउँको गोरेटो, घोडेटो, सडकको नाम | ▪ विद्यार्थीहरूलाई उनीहरूको गाउँको नाम सोधेर भन्न लगाउने<br>▪ गाउँबस्तीको चित्र कोरेर प्रदर्शन गरी चिन्न र भन्न मौका दिने<br>▪ आफ्नो विद्यालय बाहिर लगी नजिकको दायाँबायाँ तथा तलमाथी भएको बाटोको अवलोकन गराउँदै नाम सोध्ने र छलफल गराउने<br>▪ आफू बसेको गाउँ ठाउँको बनोट भिरालो, समथर, नदी किनार, उच्च स्थान कस्तो छ भनी छलफल गर्ने/गराउने | ▪ स्थानीय गाउँको नक्सा/चित्र कोरेर विद्यार्थीहरूलाई सोध्ने/चिन्न लगाउने<br>▪ स्थानीय बाटो, सडक आदिबाट नजिकको कुन ठाउँ पुगिन्छ भन्न लगाउने | २० घन्टी |
| स्थानीय वातावरण, वनस्पति, पशुपन्छीहरूको पहिचान र संरक्षण | ▪ वातावरणका मुख्य तत्त्वहरू बुझ्नः हावा, पानी, माटो<br>▪ स्थानीय गाउँघरका खानेपानीको मुहान, धारा, कुवा, खोलाको नाम भन्न | ▪ स्थानीय गाउँ/विद्यालयमा दैनिक रूपमा प्रयोग हुँदै आएका धारा, कुवा, खोलाखोल्साको चित्र र परिचय<br>▪ स्थानीय क्षेत्रमा पाइने पशुपन्छीहरूको नाम | ▪ स्थानीय गाउँघरका प्रचलित धारा, कुवा, खोला खोल्साको नाम भनिदिने र देखाई दिने<br>▪ स्थानीय रूपमा पाइने पशुपक्षीहरूको चित्र बनाई कक्षाकोठामा प्रदर्शन गर्ने<br>▪ पशुपन्छीहरूको वास्तविक रूप वा चित्र देखाउने<br>▪ विद्यार्थीहरूको घरगोठमा पालिएका पशुपन्छीको नाम भन्न लगाउने र छलफल गर्ने | ▪ आफ्नो विद्यालयको तथा घरको धारामा खानेपानी कहाँबाट ल्याउने गरिएको छ ? | २५ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | ▪ आफ्नो गाउँ र विद्यालय वरपर पाइने/देखिने पशुपन्छीको नाम बताउन<br>▪ आफ्नो गाउँघर र विद्यालय वरपर रहेका बोटबिरुवाको नाम भन्न<br>▪ व्यक्तिगत सरसफाइ गर्न | ▪ आफ्नो गाउँघरमा पालिएका पशुपन्छीको नाम र चित्र<br>▪ विद्यालय वरपर र गाउँघरमा विभिन्न समयमा फुल्ने फूलहरू र अन्य बोटबिरुवाहरूको चित्र<br>▪ स्थानीय गाउँ नजिक रहेका वनजङ्गल, खेलानाला, ताल तलैया, पोखरी कुण्ड, आदिको नामको सूची<br>▪ व्यक्तिगत सरसफाइ गरिरहेको चित्रहरू | ▪ स्थानीय गाउँघरको अवलोकन भ्रमण गराई बोटबिरुवाहरू र देखिएका पशुपन्छीहरू चिनाई दिने, नाम बताइदिने<br>▪ स्थानीय गाउँ नजिक रहेको वनजङ्गल, खेलानाला, ताल तलैया, पोखरी कुण्ड, आदिको भ्रमण गराउने<br>▪ स्थानीय खोला, नदी, पोखरी आदिको प्रयोग के मा गरिएको छ सो सम्बन्धी छलफल गर्ने<br>▪ व्यक्तिगत सरसफाइ, नुहाइधुवाइको महत्त्वबारे बुझाउने | ▪ आफूले गाउँघरमा देखेका पशुपन्छीहरूको नाम भन्<br>▪ तिम्रो घरगोठमा कुन कुन जनावरहरू पालिएका छन् ?<br>▪ आफ्नो गाउँघरमा पाइने फलफुलहरूको नाम भन<br>▪ आफ्नो गाउँबाट देखिने नजिकको हिमालको नाम भन | |
| स्थानीय ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भाषिक सम्पदाको पहिचान र संरक्षण | ▪ स्थानीय क्षेत्रको पुराना मठ मन्दिरको नाम बताउन<br>▪ आफ्नो स्थानीय क्षेत्रमा मनाईने मुख्य चाडपर्वहरूको नाम भन्न<br>▪ स्थानीय क्षेत्रमा मनाईने चाडपर्वहरूमा गरिने क्रियाकलापहरू बारे बताउन | ▪ आफ्नो गाँउघरका मठमन्दिर, चैत्य, गुम्बा, मस्जिद, चर्च<br>▪ गाँउ घरमा मानिने प्रमुख चाडपर्वहरू दसैं तिहार, ल्होसार, बुद्ध जयन्ती, भदौ पूर्णिमा, माघे, छेस्मानाच आदिबारे सूची र चित्र<br>▪ स्थानीय क्षेत्रमा रहेका लोकप्रिय ऐतिहासिक स्थलहरू हिमाल, रसुवागढी आदि | ▪ विद्यार्थीहरूलाई स्थानीय गाँउको भ्रमण गराई त्यहाँका मठ मन्दिर, चैत्य, गुम्बा, घ्याङ, चर्च, मस्जिद आदिको पहिचान गर्ने, गराउने<br>▪ गाँउ घरमा मनाइने चाडपर्वको सूची बनाई ती चाडपर्वमा गरिने पूजापाठ, खानपान, नाचगान र अन्य क्रियाकलापहरूकोबारेमा चित्र देखाई छलफल गर्ने<br>▪ गाँउका लोकप्रिय ऐतिहासिक स्थलहरूको फोटो देखाउने जस्तै: रसुवागढी, गुफाहरू<br>▪ गाँउघरमा मनाइने विभिन्न चाडपर्वको समयमा अवलोकन गराउने<br>▪ स्थानीय क्षेत्रमा बोलिने भाषाका बारेमा बताइदिने, जस्तै: तामाङ, राई, गुरुङ, तिब्बती, नेपाली, शेर्पा आदि | ▪ स्थानीय गाँउघरमा कुन कुन मठमन्दिर तथा गुम्बाहरू रहेका छन् ?<br>▪ तिम्रो गाउँमा मानिने प्रमुख चाडपर्वहरू के के हुन् भन<br>▪ स्थानीय चाडपर्वमा गरिने क्रियाकलापहरू र खाने परिकारहरूबारे भन<br>▪ तिम्रो घरमा बोलिने मुख्य भाषा के हो ? | ३५ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार | ■ शिष्टतापूर्वक आफ्नो र आफ्नो ठाउँको परिचय दिन<br>■ आफ्नो घरका सदस्यहरूको नाता बुझाउने शब्द बताउन<br>■ आफूलाई मनपर्ने साथीको नाम बताउन र साथीसँग मेलमिलाप राख्न<br>■ मान्यजनलाई प्रयोग गरिने आदरसुचक शब्दहरू भन्न | ■ आफ्नो नाम थर बताउन<br>■ आफ्नो घरका सदस्यहरू आमा, बाबु, बाजेबज्यै, दिदीबहिनी, दाजुभाइ, काकाकाकी मामामाइजु आदि आफन्तको विवरण<br>■ आफूलाई मनपर्ने नजिकको साथीको परिचय<br>■ आफूभन्दा ठूलालाई आदर सत्कार | ■ प्रत्येक विद्यार्थीलाई उसको नामथर, विद्यालयको नाम र कती कक्षामा पढ्छ सिकाउने र भन्न लगाउने<br>■ उसको परिबारमा को को छन् बताउन लगाउने<br>■ विद्यार्थीलाई आफ्ना साथीहरू को को हुन भन्न लगाई नामथर सहित छलफल गराउने<br>■ घरमा भएका सदस्यहरूको साईनो बारेमा कक्षामा छलफल गराउने<br>■ बोल्दा आदरार्थी शब्दहरू (तपाईं, हजुर) प्रयोग गर्न सिकाउने | ■ तिम्रो नामथर भन र तिमी बस्ने गाउँको नाम भन<br>■ तिम्रो परिबारमा को को सदस्यहरू छन बताऊ<br>■ मनपर्ने साथीको नाम भन<br>■ आफूभन्दा ठुला मान्यजनहरूसँग हामीले कसरी बोल्ने गर्नुपर्दछ ? | २० घन्टी |
| स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | ■ घरपरिवारका सदस्यले गर्ने काम बताउन<br>■ घरमा आम्दानी हुने क्रियाकलाप भन्न<br>■ घरको दैनिक कामकाज र खानपानको लागि प्रयोग/खरिद गरिने वस्तुबारे भन्न<br>• | ■ आफ्ना घरपरिवारका सदस्यहरूले दैनिक रूपमा गर्ने खेती, पशुपालन, व्यापार व्यवसाय, नोकरी<br>■ व्यवसाय वा कामबाट घरव्यवहार चलाउन आवश्यक सामग्रीहरू जस्तै : अन्न, फलफुल, तरकारी, माछामासु, लत्ताकपडा आदिको सचित्र विवरण<br>■ आफ्नो घरमा उत्पादन हुने वस्तुहरू, तिनीहरूको प्रयोग र बिक्री | ■ कक्षाका विद्यार्थीहरूको घरमा उनीहरूका परिवारका सदस्यले गर्ने दैनिक क्रियाकलापहरू (काम) बारे छलफल गर्ने<br>■ विद्यालय नजिकको कुनै एक दुई घरमा अबलोकन गराई त्यहाँका मानिसले गर्ने कामबारे जानकारी सङ्कलन गर्ने<br>■ दैनिक रूपमा घरमा प्रयोग हुने खाद्यासामग्रीको बारेमा छलफल गर्ने/गराउने, चित्र देखाउने<br>■ गाउँ र घरमा उत्पादन हुने बस्तुको सूची तयार गरी विद्यार्थीलाई भनिदिने | ■ आफ्नो घरका सदस्यहरूले गर्ने पेसा व्यवसायको बारेमा भन<br>■ स्थानीय गाउँघरको पेसा व्यवसायको अवलोकन गर्दा देखिएका कामहरू बारे कक्षामा सुनाऊ<br>■ विद्यार्थीको गाउँमा उत्पादन हुने बस्तुहरू के के हुन भन<br>■ आफ्नो घरमा उत्पादन हुने र बजारबाट किनेर ल्याउने सामग्रीबारे भन्न लगाई छलफल गर | २८ घन्टी |

कक्षा २

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| भौगोलिक स्थितिकोपहिचान | ■ आफ्नो र आफ्नो छिमेकी गाउँको भौगोलिक स्थिति पहिचान गर्न<br>■ आफ्नो गाउँदेखि नजिक रहेका हिमाल, पहाड, मैदान, खोला चिन्न र नाम भन्न | ■ स्थानीय गाउँको भौगोलिक स्थिति (भिरालो, समथर, लेक, बेंसी, हिमाल, पहाड) बारे जानकारी, चित्र तथा विवरण<br>■ नजिकको गाउँको भौगोलिक स्थिति, सिमाना, स्वरूप, समथर, भिरालो, बाटो, खोला, जङ्गल आदिको नक्सा र विवरण<br>■ स्थानीय क्षेत्रमा पाइने मुख्य फलफुल तथा बालीनालीको नाम | ■ स्थानीय गाउँको भौगोलिक स्थितिकोबारेमा जानकारी गराई अवलोकन भ्रमण गराउने<br>■ भिरालो, समथर, लेकवेंसी को परिभाषा, स्वरूप बताउने र छलफल गर्ने<br>■ सिमाना जोडिएको गाउँको स्वरूप झल्कने किसिमको चित्र प्रस्तुत गर्ने र छलफल गर्ने<br>■ छिमेकी गाउँको क्षेत्र भ्रमण गराउने र दुई गाउँ बिचको भौगोलिक भिन्नताबारे छलफल गर्ने<br>■ दुई गाउँलाई छुट्याउने खोला, बाटो, जङ्गल, चौतारो आदिबारे छलफल गरी ठाउँको नामबारे जानकारी दिने<br>■ स्थानीय क्षेत्रमा पाइने मुख्य फलफुल तथा अन्न बालीको चित्रहरू देखाई भौगोलिक बनावट अनुसार बालीनालीहरू पनि फरक पर्दछन् भन्ने बुझाउने | ■ गाउँको स्वरूपबारे भन<br>■ दुई भन्दा बढी गाउँहरूको चित्र/नक्सा देखाई आफ्नो गाउँ चिन्न/भन्न लगाउने<br>■ स्थानीय गाउँ र छिमेकी गाउँ बीचको भिन्नता (समथर, भिरालो, पहाड, लेकबेंसी आदि) छुट्याऊ<br>■ गाउँलाई छुट्याउने सिमानाहरू (खोला, जङ्गल, पहाड, बाटो, चौतारो) सोध्ने | २० घन्टी |
| स्थानीय वातावरण, वनस्पति, पशुपन्छीको पहिचान र संरक्षण | ■ स्थानीय क्षेत्रमा रहेका पानीका स्रोतहरू र प्रयोगबारे बुझ्न<br>■ आफ्नो गाउँघरमा पाइने र पालिने पशुपन्छीहरू पहिचान गर्न | ■ स्थानीय गाँउघरमा भएका पानीका स्रोतहरू कुवा, खोला, खोल्सा, कुण्डको जानकारी र तिनीहरूको चित्र, पानीको प्रयोग र उपयोगिताबारे जानकारी | ■ विद्‌यालय नजिक भएको पानीको श्रोत देखाई त्यसको प्रयोगबारे छलफल गर्ने/पानीको महत्त्व बताइदिने<br>■ स्थानीय गाउँको अवलोकन भ्रमण गराई पशुपन्छी पालनबारे देखाई तिनको नाम टिपोट गर्ने/गराउने<br>■ स्थानीय जङ्गलमा पाइने पशुपन्छीको नामको सूची बनाई छलफल गर्ने, चित्र देखाउने | ■ आफ्नो गाउँघरमा भएका पानीका स्रोतहरूको नाम बताऊ र पानीको महत्त्वबारे लेख<br>■ स्थानीय गाउँघरमा पालन गरिने पशुपन्छीहरूको नाम भन र लेख | २५ घन्टी |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | ■ आफ्नो गाउँघरमा पाइने बोटबिरुवाहरू / फलफुलहरू चिन्न र नाम बताउन<br>■ विद्यालय र घरको सरसफाइको महत्त्व बुझ्न | ■ स्थानीय घरपालुवा र जङ्गली पशुपन्छीहरूको नाम र चित्र<br>■ स्थानीय गाउँघरमा र जङ्गलमा पाइने बोटबिरुवाहरू, फलफुलहरूको चित्रद्वारा पहिचान<br>■ विद्यालय तथा घर सरसफाइ | ■ घरपालुवा र स्थानीय जङ्गलमा पाइने पशुपन्छीको सूची बनाई प्रस्तुत गर्ने र छलफल गर्ने<br>■ स्थानीय जङ्गलमा पाइने बोटबिरुवाहरूको नाम सङ्कलन गरी प्रस्तुती र छलफल गर्ने<br>■ स्थानीय गाउँघरमा पाइने फलफुलहरूको नाम टिपोट गरी चित्रद्वारा छलफल गर्ने<br>■ विद्यालय वरिपरि भ्रमण गराई वातावरणको अवस्थाबारे बताइदिने र वरिपरि फोहोर वा सफा के छ त्यस सम्बन्धी छलफल गर्ने<br>■ घर तथा विद्यालय सरसफाइबाट हुने फाइदा बताई आफूले गर्न सक्ने सरसफाइका कामहरू गराउने | ■ गाउँघरमा पाइने पन्छीहरूको सूची तयार गर्न गर<br>■ स्थानीय जङ्गलमा पाइने १०/१० ओटा बोटबिरुवा र पशुपन्छीको नामको सूची बनाऊ<br>■ विभिन्न चित्रबाट घरपालुवा र जङ्गली पशुपन्छी छुट्याऊ<br>■ गाउँघरमा फल्ने फलफुलहरूको नाम भन<br>■ आफ्नो घर तथा विद्यालयलाई हामीले किन सफा राख्नु पर्छ ? | |
| स्थानीय ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भाषिक सम्पदाको पहिचान र संरक्षण | ■ आफ्नो गाउँघर र छिमेकी गाउँमा भएका ऐतिहासिक स्थल बारे बताउन<br>■ स्थानीय गाउँको रीतिरिवाज, मेला, चाडपर्व, जात्रा आदिबारे परिचित हुन<br>■ स्थानीय ठाउँमा बोलिने विभिन्न भाषाको सूची बनाउन | ■ आफ्नो गाउँघर र छिमेकी गाउँमा भएका साँस्कृतिक तथा ऐतिहासिक रूपमा परिचित सम्पदाहरू मठमन्दिर, गुम्बा, चैत्य, घ्याङ, चर्च, वन, नदी, तालतलैया, गढी, गुफाबारे जानकारी/फोटो<br>■ गाउँघरमा मानिने मुख्य चाडपर्वहरू, जात्रा, पूजापाठ र लगाइने वेशभूषाहरू | ■ स्थानीय ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थलहरूको भ्रमण गराई देखेका कुराहरू टिपोट गर्न लगाई छलफल गर्ने<br>■ स्थानीय क्षेत्रमा भएका ऐतिहासिक, धार्मिक र साँस्कृतिक वस्तुहरूको वेग्लावेग्लै सूची वा चित्र बनाई त्यसको महत्त्वबारे छलफल गर्ने<br>■ केही स्थानीय भाषा र नेपाली भाषाको शब्दभण्डारको/सूची बनाई अभ्यास गराउने<br>■ गाउँघरमा मानिने चाडपर्व, जात्रा, मेला, (बुद्ध जयन्ती, ल्होसार) आदिको सूची तयार गरी प्रस्तुत गर्ने | ■ विद्यार्थीहरूको गाउँघरमा भएका महत्त्वपूर्ण मठमन्दिर, गुम्बा, चर्च, घ्याङ आदि स्थानको सूची बनाऊ<br>■ स्थानीय ऐतिहासिक, धार्मिक तथा सास्कृतिक स्थलहरूमा लाग्ने मेलापर्वहरू के के हुन् ?<br>■ गाउँमा बोलिने मुख्य मुख्य भाषाहरूको नाम लेख<br>■ गाउँ मानिने मुख्य चाडपर्वहरूको नाम भन | १५ घन्टी |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| सामाजिक मूल्य मान्यता र सकरात्मक व्यवहार | ■ मान्यजनहरूसँग शिष्ट, नम्र व्यवहार गर्न<br>■ सबैसँग माया र समाजमा विभेदरहित व्यवहार प्रस्तुत गर्न<br>■ आफ्ना अग्रजहरूको मान मर्यादा गर्न | ■ मान्यजनहरूको शिष्ट र नम्र व्यवहार गर्ने कथा वा खेल १/१ ओटा<br>■ कुनैपनि काम गर्दा पढ्दा खाँदा, खेल्दा, कामधन्दा गर्दा धैर्यताका साथ व्यवहारमा उतार्न सहयोगी हुने किसिमको कथा<br>■ सबैको सम्मान र सबैसंग सद्भावको व्यवहार | ■ स्थानीय गाउँघरको अवलोकन भ्रमण गराउने, विद्यालयमा शिक्षक/शिक्षिकालाई नमस्कार गर्न र शिष्ट बोल्न सिकाउने<br>■ साथीबिच नम्र शिष्ट व्यवहार देखाउन अभिनय र विभिन्न चित्रहरू देखाउने (साथीहरू मिलेर खेलिरहेको, मिलेर कक्षाकोठा सफा गरिरहेको)<br>■ विद्यार्थीबिच आमा बुबा, दाजुभाई, दिदीबहिनी आदिको भूमिका दिएर भूमिका अभिनय गराउने<br>■ ठुलो सानो, मान्यजन, टाढानजिक, अपाङ्ग, अशक्त सबैसंग नम्र र शिष्टता देखाउन कथा, कविता, अभिनय आदि द्वारा प्रस्तुत गर्ने र छलफल गर्ने<br>■ ज्ञानी, नम्र, शिष्टता बाट आफूलाई पुग्ने फाइदाका बारेमा कक्षामा भनिदिने जस्तै सबैले माया गर्छन, पढाइमा दक्खल हुने | ■ विद्यार्थीबिचको व्यवहार सम्बन्ध अवलोकन गर्ने<br>■ हामीले आफूभन्दा ठूलालाई कसरी आदर सत्कार गर्नुपर्छ ?<br>■ हामीले आफ्ना गुरु/गुरुआमालाई के गर्नुपर्छ ?<br>■ हामीले आफ्ना साथीहरूसँग कस्तो सम्बन्ध राख्नु पर्छ ? | २० घन्टी |
| स्थानीय पेसा व्यवसाय र आर्थिक क्रियाकलाप | ■ घर, छिमेक र गाउँमा गरिने पेसा, व्यवसाय पहिचान गरी जानकारी दिन<br>■ गाउँघरमा उत्पादन हुने वस्तुहरू, तिनको प्रयोग र बिक्रि वितरणको स्थिति बताउन<br>■ पेसा व्यवसायमा संलग्न परिवार, छिमेकी र गाउँलेको पहिचान गर्न | ■ गाउँघर, छिमेक र परिवारका सदस्यले गर्ने कामको विवरण र चित्र<br>■ कृषि: अन्न, तरकारी, फलफूल, जडीबुटीका स्थानीय क्षेत्र र विवरण<br>■ घरेलु व्यवसाय: गलैंचा, राडी, पाखी, टोपी, झोला, थाङ्का, सिकर्मी, डकर्मी घट्ट, मीलको सचित्र विवरण<br>■ होटल व्यवसायको अर्थ, फाइदा र चित्र | ■ स्थानीय स्तरमा मानिसहरूले गर्ने कामको सूची बनाई छलफल गर्ने/गराउने<br>■ घरछिमेकमा गरिने पेसाहरूको अवलोकन भ्रमण गराई, स्थानीय पेसा व्यवसायीहरू सँग अन्तरक्रिया, छलफल गर्ने/गराउने<br>■ स्थानीय पसल वा बजारमा अवलोकन गराई त्यहाँ भएका वस्तुबारे छलफल गर्ने<br>■ गाउँघरमै उत्पादन भएका दैनिक रूपमा घरमा प्रयोग हुने र बाहिरबाट किनेर ल्याइने सामग्रीहरूको सूची तयार गरी छलफल गर्ने<br>■ गाउँघरमा नै बनाइने वा उत्पादन हुने कुनै एक सामग्री बनाउन लाग्ने सामानहरू सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्ने र त्यसबारे छलफल गर्ने | ■ आफ्नो घरपरिवारका सदस्यहरूले गर्ने कामको सूची बनाऊ<br>■ गाउँघर र छिमेकका मानिसहरूले गर्ने पेसाको सूची बनाउन लगाउने<br>■ आफ्नो घरमा गाउँमा नै बनेका सामानहरू के के छन् ?<br>■ तिम्रो घरमा उत्पादन भएका र बजारमा बेच्ने गरेका सामानहरू के के हुन् ? | २८ घन्टी |

कक्षा ३

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| भौगोलिक स्थितिको पहिचान | ■ आफ्नो गाविसको भौगोलिक स्थिति बताउन<br>■ नक्सामा गाविस मा रहेका हिमाल, पहाड, नदीहरू भन्न<br>■ स्थानीय स्तरमा रहेका गोरेटो, घोडेटो, सडकको नाम भन्न र गाउँदेखि नजिक रहेको सडकको दुरी बताउन<br>■ गाउँदेखि जिल्ला सदरमुकाम सम्मको सडक र दुरी बताउन | ■ गाविसको नक्सा र भौगोलिक स्थिति देखाउने विवरण<br>■ हिमाल, पहाड, समथर, लेकबेंसी, गढी आदिबारे जानकारी<br>■ जिल्ला सदरमुकाम, गाविसको दुरी, नक्सा र सिमानामा पर्ने गाविस हरूको नाम<br>■ गाविसको रेखाङ्कित नक्सा र गाविसका वडाहरू<br>■ गाउँ/विद्यालय देखि नजिकको सडक र त्यहाँ सम्मको अनुमानित दुरी<br>■ गाउँदेखि जिल्ला सदरमुकाम सम्मको सडक तथा दुरी | ■ स्थानीय गाविस को नक्सा बनाएर/लिएर गाउँ बस्ती, भौगोलिक स्वरूप, हिमाल, पहाड, समथर भूभाग प्रस्तुत गर्ने र छलफल गर्ने<br>■ प्रत्येक वडाको पहिचान गराउने र वडा छुट्याएर छलफल गर्ने<br>■ गाविस को चारैतिर पर्ने सिमाना, अन्य गाविस, जिल्ला देखाउने र छलफल गरी भन्न लगाउने<br>■ गाविस र आफ्नो गाउँको नक्सा कोर्न लगाउने र सुधार गरिदिने<br>■ स्थानीय गाउँको अवलोकन गराउने र नक्सा देखाई नक्सामा वडाहरू भन्न लगाउने र आफ्नो घर कुन वडामा पर्छ पत्ता लगाउन लगाई छलफल गर्ने<br>■ गाउँ वा विद्यालयदेखि सदरमुकाम सम्मको सडक दुरी बताउने<br>■ गाउँ वा विद्यालयदेखि नजिकको सडकलाई सङ्केत गरी देखाउन, नक्सा कोर्न लगाउने र दुरी अनुमान गर्न लगाई छलफल गर्ने | ■ गाविसको नाम, आफू बसेको वडा र विद्यालय रहेको ठाउँको नाम लेख<br>■ आफ्नो गाविसको क्षेत्रफल र सिमानामा पर्ने अन्य गाविस, जिल्लाको नाम के के हो ?<br>■ गाउँको भौगोलिक स्वरूपबारे लेख<br>■ जिल्ला सदरमुकामको नाम र गाउँबाट सदरमुकाम जोड्ने सडकको दुरी बताऊ<br>■ आफ्नो गाविस को नक्सा कोर्न लगाई आफू बसेको वडा पत्ता लगाउन लगाउने | २० घन्टी |
| स्थानीय वातावरण, वनस्पति, पशुपन्छीको पहिचान र संरक्षण | ■ गाउँ तथा नजिकको जङ्गलमा रहेका घरपालुवा तथा जङ्गली पशुपन्छी छुट्याउन र महत्त्व बताउन | ■ स्थानीय गाउँमा पाइने पशुपन्छी<br>■ स्थानीय घरपालुवा पशु पन्छीहरू : याक, हाँस, कुखुरा, गाई, भैंसी, चौरी आदि | ■ स्थानीय गाउँ तथा जङ्गल वरपर अवलोकन भ्रमण गराउने<br>■ स्थानीय गाउँघरमा पालिएका पशुपन्छीको चित्र देखाउने, सूची बनाउने र छलफल गर्ने | ■ अवलोकन भ्रमण गर्दा देखेका पशुपन्छी तथा बोटबिरुवाको सूची बनाऊ । | २२ घन्टी |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | ■ स्थानीय प्राकृतिक सम्पदाहरू पहिचान गरी संरक्षणबारे बताउन<br>■ विद्यालय तथा गाउँघरको सरसफाइको महत्त्व बुझ्न र बुझाउन | ■ स्थानीय जङ्गलमा पाइने पशुपन्छीहरू : बँदेल, भालु, हाब्रे, चितुवा, डाँफे, मुनाल आदिको सचित्र विवरण<br>■ गाउँघर र नजिकको जङ्गलमा रहेका फलफुल तथा बोटबिरुवा : स्याउ, कागती, सुन्तला, नासपाती, उत्तीस, धुपी,चाप, कटुस, सिमल आदिको विवरण<br>■ स्थानीय प्राकृतिक सम्पदाहरू पोखरी, ताल, कुण्ड, तातोपानी, आदिको महत्त्व र संरक्षणका उपाय | ■ विद्यार्थीले आफ्नो घरमा पालेका पशुपन्छीको सुची बनाउन र भन्न लगाउने<br>■ स्थानीय बनजङ्गलमा पाइने पशुपन्छी बारेमा स्थानीय जानकारहरूलाई सोधी सुची बनाउने र विद्यार्थीमाझ प्रस्तुत गर्ने (चित्रहरू देखाउने)<br>■ स्थानीय गाउँघरमा पाइने बोटबिरुवाहरूको पात, हाँगा, बिरुवा, जरा, फुल आदि सङ्कलन गर्न लगाई कक्षामा बनस्पति प्रदर्शनी आयोजना गर्ने<br>■ स्थानीय जङ्गल र गाउँघरमा पाइने प्रमुख जनावरहरू, चराचुरुङ्गी, बोटबिरुवाबारे स्थानीय विज्ञको उपस्थितिमा विद्यार्थीमाझ छलफल गर्ने/गराउने | ■ घरमा पालिएका पशुपन्छीको नाम लेखी प्रस्तुत गर ।<br>■ गाउँ नजिकको जङ्गलमा पाइने पशुपन्छीको सूची बनाऊ ।<br>■ स्थानीय ठाउँमा फल्ने फलफुलहरूको सूची र तिनीहरू फल्ने महिनाबारे लेख<br>■ स्थानीय जङ्गलमा पाइने १० ओटा बोटबिरुवाको सूची बनाउन लगाई त्यसको महत्त्वबारे सोध्ने | |
| | | ■ प्राकृतिक सम्पदाहरूको संरक्षण : बृक्षारोपण, बारबन्देज, पर्खाल, सरसफाइ, भूक्षय, बाढीपहिरो बाट जगेर्ना र संरक्षण<br>■ घर तथा विद्यालयको सरसफाइ | ■ स्थानीय क्षेत्रमा रहेका प्राकृतिक सम्पदाहरूको सूची बनाई तिनीहरूको महत्त्व र संरक्षणबारे छलफल गर्ने<br>■ विद्यार्थीहरूलाई आफ्नो विद्यालय वरिपरि भ्रमण गराई विद्यालय हाता सफा गर्न लगाउने<br>■ फोहोर व्यवस्थित गर्न हामीले दैनिक सफा गर्ने र फोहोर कम गर्न प्रोत्साहन गर्ने<br>■ फोहोरले मानव स्वास्थ्यमा पार्न सक्ने असरहरू बारे छलफल गर्ने | ■ आफ्नो गाँउ वरपर रहेका जल सम्पदाहरूको सूची बनाई त्यसको महत्त्व लेख<br>■ हामीले आफ्नो विद्यालय तथा घर किन सफा राख्नु पर्छ ? | |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| स्थानीय ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भाषिक सम्पदाको पहिचान र संरक्षण | ■ आफ्नो गाउँघर र परिवारमा मान्ने धर्म बताउन<br>■ स्थानीय स्तरमा मनाइने धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरूको परिचय दिन<br>■ स्थानीय मातृभाषाका महत्त्वपूर्ण शब्दहरू बुझ्न, बोल्न र वाक्य बनाउन | ■ स्थानीय स्तरमा मान्ने विभिन्न धर्महरू बौद्ध, हिन्दु, इसाई, किरात, मुस्लिम धर्म सम्बन्धी जानकारी<br>■ स्थानीय मठमन्दिर, गुम्बा, बिहार, घ्याङ्ग, चर्चको परिचय<br>■ स्थानीय साँस्कृतिक सम्पदाको महत्त्व र संरक्षण<br>■ विभिन्न धार्मिक परम्पराअनुसार स्थानीय, चाडपर्व, मेला, जात्रा आदिको परिचय<br>■ मेला, जात्रा लाग्ने तिथि, मिति र गरिने क्रियाकलापहरू<br>■ स्थानीय भाषाको प्रचलित शब्दहरू, बोलीव्यवहार र संस्कृति सम्बन्धी सङ्कलित विवरण/ लेख | ■ स्थानीय ठाउँमा मानिने धर्महरूबारे सूची बनाई प्रस्तुति गर्ने तथा छलफल गर्ने<br>■ स्थानीय मठमन्दिर, चर्च, गुम्बा आदिको भ्रमण गराई विभिन्न धर्मकोबारेमा परिचय दिन<br>■ स्थानीय मठमन्दिर, गुम्बा, बिहार आदिको सूची बनाई तिनीहरूको महत्त्वबारे छलफल गर्ने<br>■ स्थानीय मेला, जात्रा, संस्कृति र चाडपर्वको महत्त्वबारे बुझाउन स्थानीय विज्ञहरूसँग छलफल गराउने<br>■ स्थानीय भाषा विज्ञहरूसँग स्थानीय मातृ भाषाकोबारेका बुझी विद्यार्थीमाफ त्यसको परिचय, कुराकानी र अन्तरक्रिया गर्ने<br>■ स्थानीय जात्रा, मेला, चाडपर्व, संस्कृति र भाषाबिचको सम्बन्धबारे छलफल/प्रस्तुति | ■ गाउँमा मानिने मुख्य धर्महरूको सूची तयार गर ।<br>■ स्थानीय धार्मिक स्थलहरूको अवलोकनबाट प्राप्त जानकारीहरू प्रस्तुत गर ।<br>■ स्थानीय क्षेत्रमा लाग्ने मेलाहरू, तिथि मिति र लाग्ने ठाउँहरू (मठमन्दिर, गुम्बा, घ्याङ आदि) को परिचय देऊ<br>■ हामीले हाम्रा ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्न के गर्नुपर्दछ ?<br>■ माने जात्रा र ल्होसारको छोटो परिचय देऊ | ३५ घन्टी |
| सामाजिक मूल्य मान्यता र सकरात्मक व्यवहार | ■ आफ्नो परिवार, गाउँ, समुदाय र विद्यालयका मान्यजनहरूको राम्रो भनाइ, निर्देशन अनुसरण गर्न<br>■ आफ्ना भनाई, प्रतिक्रिया शिष्टतापूर्वक अभिव्यक्त गर्न | ■ सकरात्मक सोच राख्ने बानीको विकास गराउन, मान्यजनहरूको आज्ञा पालन गरेका कथा, कविता, लेख रचनाको नमुना<br>■ पुजाजात्रा, विभिन्न चाडपर्व सम्बन्धी बयान र मेला चाडपर्वमा सहभागी हुँदा पालो पर्खने, रोगी, अशक्तलाई सहयोग गर्न प्रेरणा | ■ स्थानीय, समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमीहरूका जीवनी, सामाजिक कार्य बारेमा बताउने, छलफल गर्ने<br>■ विद्यार्थीलाई आफ्नो घरमा भएका मान्यजनहरूलाई कसरी मानमर्यदा गर्छौ भन्नेबारेमा छलफल गर्ने | ■ स्थानीय गाउँघरमा मानिने तीनओटा चाडपर्वबारे लेख र तिनीहरूमा गरिने क्रियाकलापबारे भन्<br>■ आफ्ना मान्यजनहरू सँग कस्तो व्यवहार गर्नुपर्छ ? | २० घन्टी |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | ▪ सामाजिक सद्भाव, सहिष्णुता कायम गर्न सहयोग गर्न<br>▪ सामाजिक कुरीती पहिचान गर्न र सचेत रहन | ▪ विद्यालयका नीतिनियमहरू, विद्यार्थी आचारसंहिता र नागरीक कर्तव्यहरूको जानकारी<br>▪ बालविवाह, बहुविवाह जस्ता कुरीति सम्बन्धी जानकारी र बेफाइदा | ▪ गाउँ समुदायमा गरिने पाठपुजा, जात्रा तथा चाडपर्वका क्रियाकलापहरू, नीतिनियमहरू सङ्कलन गरी प्रस्तुत गर्ने र छलफल गराई ती नीतिनियमहरू पालन गर्न अग्रसर तुल्याउने<br>▪ गाउँसमुदायमा चाडपर्व र जात्राका अवसरमा अवलोकन गराई कस कसले के के काम गरेका छन् र कुन् कुन् जिम्मेवारी बहन गरेका छन् अनुभूत गराउने<br>▪ सानो उमेरमा विवाह गर्दा त्यसबाट हुने बेफाइदाहरू बारे छलफल गर्ने<br>▪ बाल विवाह, बहुविवाह भनेको के हो प्रस्ट्याइदिने, यसले हाम्रो समाजमा पार्ने नकरात्मक असरबारे छलफल गर्ने | ▪ विद्यालयमा लगाइने पोशाकको महत्व बारेमा भन<br>▪ विद्यालयको परीक्षामा पालन गर्नुपर्ने नियमहरू के के हुन् ?<br>▪ बहुविबाहका बेफाइदाहरू लेख | |
| स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | ▪ स्थानीय गाविस का बासिन्दाको पेसा व्यवसायको सूची बनाउन<br>▪ स्थानीय व्यवसायहरू कुन कुन वस्तु उत्पादनसंग सम्बन्धित छन् भन्न<br>▪ स्थानीय वस्तुहरूको प्रयोग, किनबेच र वितरणबारे बताउन<br>▪ स्थानीय बासिन्दकाको आर्थिक क्रियाकलापहरू खोजी गर्न र बताउन | ▪ स्थानीय स्तरका पेसा व्यवसायहरू : पशुपालन, तरकारी तथा फलफुल खेती, अन्नबाली, दुध, घिउ, पनिर उत्पादन, सिलाइ बुनाइ, सिकर्मी, डकर्मी, नेकरी,होटल, पथप्रदर्शक, व्यापार, बजारको जानकारी<br>▪ स्थानीय उत्पादनका वस्तुहरूको प्रयोग, वितरणको जानकारी<br>▪ पेसा र व्यवसायबाट हुने फाइदा, आर्थिक वृद्धि र विकास<br>▪ पेसा र व्यवसायको महत्वको नमुना पाठ | ▪ स्थानीय गाउँका मानिसहरूले गर्ने कामबारे सूची बनाई प्रस्तुत गर्ने र छलफल गर्ने<br>▪ स्थानीय उद्योग व्यवसायहरूको अवलोकन भ्रमण गराउने र तिनीहरूका उत्पादनबारे छलफल गर्ने/गराउने<br>▪ आफ्नो गाउँमा कुन कुन काम गर्ने मानिसहरू बस्छन् सङ्कलन गर्न लगाउने र छलफल गर्ने<br>▪ स्थानीय गाउँमा उत्पादन भएका दैनिक रूपमा गाउँघरमा प्रयोग हुने सामग्रीहरूको सूची बनाई प्रस्तुत गर्ने र छलफल गर्ने<br>▪ स्थानीय रूपमा उत्पादन हुने कुनै एक वस्तु बनाउन आवश्यक सामग्रीहरू विद्यार्थीलाई सङ्कलन गर्न लगाई तिनीहरूको प्रयोगबारे बताइदिने/छलफल गर्ने<br>▪ स्थानीय उत्पादन भएका वस्तुहरू कहाँ कसरी किनबेच हुन्छ त्यसबारे छलफल गर्ने<br>▪ पेसा र व्यवसायबाट हुने आर्थिक फाइदा, रोजगार आदिबारे छलफल गर्ने/गराउने | ▪ आफ्नो गाउँमा उत्पादन हुने वस्तुहरूको सूची बनाउन लगाउने र तिनीहरूको प्रयोगबारे भन<br>▪ पेसा व्यवसायबाट स्थानीय मानिसलाई पुग्ने फाइदाबारे चर्चा गर<br>▪ स्थानीय गाउँघरका पसलमा बेच्न राखिएका सामानहरूमध्ये कुन कुन सामानहरू गाउँमा नै उत्पादन भएका हुन् ?<br>▪ भविष्यमा तिमी के पेसा अपनाउन चाहान्छौ ? | २८ घन्टी |

कक्षा ४

| क्षेत्र | विशिष्ट उद्देश्य / सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| भौगोलिक स्थितिको पहिचान | ■ आफ्नो जिल्लाको क्षेत्रफल, भौगोलिक अवस्थिति, स्वरूप बनाउन<br>■ जिल्लाको सिमानामा पर्ने अन्य जिल्ला वा क्षेत्र भन्न<br>■ आफ्नो जिल्लाका गा.वि.स. हरूको पहिचान गर्न र राजधानी देखि जिल्ला सदरमुकाम सम्मको दुरी, स्वरूप बताउन<br>■ भौगोलिक अवस्था अनुसार हुने भौतिक संरचनाहरू बारे जानकारी दिन | ■ नेपालको नक्सा<br>■ रसुवा जिल्लाको प्राकृतिक तथा राजनीतिक नक्सा र प्रमुख स्थानहरू<br>■ जिल्लाको भौगोलिक विवरण, क्षेत्रफल, अवस्थिति र सिमाना<br>■ गा.वि.स. को नाम तथा भौगोलिक विवरण<br>■ सदरमुकाम र राजधानी सहरको संक्षिप्त विवरण र सडक मार्ग<br>■ घर तथा बस्तीहरूको संरचनाको जानकारी | ■ नेपालको नक्सा प्रस्तुत गरी अञ्चल, जिल्ला, क्षेत्र बताउने र रसुवा जिल्ला कहाँ छ नक्सा हेरेर पत्ता लगाउन सिकाउने<br>■ जिल्लाको चारैतिरको सिमाना, क्षेत्र बारेमा बताइदिने र छलफल गर्ने<br>■ जिल्लाको नक्सा प्रस्तुत गरी वस्तुगत विवरण (जिविस) अनुसार हिमाल, पहाड, मैदान, लेकबेंसीबारे छलफल गर्ने<br>■ रसुवा जिल्ला राजधानीबाट कुन दिशा र दुरीमा छ भन्ने छलफल गर्ने र राजधानी जोड्ने मुख्य राजमार्गको नाम भनिदिने<br>■ रसुवाका गाविसहरूको सूची र नक्साद्वारा प्रमुख बसोबास भएका क्षेत्रहरूकाबारेमा छलफल गर्ने<br>■ जिल्ला सदरमुकामसँग जोडिएका गाविस र आफ्नो गाउँबाट सदरमुकाम सम्मको दुरी बताउने<br>■ स्थानीय बस्तीहरूको चित्र देखाई त्यसमा छलफल गर्ने<br>■ घरहरू छरिएर रहेका, माटो तथा काठ र ढुङ्गाबाट बनेका घर बारेमा जानकारी दिने | ■ नेपालको नक्सा देखाई रसुवा जिल्ला चिन्न लगाउने<br>■ जिल्लाका हिमाली, पहाडी, बेसी र मैदानी भागमा रहेका ठाउँहरूका नाम भन<br>■ आफू बसेको गाउँ जिल्लाको कुन भेगमा पर्छ ?<br>■ जिल्लामा भएका गाविसहरूको नाम लेख<br>■ राजधानीबाट जिल्ला सदरमुकामको दिशा र दुरी बताऊ | १५ घन्टी |
| स्थानीय वातावरण, वनस्पति, पशुपन्छीहरूको पहिचान र संरक्षण | ■ स्थानीय वातावरणको जानकारी लिन<br>■ मानव र वातावरण बिच सम्बन्ध बुझ्न | ■ स्थानीय वातावरण र मानव सम्बन्ध | ■ वातावरणको सामान्य परिचय दिने<br>■ मानव यस वातावरणको एउटा भाग हो त्यसकारण मानव र वातावरण बीच घनिष्ठ सम्बन्ध रहेको हुन्छ भन्ने कुरा सिकाउने<br>■ वातावरणको प्रकार प्राकृतिक र मानव निर्मित वातावरणबारे जानकारी गराउने र विद्यालय नजीकको क्षेत्र भ्रमण गराउने | ■ रसुवाका प्रमुख हिमालहरूको छोटो परिचय देऊ<br>■ रसुवाका प्रमुख कुण्ड र नदीहरू कुन कुन हुन ? | ३५ घन्टी |

| क्षेत्र | विशिष्ट उद्देश्य / सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | ▪ जिल्लाका प्रमुख प्राकृतिक सम्पदाहरू-हिमाल, ताल, कुण्ड, नदी, झरना आदि बताउन<br>▪ मुख्य वनजङ्गल, वनस्पती र जडीबुटीको महत्व बताउन<br>▪ प्राकृतिक सम्पदाहरूको अवस्था, संरक्षण र सुधारबारे बताउन<br>▪ प्रदूषण (जल, वायु, जमिन) बारे सामान्य बताउन<br>▪ विद्यालय तथा घरगाउँको सरसफाइ र महत्वबारे बुझ्न र फोहोरमैला व्यवस्थापन गर्न | ▪ प्राकृतिक सम्पदाहरूको परिचय (लाङटाङ, लिरुङ, साल्जेन हिमाल, गोसाईंकुण्ड, दुधकुण्ड, पार्वतीकुण्ड, तातोपानी, भोटेकोसी, त्रिशुली, चिलिमे, लाङटाङ नदी आदि)<br>▪ मुख्य वनजङ्गल, लारानि, प्रमुख वनस्पती र जडीबुटी र महत्त्वबारे जानकारी<br>▪ प्रदूषण (जल, जमिन, वायु)<br>▪ जङ्गली पशुपन्छीहरू (हाब्रे, बनेल, भालु, कस्तुरी, मृग, चितुवा, डाँफे, मुनाल, कालिज, चिबे आदि) र तिनीहरूको महत्त्वबारे जानकारी<br>▪ स्थानीय प्राकृतिक सम्पदा संरक्षणमा लागि परेका महत्वपूर्ण व्यक्तिहरूको जीवनी र प्रेरणा | ▪ प्रमुख हिमालबारे परिचय लाङटाङ, लिरुङ, साल्जेन हिमाल आदि र तिनीहरूको अवस्थिति तथा महत्वबारे बताउने छलफल गर्ने चित्रहरू देखाउने<br>▪ प्रमुख नदीताल ( गोसाईंकुण्ड, दुधकुण्ड, पार्वतीकुण्ड, तातोपानी आदि) बारे परिचय, मुहानक्षेत्र, प्रयोग र महत्ववारे बताइदिने<br>▪ स्थानीय क्षेत्रका प्रमुख वनजङ्गल, पाइने मुख्य वनस्पती तथा जडीबुटीहरू (धुपी, सल्लो, गुराँस, कुड्की, बिख्मा, पदमचाल, पाँचऔंले, बाफो आदि) को नमुना, सूची, चित्र सङ्कलन गरी महत्त्वसहित प्रस्तुत गर्ने<br>▪ स्थानीय जङ्गलमा पाइने जीवजनावर, पशुपन्छीहरू (हाब्रे, बनेल, भालु, कस्तुरी, मृग, चितुवा, डाँफे, मुनाल, कालिज, चिबे आदि) को सूची/चित्र सङ्कलन गरी महत्व सहित प्रस्तुत गर्ने र छलफल गर्ने<br>▪ स्थानीय प्राकृतिक सम्पदा संरक्षणमा लागि परेका महत्वपूर्ण व्यक्तिहरूको जीवनीबारे छलफल गर्ने र उसले स्थानीय क्षेत्रको संरक्षणमा गरेका राम्रा कामहरूकोबारेमा छलफल गर्ने<br>▪ प्रदूषणको परिचय दिने<br>▪ विद्यालय नजिकैको खोला किनार वा बजार वा कलकारखानामा भ्रमण गराउने र त्यस ठाउँमा प्रदूषण छ छैन हेर्ने<br>▪ जल, वायु, जमिन प्रदूषणबाट हुने असर र कम गर्ने उपायहरूको छलफल गर्ने<br>▪ प्राकृतिक सम्पदाहरू जङ्गल, जीवजनावर, जडीबुटी, ताल, कुण्डहरूको अवस्था र संरक्षणका लागि गरिएका, गर्न सकिने प्रयासहरू वृक्षारोपण, तारबार, जनचेतना र सहभागितामुलक कार्यक्रमहरू) बारे छलफल गर्ने | ▪ रसुवाका प्रमुख कुण्ड र नदीको प्रयोग र महत्त्वबारे लेख<br>▪ स्थानीय जङ्गलमा पाइने मुख्य जडीबुटीहरूको सूची बनाऊ<br>▪ प्राकृतिक सम्पदाको संरक्षण कसरी गर्न सकिन्छ ?<br>▪ भूक्षय भनेको के हो ? यसको कारण, असर र रोकथामबारे लेख ।<br>▪ लारानि क्षेत्रमा पाइने ५/५ ओटा वन्यजन्तु र जडीबुटीको नाम लेख<br>▪ आफ्नो घरबाट निस्केको कहाँ र कसरी फाल्ने गरेको छ ?<br>▪ हामीले हाम्रो विद्यालय वरिपरि सफा राख्न के गर्नुपर्दछ | |

| क्षेत्र | विशिष्ट उद्देश्य / सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | | ▪ आफ्नो वरिपरिको वातावरणको सरसफाइ र फोहोर व्यवस्थापनका उपायहरू | ▪ स्थानीय गाउँघर, विद्यालय वरिपरिको वातावरण सरसफाइ र महत्त्व सम्बन्धी छलफल गर्ने<br>▪ फोहोर व्यवस्थापनका उपायहरू (कम गर्ने, पुन: प्रयोग, प्रशोधन, मल बनाउने आदि) बारे सिकाउने<br>▪ घरेलु फोहोर व्यवस्थापनबारे सिकाउने र एउटा नमुना गर्न लगाउने | ▪ प्रदूषणको परिचय देऊ<br>▪ वायु प्रदूषणबाट हुने कुनै २ ओटा असरहरू लेख | |
| स्थानीय ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भाषिक सम्पदाको पहिचान र संरक्षण | ▪ आफ्नो गाउँ र जिल्लामा रहेका विभिन्न समुदाय र बोलिने स्थानीय भाषाको परिचय दिन<br>▪ स्थानीय क्षेत्र तथा जिल्लामा प्रचलित चाडपर्व, मेला, जात्राबारे बताउन<br>▪ स्थानीय सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक मठ मन्दिर, गुम्बा, चर्च आदि चिन्न र चित्र कोर्न<br>▪ स्थानीय संस्कार (जन्म, मृत्यु, विवाह) बारे सामान्य परिचय दिन र गरिने क्रियाकलापबारे बताउन | ▪ आफ्नो गाउँ र आसपासका क्षेत्रमा रहेका प्रमुख ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू (गोसाईकुण्ड, रसुवागढी, तातोपानी, उत्तरगया, चिलिमे, पार्वतीकुण्ड आदि) को परिचय<br>▪ गाउँ तथा जिल्लामा रहेका प्रमुख सांस्कृतिक तथा धार्मिक स्थलहरू (मठमन्दिर, गुम्बा, माने, बिहार, चर्च) को परिचय तथा महत्त्व<br>▪ स्थानीय चाडपर्व (दशैंतिहार, वैशाख पूर्णिमा, दसहरा, बुद्ध जयन्ती, माने, छेक्पाजात्रा, ल्होसार आदि) को परिचय र महत्त्व<br>▪ जिल्लामा भएका विभिन्न जातजातिको परिचय र भाषा सम्बन्धी जानकारी<br>▪ स्थानीय संस्कार (जन्म, मृत्यु, विवाह)बारे सामान्य परिचय | ▪ आफ्नो गाउँ र आसपासका क्षेत्रमा रहेका प्रमुख ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू (गोसाईकुण्ड, रसुवागढी, तातोपानी, उत्तरगया, पार्वतीकुण्ड आदि) को विवरण सङ्कलन गरी त्यसको परिचय, महत्त्व प्रस्तुत गर्ने, छलफल तथा अन्तरक्रिया गर्ने<br>▪ गाउँ तथा जिल्लामा रहेका प्रमुख सांस्कृतिक तथा धार्मिक स्थलहरू (मठमन्दिर, गुम्बा, माने, बिहार, चर्च) को विवरण सङ्कलन गरी त्यसबारे छलफल गर्ने<br>▪ स्थानीय ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू भएको क्षेत्रमा भ्रमण गराई त्यसको अवस्था र संरक्षण का लागि गरिएका प्रयासबारे चर्चा गर्ने<br>▪ स्थानीय तामाङ, तिब्बती भाषाका बारेमा विवरणहरू सङ्कलन गरी त्यसको लिपी, प्रचलन आदिको बारेमा लेख, नमुना प्रदर्शन गरी छलफल गर्ने<br>▪ जिल्लामा बसोबास गर्ने जातजातिहरूको बिबरण सङ्कलन गरी तिनीहरूले बोल्ने भाषाको बारेमा बताइदिने<br>▪ स्थानीय तामाङ समुदायको जन्म, मृत्यु र विवाहमा हुने क्रियाकलापहरू बुझ्न स्थानीय बुढापाका तथा भाषा विज्ञहरूसँग भाषा, धर्म, संस्कृतिको बारेमा छलफल गर्ने, गराउने<br>▪ सम्पदाहरूको महत्त्व, संरक्षणका लागि गरिएका प्रयासहरू र गर्न सकिने उपायहरू बारे छलफल गर्ने | ▪ आफ्नो जिल्लामा रहेका प्रमुख ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको सूची तयार पार<br>▪ ती सम्पदाहरू कुन कुन स्थानमा अवस्थित छन्<br>▪ ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको महत्त्वबारे प्रस्ट पार<br>▪ गाउँमा मानिने प्रमुख चाडपर्वहरूको सूची बनाई ल्होसारमा गरिने क्रियाकलापहरूबारे बताऊ<br>▪ स्थानीय क्षेत्रमा मानिसहरूले बोल्ने भाषाको सूची बनाऊ<br>▪ हाम्रा ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्न हामीले के गर्नुपर्छ ?<br>▪ गाउँमा भएको सबभन्दा पुरानो गुम्बा र मन्दिरको चित्र बनाऊ | २८ घन्टी |

| क्षेत्र | विशिष्ट उद्देश्य / सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| सामाजिक मूल्य मान्यता र सकरात्मक व्यवहार | ▪ परिवार, समुदाय, समाज, राष्ट्रको परिचय दिन र आफ्नो कर्तव्य बुझ्न<br>▪ गाउँ समुदायमा प्रचलित भाषा संस्कृतिको सम्मान गर्न<br>▪ भाइबहिनी, साथीभाइ बिच सहयोग, सद्भाव र सदाचार गर्न मार्ग निर्देश गर्न<br>▪ विद्यालय, घरसमाजको नीतिनियम र आचार संहिताको पालन गर्न<br>▪ सामाजिक कार्यहरूमा सहयोग गर्न<br>▪ सामाजिक बिकृति, कुरीति बुझ्न | ▪ परिवार, समुदाय, समाज र राष्ट्रको परिचय, जानकारी<br>▪ विद्यालयका नीतिनियम र विद्यार्थी र सङ्घसंस्थाका आचारसंहिता<br>▪ सामाजिक सङ्घ संस्थाको (रेडक्रस, बाल अधिकार, बालक्लब, आमा समुह, सहकारी संस्थाहरू) काम कर्तव्यहरू<br>▪ धूमपान, मद्यपान, लागुऔषध जस्ता सामाजिक विकृतिहरूबारे जानकारी<br>▪ मानव बेचबिखन बिरुद्ध जानकारी | ▪ परिवार भनेको के हो भनिदिने, परिवार परिवार मिलेर नै समुदाय, समाज बन्छ र समाज समाज मिलेर नै राष्ट्र बन्छ भन्ने कुराको जानकारी गराउने<br>▪ परिवार राम्रो भयो भने समाज र राष्ट्र समेत राम्रो, बिकसित हुन्छ भन्ने कुराको ज्ञान दिन महत्वपूर्ण समाजसेवी, विद्वानहरूको जीवनी, कथा, निबन्ध आदि प्रस्तुत गर्ने र त्यस्ता महान व्यक्तिहरूको कार्यको अनुसरण गर्नुपर्दछ भन्ने भावनाको जागृत गराउने<br>▪ गाउँ तथा जिल्लाका समाजसेवी व्यक्तित्वको चरित्रबारे सकरात्मक सन्देशको अन्तरक्रियात्मक छलफल गर्ने<br>▪ विद्यालयका नीतिनियम तथा विद्यार्थी अनुशासनको महत्व प्रस्तुत गरी समुहमा छलफल गर्ने<br>▪ स्थानीय सामाजिक सङ्घसंस्थाहरू (रेडक्रस, युवा क्लब, बाल क्लब, आमा समुह) ले गर्ने गरेका सामाजिक सुधारका कार्यबारे छलफल गर्ने<br>▪ बालअधिकार, बालहितका कर्तव्य र महत्त्वबारे छलफल गरी निष्कर्ष दिने<br>▪ सामाजिक बिकृतिहरू धूमपान, मद्यपान आदिले समाजमा पार्ने नकरात्मक प्रभाववारे सन्देश दिने<br>▪ असल विद्यार्थी, समाजसेवी, सामाजिक सङ्घसंस्था जस्ता विषयमा वक्तृत्वकला, निबन्धलेखन जस्ता अन्तरक्रियात्मक क्रियाकलापहरू गराउने<br>▪ मानव वेचविखन अपराध हो भन्ने भावनाको जागृत गराउन विभिन्न निबन्ध, कथा, कविताको माध्यमद्वारा विद्यार्थीलाई जानकारी गराउने | ▪ स्थानीय गाउँघरमा भएका विकासका कार्यहरू र तिनमा योगदान दिने व्यक्तिका बारेमा लेख<br>▪ विद्यालयमा विद्यार्थीहरूले पालन गर्नुपर्ने नीतिनियमहरू के के हुन्<br>▪ गाउँमा भएका सामाजिक सङ्घसंस्थाहरूको सूची बनाऊ<br>▪ ती संस्थाहरूले गर्ने कार्यहरूबारे लेख<br>▪ असल व्यक्तिमा हुनुपर्ने गुणहरूबारे चर्चा गर<br>▪ बाल अधिकारको महत्व के हो<br>▪ गाउँको असल व्यक्तिको बानी व्यहोरा र कार्यहरूबारे एउटा परियोजना कार्य गर<br>▪ मानव बेचबिखन किन अपराध हो | २० घन्टी |

| क्षेत्र | विशिष्ट उद्देश्य / सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | ▪ स्थानीय क्षेत्रमा गरिने प्रमुख पेसा व्यवसायहरू भन्न<br>▪ जिल्लाका प्रमुख उद्योगव्यवसायहरूको पहिचान गर्न<br>▪ व्यवसायको महत्व बताउन<br>▪ स्थानीय कृषि प्रणालीबारे बुझ्न | ▪ गाउँमा गरिने प्रमुख कृषि व्यवसायहरू (पशुपालन, अन्न खेती, फलफुल तथा तरकारी खेती, जडीबुटी खेती आदि) र खेती प्रणाली<br>▪ स्थानीय स्तरका प्रमुख उद्योग व्यवसायहरू (सिलाइबुनाइ, राडीपाखी, झोला, थाङ्का, चिज, छुर्पी, काष्टकला, मूर्तिकला, होटल, पथप्रर्दशन)<br>▪ स्थानीय बजार (किराना पसल, पुस्तक पसल, भाँडावर्तन, हार्डवेयर, कपडा आदि)<br>▪ सेवा तथा सार्वजनिक निकायहरू (हुलाक, विद्यालय, गाविस, टेलिकम, स्वाथ्य चौकी, प्रहरी चौकी, सामुदायिक अध्ययन केन्द्र, आदि) को परिचय र तिनका कार्यहरू | ▪ गाउँका पेसा व्यवसाय, कृषिअन्तर्गत व्यवसायको सूची सङ्कलन गरी प्रस्तुत गरेर छलफल गर्न गराउने<br>▪ स्थानीय कृषि प्रणाली: मौसममा निर्भर, परम्परागत, निर्वाहमुखी भएको आधुनिक नभएको बारेमा सामान्य जानकारी दिने र आधुनिक खेती प्रणालीको परिभाषा दिने/कक्षामा छलफल गर्ने<br>▪ विद्यार्थीहरूलाई आफ्नो परिवार र गाउँमा प्रचलित पेसाहरूको बारेमा जानकारी सङ्कलन गर्न परियोजना कार्य गर्न लगाउने<br>▪ विभिन्न पेसाकर्मीहरूसँग भेटघाट गराई अन्तरक्रिया गराउने र त्यसबाट हुने आर्थिक फाइदाका बारेमा छलफल गर्न गराउने<br>▪ स्थानीय क्षेत्र र जिल्लामा भएका उद्योग व्यवसायहरूको तथ्याङ्क सङ्कलन गरी सञ्चालन स्थल, उत्पादित वस्तुहरूको विवरण सहित छलफल गर्ने<br>▪ गाउँ र जिल्लामा रहेका प्रमुख बजार, व्यापारिक केन्द्रको बारेमा उल्लेख गर्ने<br>▪ पेसा व्यवसाय बाट हुने आर्थिक फाइदा र महत्वका बारेमा बताइदिने<br>▪ स्थानीय बजार वा पसलको अवलोकन गराइ उपलब्ध वस्तुहरूको सूची बनाउन लगाउने, चित्र सङ्कलन गरी कक्षामा नामसहित टाँस्न लगाउने<br>▪ गाउँमा भएका सार्वजनिक सेवाप्रदायक निकायको पहिचान गरी तिनीहरूको आवश्यकता र महत्वबारे प्रस्तुत गरी छलफल गर्ने | ▪ स्थानीय गाउँघर र जिल्लामा गरिने पेसा व्यवसायहरूको सूची तयार गर<br>▪ जडीबुटी सङ्कलन तथा उत्पादनबाट हुने फाइदाहरू बताऊ<br>▪ स्थानीय राडी, पाखी, झोला, टोपी आदि बुनाईबाट हुने पारिवारिक आर्थिक सुधार बारे उल्लेख गर<br>▪ स्थानीय विद्युत् उत्पादन केन्द्रको परिचय देऊ<br>▪ आफ्नो नजिकको बजार वा पसल अवलोकन गरी त्यहाँ पाइने स्थानीय उत्पादित वस्तु र बाह्य वस्तुको सूची बनाई प्रस्तुत गर<br>▪ व्यवसायबाट हुने आर्थिक स्तर बृद्धिकोबारे छोटो लेख प्रस्तुत गर<br>▪ गाउँमा भएका सार्वजनिक सेवाका निकायहरू के के छन् सूची बनाई तिनीहरूको आवश्यकताबारे प्रस्ट पार | २९ घन्टी |

कक्षा ५

| क्षेत्र | विशिष्ट उद्देश्य /सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| भौगोलिक स्थितिको पहिचान | ▪ जिल्लाको भौगोलिक अवस्था भन्न<br>▪ हिमाली, पहाडी, लेक, बेंसी, मैदानी भाग छुट्याई परिचय दिन<br>▪ जिल्लाको नक्सा बनाई सिमाना छुट्याउन<br>▪ जिल्लाका प्रमुख सडक तथा मार्गहरू बताउन<br>▪ जिल्लाको हावापानी र माटाकोबारेमा सामान्य परिचय दिन<br>▪ भौगोलिक अवस्थाले गर्दा आइपर्न सक्ने चुनौतीहरू बताउन | ▪ नेपालको भौगोलिक, राजनितिक नक्सा<br>▪ जिल्लाको नक्सा र प्रमुख भौगोलिक क्षेत्रहरूको विवरण<br>▪ जिल्लाका गाविसहरूको नाम र परिचय<br>▪ जिल्लाका प्रमुख सडक, पैदल मार्गको नाम दुरी र क्षेत्रगत विवरण<br>▪ जिल्लाको हावापानी तथा माटोको सामान्य जानकारी, विवरण<br>▪ हिमाली क्षेत्र र बस्तीमा हुने कठिनाइहरूका बारेमा सामान्य जानकारी | ▪ नेपालको नक्सा प्रदर्शन गरी रसुवा जिल्लाको पहिचान गर्न सिकाउने<br>▪ जिल्लाको नक्सा प्रदर्शन गरी प्रमुख भौगोलिक स्थानहरू चिनाउने र त्यसमा छलफल गर्ने<br>▪ विद्यालयबाट देखिने हिमाल, पहाड वा मैदान देखाई  त्यससँग सम्बन्धित कथा, लेख, निबन्धबारे छलफल गर्ने<br>▪ जिल्लाका गाविसहरूको नामको सूची तयार गरी भन्न लगाउने<br>▪ नक्सामा प्रत्येक गाविसको सिमाना र भौगोलिक विवरण बताउने, त्यहाँको हावापानी कस्तो छ बताउने र भौगोलिक अवस्थाले गर्दा हुने फाइदा र बेफाइदाबारे कक्षामा छलफल गर्ने / गराउने<br>▪ हिमाल, पहाड, लेक, बेंसी, मैदानको परिचय दिई नक्साको सहयोगबाट प्रमुख सम्पदाहरू (जल सम्पदा, बन, खनिज, हिमाल)  कहाँ कहाँ पर्छन् पत्ता लगाउन सिकाउने<br>▪ जिल्लाका प्रमुख हिमालहरूको उचाइ, पैदल मार्ग आदिबारे छलफल गर्ने | ▪ जिल्लाको स्वतन्त्र नक्सा बनाऊ<br>▪ नक्सामा मुख्य स्थल हिमाल, पहाड, बेंसी मैदानको सङ्केत गर<br>▪ जिल्लाका गाविस हरूको नाम बताऊ<br>▪ आफ्नो गा.वि.स. को भौगोलिक परिचय, क्षेत्रफल, सिमाना र प्रमुख स्थलहरू बारे लेख  र कक्षामा छलफल गर<br>▪ राजधानीदेखि धुन्चेसम्मको सडक मार्गको नाम, दुरी र बाटोमा पर्ने प्रमुख स्थानहरू बताऊ<br>▪ जिल्लाका प्रमुख हिमालहरूको छोटो परिचय देऊ | १५ घन्टी |
| स्थानीय वातावरण, वनस्पति, पशुपन्छीहरूको पहिचान र संरक्षण | ▪ जिल्लाका प्रमुख प्राकृतिक सम्पदाहरू (जल, जमिन, जङ्गल, खनिज पदार्थ) को जानकारी दिन<br>▪ स्थानीय वातावरणीय समस्याहरू बारे बुझ्न | ▪ रसुवा जिल्लाका प्राकृतिक सम्पदाहरूको परिचय (लाङटाङ, लिरुङ, गोसाईंकुण्ड, सूर्यकुण्ड, पार्वतीकुण्ड, रसुवागढी, त्रिशूली, भोटेकोसी, मैलुङ, चिलिमे, लाङटाङ नदी) | ▪ जिल्लाका प्राकृतिक सम्पदाहरूको सूची विवरण तयार गरी तिनीहरूको परिचय, महत्त्वबारे प्रस्तुत गर्ने, छलफल गर्ने (लाङटाङ, लिरुङ, गोसाईंकुण्ड, क्यान्जिन उपत्यका, सुर्यकुण्ड, पार्वतीकुण्ड, रसुवागढी, त्रिशुली, भोटेकोसी, मैलुङ, लाङटाङ नदी) | ▪ जिल्लाका प्रमुख प्राकृतिक सम्पदाहरूको सूची तयार गर<br>▪ लाङटाङ राष्ट्रिय निकुन्ज को छोटो परिचय दिई त्यहाँ पाइने पशुपन्छीहरू के के हुन लेख | ३६ घन्टी |

| क्षेत्र | विशिष्ट उद्देश्य /सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | ■ प्राकृतिक प्रकोप (भूक्षय, बाढी, पहिरो)बारे बताउन<br>■ प्राकृतिक सम्पदाहरूको संरक्षणबारे बताउन<br>■ स्थानीय वातावरण, मौसम, जलवायु सम्बन्धी बुझ्न<br>■ स्थानीय क्षेत्रमा प्रयोग हुने ऊर्जाका स्रोतहरूको पहिचान गर्न र महत्त्व बुझ्न | ■ वातावरणीय समस्याहरू (स्थानीय, विश्वव्यापी)<br>■ लाङटाङ राष्ट्रिय निकुञ्जको परिचय, यस क्षेत्रमा पाइने प्रमुख, पशुपन्छी, वनस्पती तथा जडीबुटीहरू<br>■ प्राकृतिक सम्पदाहरूको हालको अवस्था र संरक्षणका उपायहरू (जनचेतना, जनपरिचालन, सरसफाइ, पहरा, वृक्षरोपण आदि)<br>■ संरक्षणविद् तथा संरक्षणमा काम गर्ने सङ्घसंस्थाहरूको जीवनी र प्रेरणा | ■ स्थानीय क्षेत्रमा हुने वातावरणीय समस्याहरू वनविनास, डडेलो, चोरी सिकारीका बारेमा छलफल गर्ने र त्यसबाट वातावरणमा पर्न सक्ने असरहरूकोबारेमा छलफल गर्ने/गराउने<br>■ लाङटाङ राष्ट्रिय निकुञ्जको परिचय, क्षेत्रफल, प्रमुख स्थानहरूबारे नक्सा सहित प्रस्तुत गर्ने, छलफल गर्ने<br>■ लाङटाङ राष्ट्रिय निकुञ्ज र आसपासका जङ्गलहरूमा पाइने प्रमुख वनस्पती, जडीबुटी, पशुपन्छीहरूको सूची बनाई प्रस्तुत गर्ने (सल्लो, धूपी, गुरास, उत्तिस, तेजपत्र, भोजपत्र, चिराइतो, पाँचऔंले, बोझो, टिमुर, अमला, बजदन्ती, यार्सागुम्बा, हाब्रे, हिम चितुवा, भालु, थार, याक, घोरल, डाँफे, मुनाल, कालिज, आदि)<br>■ स्थानीय वनस्पति र वन्यजन्तुको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिको जीवनी, उसले गरेका महत्त्वपूर्ण कामहरू र उसबाट हामीले लिनुपर्ने प्रेरणाका बारेमा छलफल: जस्तै: लाङटाङको रेडपान्डाको बारेमा विश्वमा परिचित गराउने डा. प्रल्हाद योञ्जनको जीवनीबारे छलफल<br>■ नजिकको वन क्षेत्रको भ्रमण गराई त्यहाँका बोटबिरुवा, जडीबुटी र देखिएका पशुपन्छीहरू टिपोट गर्न लगाई छलफल गर्ने<br>■ प्रमुख जडीबुटीको परिचय गराई (नक्सा सहित) फाइदा बताउने | ■ यस क्षेत्रमा पाइने प्रमुख जडीबुटीहरू के के हुन र तिनको महत्त्व लेखी कक्षामा छलफल गर<br>■ आफू बसेको गाउँ वा स्थानीय क्षेत्रमा भएको वनको अवस्था कस्तो छ ? यदि वन बिनास बढ्दो छ भने त्यसो हुनका कारणहरू के के हुन्<br>■ हाम्रा प्राकृतिक सम्पदाहरू संरक्षण गर्न के के गर्नुपर्दछ<br>■ मौसम भनेको के हो ?<br>■ यस क्षेत्रमा बढी पानी पर्ने र हिउ पर्ने महिनाहरू कुन कुन हुन् ?<br>■ आफ्नो घर तथा विद्यालय क्षेत्र सफा राख्न गर्न सकिने उपायको बारेमा चर्चा गर<br>■ वायु प्रदुषणका असरहरूबारे चर्चा गर<br>■ डडेलो र वनविनाशबारे लेख | |

| क्षेत्र | विशिष्ट उद्देश्य /सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | | ▪ मौसम, जलवायु, जलवायु परिवर्तन<br>▪ स्थानीय ऊर्जा र प्रयोग | ▪ प्राकृतिक सम्पदाहरूको संरक्षणमा गरिएका प्रयासहरू र गर्नुपर्ने, गर्न सकिने उपायहरू (डढेलो, जथाभावी वन फडानी, भूक्षय, बाढीपहिरो, चोरी सिकारी आदि रोक्ने) बारेमा कार्ययोजना बनाई छलफल गर्ने<br>▪ स्थानीय मौसम, जलवायु, हावापानी (शीतोष्ण, समशीतोष्ण, हिमाली आदि) बारे बताई जलवायु परिवर्तन, असरबारे छलफल गर्ने<br>▪ ऊर्जाको परिचय दिने<br>▪ ऊर्जाका स्रोतहरू (नवीकरणीय, अनवीकरणीय)<br>▪ प्रयोगको आधारमा हुने ऊर्जाहरू: परम्परागत ऊर्जा, वैकल्पिक ऊर्जा<br>▪ स्थानीय स्तरमा प्रयोग हुने ऊर्जाका स्रोतहरू: दाउरा, विद्युत्, सूर्य, गोबरग्याँस, आदि<br>▪ ऊर्जाको महत्त्वबारे छलफल गर्ने | | |
| स्थानीय ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भाषिक सम्पदाको पहिचान र संरक्षण | ▪ स्थानीय ठाउँका मठमन्दिर, गुम्बा, विहार, चर्चको पहिचान गरी महत्त्व र संरक्षणबारे भन्न<br>▪ जिल्लाका प्रमुख ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको पहिचान गरी महत्त्व भन्न र संरक्षणमा सहयोग गर्न<br>▪ स्थानीय भाषाको प्रचलन, महत्त्व र लिपिबारे बताउन | ▪ स्थानीय ठाउँका मठमन्दिर, गुम्बा, विहार, चर्च मस्जिदको परिचय, महत्व<br>▪ जिल्लाका प्रमुख ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू गोसाईकुण्ड, पार्वतीकुण्ड, रसुवागढी, तातोपानी, उत्तरगया आदिको परिचय र महत्व<br>▪ स्थानीय मातृभाषा तामाङ, तिब्बती भाषाको परिचय, प्रचलन, लिपि र महत्वबारे जानकारी | ▪ स्थानीय सांस्कृतिक सम्पदा, मठमन्दिर, गुम्बा, चर्च, विहार, घ्याङको विवरण सङ्कलनको परियोजना कार्य गराउने र प्राप्त विवरणको समूह छलफल गर्ने<br>▪ स्थानीय सांस्कृतिक सम्पदाहरूको (स्थलहरूको) भ्रमण गराउने, तिनीहरूको परिचय दिने र स्थानीय विज्ञद्वारा जानकारी, महत्त्व, संरक्षणका लागि गरिएका प्रयासबारे छलफल गर्ने गराउने<br>▪ रसुवागढी, गोसाईकुण्ड, उत्तरगया लगायत जिल्लाका प्रमुख ऐतिहासिक तथा सांस्कृतिक स्थलहरूको विवरण प्रस्तुत गरी तिनको परिचय, त्यहाँ लाग्ने मेला, जात्रा पर्वको बारेमा बताइदिने र महत्त्वबारे छलफल गर्ने | ▪ स्थानीय क्षेत्रमा रहेका मठमन्दिर, गुम्बा, चर्च, विहार, घ्याङको विवरण तयार गर<br>▪ स्थानीय ठाउँका मठमन्दिर, गुम्बा आदिमा लाग्ने मेला, जात्रा कहिले र कहाँ लाग्दछन् ?<br>▪ ल्होसार र माने जात्रामा गरिने क्रियाकलापहरूबारे बताऊ<br>▪ जिल्लाका प्रमुख ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको सूची तयार गरी महत्त्वबारे लेख | २८ घन्टी |

| क्षेत्र | विशिष्ट उद्देश्य /सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | ▪ जिल्लाका प्रचलित मेलापर्व, चाड, जात्राहरूको परिचय दिन | ▪ स्थानीय भाषा, धर्म, संस्कृति र सम्पदाहरूको संरक्षण, जनचेतना, जागरण, सरोकार समुह, समुदाय परिचालन | ▪ स्थानीय मेला वा जात्रामा अवलोकन भ्रमण गराई त्यहा भएका क्रियाकलापबारे टिपोट गर्न लगाउने र समूहगत छलफल गर्ने<br>▪ स्थानीय भाषाको परिचय, लिपि, त्यसको प्रचलन र प्रयोगबारे सहपाठी सिकाई क्रियाकलाप सञ्चालन गर्ने, निष्कर्ष दिने<br>▪ ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको महत्त्व र संरक्षणको आवश्यकताबारे बताइदिने<br>▪ ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षणका लागि स्थानीय स्तरमा गर्न सकिने क्रियाकलापहरू, सरोकार समूह तथा समुदायको सहयोगबारे छलफल गर्ने | ▪ स्थानीय तामाङ भाषाको परिचय देऊ र भाषाको प्रवर्धनका लागि के के गर्नुपर्दछ लेख<br>▪ सांस्कृतिक सम्पदाको ५ ओटा महत्त्वहरू लेख<br>▪ रसुवागढीको परिचय देऊ<br>▪ सांस्कृतिक सम्पदाहरूको संरक्षणमा कोको जिम्मेवार हुनुपर्दछ र संरक्षणका लागि हामीले के गर्नुपर्दछ ? | |
| सामाजिक मूल्य मान्यता र सकरात्मक व्यवहार | ▪ अतिथि सत्कार गर्न<br>▪ बालक्लबहरूमा सहभागी भएर काम गर्न<br>▪ सार्वजनिक कार्य, सेवामा पालो पर्खन र सहभागिता जनाउन<br>▪ सामाजिक नियमकानुन र मर्यदाको पालन गर्न<br>▪ मिहिनेत गर्न र श्रमको सम्मान गर्न<br>▪ सामाजिक सहिष्णुता कायम गर्न सहयोग गर्न<br>▪ बाल बालिका, अपाङ्ग, रोगी, वृद्ध, असहायको सहयोग गर्न | ▪ घरपरिवारका मान्यजन, आफन्तहरू, गुरुको मानमर्यदा सम्बन्धी कथा, कबिता, निबन्ध, लेख आदि (श्रवणकुमार, एकलव्य आदिको कथा)<br>▪ अतिथि सत्कारमा स्थानीय मानिसले गर्ने क्रियाकलापहरू, लेख, प्रबन्ध, निबन्ध<br>▪ विद्यालयको नियम, विद्यार्थी अनुशासन र आचारसंहिता सम्बन्धी जानकारी<br>▪ बालक्लब, जुनियर रेडक्रस, स्काउट, लैङ्गिक क्लबहरूको परिचय, महत्त्व र कार्यहरू | ▪ श्रवणकुमार, एकलब्यका कथाको छलफल र निष्कर्ष दिने<br>▪ अतिथि सत्कार (कृष्ण सुदामा कथा) को महत्त्व र समाजमा पर्ने प्रभावका बारेमा छलफल र निष्कर्ष दिने<br>▪ आफ्नो गाउँघरमा पाहुनालाई गरिने सत्कारका क्रियाकलापबारे छलफल गर्ने गराउने<br>▪ विद्यार्थी अनुशासन, आचारसंहिता र यसको महत्त्वबारे प्रस्तुत गर्ने<br>▪ बालक्लब स्थापना, सञ्चालन, महत्त्व, व्यवस्थापनबारे छलफल गर्ने अनुभव आदान प्रदान गर्ने<br>▪ स्थानीय समुदायका काम, निति नियम प्रदर्शन गर्ने, छलफल गर्ने<br>▪ रेडक्रस, स्काउट लगायत सामाजिक संस्थाहरूको काम कर्तव्य प्रवाह गर्ने | ▪ कृष्णले सुदामालाई किन आदर गरे ?<br>▪ तिम्रो घरमा आउने मान्यजन तथा पाहुनासँग तिमी कस्तो व्यवहार गर्छौ ?<br>▪ बिद्यालयका ५ ओटा नितिनियमबारे उल्लेख गर<br>▪ विद्यार्थी अनुशासनको महत्त्वबारे लेख<br>▪ बाल क्लबले गर्ने कार्यहरू के के हुन् ? यसले विद्यार्थीलाई पुग्ने फाइदाहरूबारे चर्चा गर | २० घन्टी |

| क्षेत्र | विशिष्ट उद्देश्य /सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | | ■ सामाजिक नियमहरू, सकरात्मक सन्देश दिने किसिमका लेख, चाडपर्व, सामाजिक कार्यहरूबारे जानकारी<br>■ परिश्रम, मेहनतको महत्त्व र सकारात्मक सन्देश दिने किसिमका कथा, कविता<br>■ सामाजिक कार्यहरू (मेला, पूजा, बाटो पाटीपौवा निमार्ण, चाडपर्व) मा सहभागिता | ■ सामाजिक कार्यमा सहभागिता जनाई सहयोग गर्न उत्प्रेरणा मिल्ने किसिमको लेख, भूमिका अभिनय गर्न लगाउने<br>■ विद्यालय वरिपरि सरसफाइ तथा वृक्षरोपण अभियानमा सहभागी गराउने<br>■ परिश्रम, मिहिनेतबाट नै मानिसलाई फाइदा पुग्छ, कामको सम्मान गर्नुपर्दछ भन्ने बुझाउन भानुभक्तको पालामा घाँसीले कुवा खनेको कथाबारे छलफल गर्ने/गराउने<br>■ स्थानीय सार्वजनिक सम्पदाको सरसफाइ गर्न लगाउने | ■ स्थानीय समुदायका नीतिनियमहरू के के हुन् ?<br>■ रेडक्रसका ५ ओटा आदर्श सिद्धान्तहरू के के हुन् ?<br>■ हामीले कस्ता मानिसलाई विशेष सहयोग गर्नुपर्दछ ?<br>■ सामाजिक सहभागिता भनेको के हो ? | |
| स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | ■ जिल्लाका प्रमुख उद्योग व्यवसायहरूको पहिचान गरी परिचय दिन र तिनीहरूको महत्त्व बताउन<br>■ स्थानीय व्यवसाय, उद्योगबाट उत्पादित बस्तुको बजार व्यवस्थापनका उपाय बताउन<br>■ स्थानीय क्षेत्रमा गरिएका नमुना व्यवसायको खोजी गरी त्यसबाट देशलाई पुग्ने आर्थिक योगदानका बारेमा बताउन<br>■ पर्यटन, पर्यापर्यटन व्यवसायबारे बताउन | ■ स्थानीय कृषिमा आधारित व्यवसाय र गैर कृषिमा आधारित व्यवसायको परिचय<br>■ स्थानीय व्यवसाय (सिलाइबुनाइ, डेरी, काष्टकला, मूर्तिकला, फर्निचर, मिल, घट्ट) को परिचय<br>■ अन्य व्यवसाय (होटल, पथप्रदर्शन, बेकरी, किराना, फलफुल तरकारी पसल, कपडा, शृङ्गार, ईलेक्ट्रिक, भाडापसल आदि)<br>■ जागीर/सेवा/प्राविधिक जनशक्ति, कानुन व्यवसायको परिचय, तालिम केन्द्रहरू | ■ स्थानीय जिल्लामा गरिने कृषि व्यवसाय (अन्नबाली, फलफुल तरकारी खेती, पशुपालन, माछापालन, मौरीपालन, जडीबुटी खेती, दलहन खेती) को सूची निर्माण गरी तिनीहरूको परिचय र छलफल गर्ने<br>■ व्यावसायिक रूपमा सन्चालन भइरहेका साना तथा मझौला व्यवसाय (सिलाइबुनाइ, डेरी, काष्टकला, मूर्तिकला, फर्निचर, मिल, घट्ट आदिको) विवरण, परिचय, महत्त्व र फाइदाबारे जानकारी दिने छलफल गर्ने<br>■ स्थानीय व्यवसायिक क्षेत्र (घट्ट, मील, चिज उद्योग, राडीपाखी उद्योग, फर्निचर, बेकरी, विद्युत् केन्द्र) को अवलोकन भ्रमण गराई त्यहाँका उत्पादन क्रियाकलापबारे प्रतिवेदन बनाउन लगाई छलफल गर्ने<br>■ पर्यटन व्यवसायअन्तर्गत प्रमुख पर्यटन क्षेत्र, होटल, पथप्रर्दशन कार्यहरूको विवरण साथ स्थानीय पेसा व्यवसायीसँग अन्तरक्रिया गर्ने | ■ गाउँमा सञ्चालित उद्योग व्यवसायहरूको सूची बनाऊ<br>■ जडीबुटी खेतीका फाइदाहरू के के हुन् ?<br>■ पर्यटन व्यवसाय बाट हुने फाइदा र महत्त्वका बारेमा प्रस्ट पार<br>■ तिम्रो गाउँका मानिसहरूले गर्ने पेसा व्यवसायको विवरण तयार गर<br>■ तिम्रो गाउँमा कुन कुन प्राविधिक सिप भएका मानिसहरू बस्छन् ?<br>■ स्थानीय क्षेत्रमा भएको विद्युत् उत्पादन केन्द्र वा पानीघट्ट वा मीलको बारेमा लेखी कक्षामा छलफल गर | २९ घन्टी |

| क्षेत्र | विशिष्ट उद्देश्य /सिकाइ उपलब्धि | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| | | ▪ पर्यापर्यटनको परिचय<br>▪ रसुवाका प्रमुख पर्यटकीय गन्तव्य स्थलहरू | ▪ स्थानीय क्षेत्रमा भएको तर परिचित कुनै एक उत्पादनको पुरै बन्ने प्रक्रियाका बारेमा छलफल गरी पोष्टर बनाउने र कक्षाका टाँस्ने, जस्तैः चिज बनाउने प्रक्रिया<br>▪ पेसा व्यवसाय बाट ग्रामीण जनतामा हुने आर्थिक फाइदा र जीवनस्तर उन्नतिबारे हुने फाइदाबारे छलफल गर्ने<br>▪ स्थानीय जिल्ला/गाउँका सेवामूलक क्षेत्रमा भ्रमण गराई सूची तयार पार्न लगाउने र सेवा कार्यबारे छलफल गर्ने<br>▪ गाउँमा रहेका प्राविधिक क्षेत्रको विवरण र अन्तरक्रिया<br>▪ प्रकृतिसँग सम्बन्धित रहेर हुने पर्यटन नै पर्यापर्यटन हो भन्ने सिकाउन नजिकैको प्राकृतिक स्थलको भ्रमण गराउने र त्यसको महत्त्वको विषयमा छलफल गर्ने<br>▪ लाङटाङ तथा आसपासका क्षेत्रमा हुने पर्यापर्यटनले कसरी फाइदा पुऱ्याएको छ त्यस विषयमा छलफल गर्ने/गराउने | ▪ गाउँका मानिसहरूको प्रमुख आम्दानीका स्रोतहरू के के हुन् ?<br>▪ गाउँ तथा जिल्लामा रहेका सेवामूलक संस्थाहरूको सूची बनाऊ र ती संस्थाहरूले जनतामा कुन कुन सेवा प्रदान गरेका छन् ?<br>▪ पेसा व्यवसायबाट मानिसको जीवनमा पार्ने सकरात्मक प्रभाव तथा आर्थिक उन्नतिबारे बताऊ<br>▪ पर्यापर्यटन भनेको के हो ? | |

**नोटः** अनुसूची ४ र ५ वातावरण संरक्षण शिक्षा, चितवन र लाङटाङको सेरोफेरो स्थानीय निकायको समन्वयमा वन्यजन्तु संरक्षण संघ नेपालले तयार गरेको हो ।